कसीमा निजी विद्यालय

कसीमा निजी विद्यालय

कसीमा निजी विद्यालय

सम्पादन
झलक सुवेदी

शिक्षा पत्रकार समूह

एक्सन एड नेपाल

कसीमा निजी विद्यालय

प्रकाशक
शिक्षा पत्रकार समूह
अनामनगर, काठमाडौं, नेपाल
फोनः ४२५७६५५, फ्याक्सः ४२१८६८६
इमेलः info@ejg.org.np
वेवसाइटः www.ejg.org.np

सम्पादक
झलक सुवेदी

© शिक्षा पत्रकार समूह र एक्सन एड नेपाल

लेआउट
विपेन्द्र धिमिरे

शुद्धाशुद्धी
यादव थपलिया

आवरण
वासु क्षितिज

ISBN: 978-99378068-0-0

मूल्य रू. २००/-

प्रथम संस्करणः वैशाख २०६५

सङ्ख्याः १००१ प्रति

शब्दघर अपसेट प्रेस, काठमाडौं (☎ ४७७०७१४) द्वारा मुद्रित

विषयसूची

निजी विद्यालयमा पहुँच र सरोकारवालाको भूमिका

▶ एमडी कुलुङ (११)

गुणस्तरीय शिक्षा : बुझाइ आ-आफ्नै

▶ माधव ढुङ्गेल (३१)

समताका दृष्टिले निजी विद्यालय

▶ राजाराम गौतम (४७)

व्यवस्थापनमा पनि निजी

▶ सुदर्शन सिग्देल (६१)

शिक्षामा उदारीकरण र विश्वव्यापार सङ्गठनको प्रभाव

▶ रघुनाथ लामिछाने (७९)

निजी विद्यालयबाट उत्पादित जनशक्ति : अपेक्षा र अवस्था

▶ प्रकाश सिलवाल (९९)

निजी विद्यालय र राजनीतिक दल

▶ श्रीधर पौडेल/अनिल क्षेत्री (१०७)

नेपालका निजी विद्यालयमा 'इनोभेसन'

▶ कञ्चन अधिकारी (१२३)

प्रकाशकीय

शिक्षा समाज रूपान्तरणको पूर्वशर्त हो । समाजको रूपान्तरण एउटा निरन्तर प्रक्रिया भए पनि यो कहिले तीव्र बन्छ अनि कहिले सुस्त । नेपाल यतिबेला तीव्र परिवर्तनको क्रममा छ । यो तीव्रता लगभग सन् १९५० पछि सुरु भएको शिक्षाको बिस्तारको परिणाम हो । राज्यको पुनःसंरचना र पुरानोसँग सम्बन्धबिच्छेदको सन्दर्भ चलिरहँदा शिक्षा क्षेत्र छुटाउन नमिल्ने बहसको विषय हो ।

नयाँ नेपालको राजनीतिक नेतृत्वले अबको शिक्षा नीति कस्तो हुने भन्नेबारे के कस्ता विचार अगाडि सारेको छ । शिक्षा क्षेत्रका विशेषज्ञ र सरोकारवालाको दृष्टि कस्तो छ, भन्नेबारे पर्याप्त सूचना र सन्दर्भ सामग्री उपलब्ध हुनु जरूरी छ । यो प्रकाशन त्यसैलाई सहयोग पुऱ्याउने उद्देश्यले प्रेरित छ ।

यस अगाडि शिक्षा पत्रकार समूहले नेपालका निजी विद्यालयसम्बन्धी एउटा अध्ययन प्रतिवेदन तयार पारेको थियो । यस विषयमा सम्भवतः यो पहिलो अध्ययन हो । त्यसैमा आधारित रहेर शिक्षालाई बीट बनाएर पत्रकारिता गरिरहेका आठ जना पत्रकारहरूको लेख-रिपोर्टिङहरू समावेश गरी यो पुस्तक तयार भएको हो । यस पुस्तकको प्रमुख ध्यान नेपालका निजी विद्यालयबारे विभिन्न आयामबाट अध्ययन गर्नुमा छ ।

'शिक्षा' सरकार, समुदाय, परिवार र निजी क्षेत्रमा विभक्त सामूहिक जिम्मेवारीको क्षेत्र बन्दै आएको छ । तर पनि पछिल्लो समयमा निजी क्षेत्रका विद्यालयहरूको भूमिका बढ्दै गएको र यसले गुणस्तर वा विद्यार्थी उत्तीर्ण प्रतिशत सकारात्मक योगदान दिएको छ भने सरकारी विद्यालयप्रतिको आकर्षण घट्दै गएको सन्दर्भमा निजी विद्यालयहरू बहसको केन्द्रमा छन् । शिक्षा राज्यको दायित्व हो कि परिवारको भन्ने कुरा विबादको विषय बन्नु र निजी विद्यालयका सञ्चालकहरूले जोडेको धन तथा सर्वसाधारण अभिभावकले गुमाएको आम्दानीका कारण उत्पन्न समस्याका कारण पनि यो बहस बढेको हो । उता सरकारी लगानीका दृष्टिले राज्यको लगानी भएको सरकारी विद्यालयको उत्पादन र निजी विद्यालयको उत्पादनबीच अवसर प्राप्तिमा बढ्दो असमानताका कारण पनि यो बहस उठेको छ । प्रस्तुत पुस्तकमा बिभिन्न लेखकहरूले यी सन्दर्भलाई केलाउने प्रयत्न गरेका छन् ।

'निजी विद्यालयमा पहुँच र सरोकारवालाहरूको भूमिका' शीर्षक लेखमा एमडी कुलुङ्गले नेपालमा निजी विद्यालयको स्थापनाको इतिहास, विकासक्रम तथा त्यसमाथि विभिन्न वर्गको पहुँचबारे खोतल्ने प्रयास गरेका छन् । कसरी अभिभावकहरू निजी विद्यालयप्रति आकर्षित हुन्छन् भन्नेबारे समेत उनले उदाहरण र सन्दर्भहरू उल्लेख गरेका छन् । माधव दुङ्गेलले शिक्षाको गुणस्तर र त्यसमा निजी विद्यालय, परिवार र समाजका दृष्टिकोण र अवस्थाबारे केलाएका छन् । उता सुदर्शन सिग्देलले निजी विद्यालय कसरी सीमित वा एकल व्यक्तिको निजी फर्म बन्दैछन् भन्ने कुरा देखाएका छन् । राजाराम गौतमले निजी विद्यालयले बढाउँदै लगेको असमानताबारे छिद्रान्वेशी ढङ्गले पर्गेल्ने प्रयास गरेका छन् । रघुनाथ लामिछानेले 'शिक्षामा उदारीकरण र विश्वव्यापारीकरणको प्रभाव' मा पछिल्लो विश्वव्यापीकरण

र उदारीकरणको लहरले शिक्षामा परेको प्रभाव तथा नेपालमा त्यसको सम्भावित परिणमबारे सबिस्तार चर्चा गरेका छन् । त्यसैगरी प्रकाश सिलवालले सामाजिक जीवनका बिभिन्न अङ्गका निजी क्षेत्रको उत्पादनको योगदानबारे खोजतलास गरेका छन् । उता राजनीतिक दलहरूले शिक्षा बारेमा अपनाएका दृष्टिकोण र व्यवहारबारे श्रीधर र अनिलले अध्ययन गरेका छन् भने 'नेपालका निजी विद्यालयको इनोभेसन' लेखमा कञ्चन अधिकारीले इनोभेशनको चित्र कोर्ने जमर्को गरेका छन् । समग्रमा यो सङ्ग्रहले नेपालका निजी विद्यालय र निजीकरण गरिएको शिक्षामा बिभिन्न आयामबारे पाठकलाई सूचित गर्ने आशा राखेको छ ।

अन्तमा, सङ्ग्रहको रूपमा प्रकाशन गर्नुपूर्व नेपालमा निजी विद्यालयसम्बन्धी अध्ययनमा सहभागी टिम, विज्ञ र संलग्न साथीहरूप्रति आभार प्रकट गर्दछौं । यसैगरी, परामर्शदाता शिक्षाविद् डा. तीर्थराज खनियाँ, अध्ययन टोलीका संयोजक सुदर्शन घिमिरे, सम्पादक झलक सुवेदी र प्रकाशन सहयोगी एक्सनएड नेपाललाई धन्यवाद दिन चाहन्छौं । ■

शिक्षा पत्रकार समूह

निजी विद्यालयमा पहुँच र सरोकारवालाहरूको भूमिका

■ एमडी कुलुङ

नेपालको इतिहासमा शैक्षिक विकास नै हुनेखानेका पक्षबाट भएको देखिन्छ । विशेषगरी निजी लगानी वा प्रयासमा खोलिएका विद्यालयहरूको लक्ष्यित समूह नै हुनेखाने वर्ग हुन् तर आजभोलि निम्नमाध्यम तथा मजदुर वर्ग पनि निजी विद्यालयप्रति आकर्षित भइरहेका छन् ।

'जहाँ उच्च मात्रामा निरक्षरता छ, शिक्षकहरूको गैरहाजिरी छ त्यहाँ निजी विद्यालय जानेहरूको सङ्ख्या ठूलो छ, चाहे त्यो आर्थिक रूपमा कमजोर क्षेत्र नै किन नहोस् ।'

गीता जी. किङडन, अक्सफोर्ड विश्वविद्यालय
(जनमुखी शिक्षा, २०६३: ३०)

माथि उल्लेख गरिएको वाक्यांश भारतका केही क्षेत्रमा निजी विद्यालयको अध्ययनपश्चात् निकालिएको अध्ययनको निष्कर्ष हो । नेपालमा दुई खाले शिक्षा प्रणाली विद्यमान छ । निजी लगानीमा सञ्चालित निजी विद्यालय र सरकारी लगानीमा सञ्चालित विद्यालय अर्थात सामुदायिक विद्यालय । आर्थिक लगानीका दृष्टिले निजी र सामुदायिक वा सरकारी विद्यालयबीचको विशेषता छुट्टिन्छ । शिक्षा शास्त्रीय दृष्टिकोणले हेर्दा कुन निजी विद्यालय हो र कुन सामुदायिक वा सरकारी विद्यालय हो भन्ने विषयमा अन्यौल उत्पन्न हुनसक्छ । शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०४९ अनुसार सार्वजनिक विद्यालय र निजी विद्यालय गरी दुई प्रकारका विद्यालयहरूको व्यवस्था गरिएको छ । शिक्षा नियमावली २०४९ अनुसार सार्वजनिक विद्यालय श्री ५ को सरकारबाट सालबसाली अनुदान पाउने गरी स्वीकृति प्राप्त विद्यालय हो । यसरी नै शिक्षा ऐन २०२८ (पाँचौं संशोधन) अनुसार निजी क्षेत्रको विद्यालय श्री ५ को सरकारबाट अनुदान नलिने गरी स्वीकृति प्रदान गरिएको विद्यालय हो,' (भोमी २०५७: ८६) ।

यस आलेखमा चलनचल्तीमा रहेको 'बोर्डिङ स्कुल' भनेर चिनिने अर्थात व्यक्ति वा कुनै समूहले लगानी गरी सञ्चालन गरेको विद्यालयको बारेमा चर्चा गरिनेछ । निजी विद्यालयमा विद्यार्थीको पहुँच तथा निजी विद्यालयमा सरोकारवालाहरूका भूमिकाका बारेमा चर्चा गर्नु यस आलेखको मुख्य उद्देश्य हो ।

नेपालको शैक्षिक इतिहास निजी विद्यालयबाट सुरु भएको हो । तत्कालीन राणा प्रधानमन्त्री जङ्गबहादुर राणा वि. सं. १९०८ मा बेलायतको भ्रमणबाट फर्केपछि (देवकोटा २०५१:१९) दरबारमा राणा परिवारका छोराछोरीलाई अङ्ग्रेजी सिकाउने बहानामा अध्ययन-अध्यापनको सुरुवात गरेको र पछि दरबार हाइस्कुलको रूपमा (वि. सं. १९१०) विकास भएको इतिहास छ ।

अर्थात् नेपालको पहिलो विद्यालय नै दरबार हाइस्कुल हो । तथापि लामो समयसम्म त्यहाँ राणा परिवारका छोराछोरी तथा दरबारभित्रका आसेपासेका छोराछोरीले बाहेक अन्य नागरिकका छोराछोरीले प्रवेश पाउँदैनथे । त्यसपछि जनताकै पहलमा बिराटनगरमा आदर्श विद्यालय (वि. सं. १९८६) स्थापना भएको थियो । नेपालको राजनैतिक इतिहासमा कृष्णप्रसाद कोइरालाका तीन छोराहरू मातृकाप्रसाद कोइराला, विश्वेश्वरप्रसाद कोइराला र गिरिजाप्रसाद कोइराला प्रधानमन्त्री बने । त्यसमा कृष्णप्रसाद कोइरालाले स्थापना गरेको आदर्श विद्यालयको भूमिका महत्वपूर्ण रहेको थियो । यो विद्यालय पूर्णरूपमा निजी पहल र लगानीमा स्थापना भएको थियो (खनियाँ सन् २००७:२२१) । तर, यो विद्यालय मुनाफा आर्जनका दृष्टिले सञ्चालन नभएकोले आजका निजी विद्यालयसँग यसको तुलना गर्न मिल्दैन । धेरैको विश्वासअनुसार फर्पिङमा स्थापना भएको त्रिभुवन आदर्श विद्यालय नेपालको पहिलो निजी विद्यालय हो । मुलुकका विभिन्न क्षेत्रको बालबालिकासमेत पढ्न सक्ने गरी आवासीय सुविधासहितको उक्त विद्यालय स्थापना गरिएको थियो । यस विद्यालयले छोटो समयमा नै गुणस्तरीय शिक्षाका लागि ख्याती कमाएको थियो (खनियाँ सन् २००७:२२१) ।

नेपालको शैक्षिक इतिहास भने एकरूपताको पाईँदैन । खासगरी निजी विद्यालयका बारेमा यस्ता अन्यौलताहरू बढ्ता रहेको देखिन्छ । प्याब्सनका पूर्ववरिष्ठ उपाध्यक्ष बाबुराम पोखरेलका अनुसार ऐतिहासिक रूपमा नेपालमा निजी विद्यालयहरू राणाकालमा लागू गरिएका इस्तिहार (शैक्षिक ऐन) को अधिनमा रही वि. सं. १९९६ मा माधवराज शास्त्रीलगायतका शिक्षाप्रेमी विद्वान्हरूको अग्रसरतामा स्थापना गरी सञ्चालन गर्न सुरु गरिएको थियो । वि. सं. २००५ सालमा निजीक्षेत्रबाट काठमाडौंमा नेपालको पहिलो मन्टेश्वरी स्कुल (पूर्वप्राथमिक) तथा वि. सं. २००६ मा फादर मोरानको सक्रियतामा सथापना भएको सेन्ट जेभियर्स स्कुल (ललितपुर) हो (पोखरेल, २०५९) । सन् १९५० को राजनीतिक परिवर्तनपछि नेपाली जनताका बालबालिकाका लागि पनि विद्यालय खोलिन लागे । स्वतःस्फूर्तरूपमा जनताकै पहलमा, आफ्नै लगानीमा विद्यालय खुल्न थाले, तिनीहरूले सरकारको योजना पर्खेर बसेनन् (खनिया २०५७:२२०) ।

शिक्षा ऐन (२०२८) लागू हुनु अघि नेपाली शिक्षामा समुदायको सक्रिय सहभागिता रहेको थियो । सरकारको लगानीमा नभई निजी/समुदायकै लगानीमा विद्यालयहरू खुलेका थिए । वि. सं २०२८ अघि सबै विद्यालयहरू निजी थिए र यसअघि त्यस्ता विद्यालयलाई निजी विद्यालय भन्न नसक्दा गैरसरकारी विद्यालय (Non-Governmental School) भनिन्थे ।[१] तर ती समयका विद्यालयहरू अहिलेको जस्तो व्यक्ति वा समूहको लगानी र सहभागितामा नभई समुदायको लगानी र सहभागितामा सञ्चालन हुन्थे । त्यसबेला सञ्चालनमा रहेका विद्यालयहरू सामुदायिक विद्यालय हुन् ।

शिक्षा ऐन २०२८ लागू भएपछि समुदायद्वारा सञ्चालित विद्यालयहरू सरकारीकरण भए । तर, वि सं. २०३६ सम्म आइपुग्दा सरकारले मात्र सबै बालबालिकालाई विद्यालय शिक्षा दिन नसक्ने महसुस गरेर विद्यालय शिक्षामा निजी क्षेत्रको प्रवेशलाई सहज बनाइएको हो । अर्थात व्यक्ति वा समूहको लगानीमा विद्यालयहरू सञ्चालन हुन थालेका हुन् । २०२८ सालमा सबै निजी एवं सामुदायिक विद्यालयहरूलाई राष्ट्रियकरण गरी सार्वजनिक विद्यालय बनाइयो । तर निजी विद्यालयहरूले कायम गरिसकेको छुट्टै पहिचान र अभिभावक एवं विद्यार्थीहरूलाई सन्तुष्ट गराउन सक्नेसम्मको गुणस्तर राष्ट्रियकरण भएका विद्यालयहरूले दिन नसकेको महसुस गरी २०३७ सालमा शिक्षा नियमावली संशोधन गरी सरकारीकरण गरिएका निजी विद्यालयहरूलाई पुनः निजी क्षेत्रमै सञ्चालन गराउने कानुनी व्यवस्था गरियो (नेपाल, २०६३:३१) । शिक्षा ऐन २०२८ का अनुसार विद्यालयको हकको सम्पत्ति कसैको व्यक्तिगत सम्पत्ति नभई सार्वजनिक सम्पत्ति हुन गयो । फेरि सरकारकै पूर्ण निर्देशन र नियन्त्रणमा केही निश्चित अवधिका लागि निजी विद्यालयहरू सञ्चालन गर्न अनुमति दिने व्यवस्था पनि भयो (भोमी २०५७:८४) । शिक्षा नियमावलीको सातौं संशोधन २०३७ अनुरूप व्यक्ति वा संस्थाले आवसीय वा निजी स्रोतबाट सञ्चालन हुने विद्यालय खोल्न पाउने व्यवस्था पुनःस्थापित गरियो (भोमी २०५७: ८५) । यसपछि भने स्पष्टरूपमा सरकारी/सामुदायिक र निजी स्कुलको नाममा दुई प्रकारका विद्यालयहरू सञ्चालन हुँदै आएका छन् । तर शिक्षा नियमावली २०२८

---

१ तीर्थराज खनियाँ, शिक्षाविद् (कुराकानीमा आधारित) ।

(सातौं संशोधन २०५८) ले निजी विद्यालयहरूलाई पनि कम्पनी ऐन र गुठी ऐन अन्तर्गत बस्न नियमावली बनाएको छ ।

निजी विद्यालयमा पहुँच

पहुँच शब्दको प्रयोग अङ्ग्रेजी शब्द Access को समानार्थी शब्दको रूपमा प्रयोग भएको पाइन्छ । नेपालको विद्यालय शिक्षामा पनि पहुँच वा Access शब्द बारम्बार प्रयोग हुँदै आएको छ । नेपाली बृहत् शब्दकोश (वि. सं. २०५८) ले 'पहुँच' शब्दको अर्थ कुनै व्यक्ति वा वस्तु कतै पुग्ने काम, निश्चित लक्ष्यसम्मको जवाइ, कुनै ठाउँ वा विषयसम्म पुग्ने शक्ति, गति, प्रवेश, वा कुनै कुरो राम्ररी बुझ्ने शक्ति आदि भनेर व्याख्या गरेको छ । व्याकरणिक हिसाबले Access को प्रयोग नाम र क्रियाको रूपमा हुन्छ । अङ्ग्रेजी-नेपाली शब्दकोश (दीक्षित, २०५५) ले Access को नेपाली समानार्थी शब्द 'पहुँच, आवेश, प्रवेश, हेर्ने अधिकार' उल्लेख गरेका छन् । अङ्गेजी शब्दकोश क्याम्ब्रिज (सन् २००३) ले Access को अर्थ The method or possibility of approaching a place or person भनेर व्याख्या गरेको छ । त्यसैगरी Oxford Dictionary Thesaurus & WordPower Guide (2003) ले Access को अर्थ The means or opportunity to approach or enter a place, the right or opportunity or use something or see someone भनी उल्लेख गरेको छ । तसर्थ अङ्ग्रेजीको Access र नेपालीमा प्रयुक्त पहुँच शब्दको अर्थ एकै हो भन्ने बुझिन्छ ।

शैक्षिक सन्दर्भमा हेर्दा Access वा पहुँचको अर्थ विद्यालयमा विद्यार्थी, अभिभावक तथा अन्य सरोकारवालाहरू (विशेषगरी शिक्षक, समुदाय) को पहुँच कसरी छ वा कुन अवस्थामा छ भन्ने बुझ्नु सान्दर्भिक हुनेछ ।

नेपालको इतिहासमा शिक्षाको विकास नै हुनेखानेका पक्षबाट भएको देखिन्छ । विशेषगरी निजी लगानी वा प्रयासमा खोलिएका विद्यालयहरूको लक्षित समूह नै हुनेखाने वर्ग हुन् तर आजभोलि निम्नमाध्यम तथा मजदुर वर्ग पनि निजी विद्यालयप्रति आकर्षित भइरहेका छन् । चितवनको दुर्गम गाउँकी सोल्टीमाया चेपाङ छोरालाई निजी विद्यालयमा पढाउनकै लागि परिवारसहित काठमाडौमा बस्छिन् । उनले कमाएको मासिक पारिश्रमिकले महिना गुजार्न धौ-धौ पर्छ । सन् २००३ मा उनीहरूले ऋण काढेर छोरालाई

निजी विद्यालयमा भर्ना गराए । उनी काठमाडौंमा बस्नुको मुख्य कारण छोराको पढाइ नै हो र उनीहरू छोरालाई कुनैपनि हालतमा सरकारी विद्यालयमा पढाउन चाहदैनन् । उनी भन्छिन्, यो छोरालाई पहाड लिएर जानु भनेको यसलाई सरकारी विद्यालयमा भर्ना गर्नु हो, जुन म कदापि गर्न चाहन्नँ (भट्टराई २०६३:७५) ।

नयाँ विद्यालय खुल्नुको अर्थ भौगोलिक दूरी वा कठिनाइका कारण विद्यालयमा आउन नसकेका बालबालिकालाई विद्यालयमा ल्याउनु हो । सरकारको पछिल्लो दावी अनुसार करिब ११ प्रतिशत र विभिन्न गैरसरकारी संस्थाहरूका दावीअनुसार १७ प्रतिशत बालबालिका अझै पनि विद्यालय बाहिर रहेका छन् ।

विद्यालय शिक्षामा निजी क्षेत्रले लगानी गर्नुका साथै योगदानसमेत गरिरहेको दावीलाई सत्य मान्ने हो भने निजी विद्यालय 'विद्यालय' नभएका गाउँ वा ठाउँहरूमा गएका छैनन् । निजी विद्यालयको लक्ष्यित समूह नै हुनेखाने वर्ग भएका र दुर्गम गाउँ वा ठाउँमा 'हुनेखाने' वर्ग कम भएकै कारणले 'हुँदा खाने' वर्गलाई निजी विद्यालयले समेट्न सकेको छैन । जहाँ-जहाँ सामुदायिक वा सरकारी विद्यालयहरू छन्, त्यही ठाउँमा निजी विद्यालयहरू खोलिएका छन् । अधिकांश निजी विद्यालयहरू सरकारी विद्यालयको नजिकमा खोलिएका भेटिन्छन भने कुनै निजी विद्यालय त सरकारी विद्यालयका भवनसँगै टासिएको पनि देखिन्छ । शिक्षा समूह (काठमाडौं)मा आबद्ध विजया सुब्बाले वि. सं. २०६२ मा चितवनको विद्यालय व्यवस्थापन समितिका सदस्यहरूको भ्रमणको क्रममा नवलपरासीको गैंडाकोटस्थित एक सामुदायिक विद्यालयको सेवाक्षेत्र वरिपरि छ वटा निजी विद्यालयहरू सञ्चालनमा रहेको भेटेका थिए (भट्टराई २०६३:७६) । व्यावहारिकरूपमा निजी विद्यालयहरू विद्यालयमा पहुँच नभएका बालबालिकालाई शिक्षा दिनका लागि खोलिनु पर्नेमा सामुदायिक विद्यालयहरू भएकै ठाउँमा मात्र केन्द्रित छन् ।

विश्व बैंक (२००६) को आँकडा अनुसार करिब १५ प्रतिशत विद्यार्थी निजी विद्यालयमा पढिरहेका छन् । प्रायः विद्यालयहरू शहरमा केन्द्रित छन् भने यातायातको सुविधा भएको ग्रामीण भेगमा पनि निजी विद्यालयहरू सञ्चालित

छन् (भट्टराई) । अधिकांश निजी विद्यालयहरू शहर तथा सदरमुकाममा नै केन्द्रित छन् ।[२] नेपालले अहिलेसम्म मुलुकका सम्पूर्ण बासिन्दाहरूको घरघुरी सर्वेक्षण गरी के कति जनसङ्ख्यालाई सेवा पुऱ्याउन कुन स्थानमा कुन तहको विद्यालय सञ्चालन गर्ने भन्ने नक्शाङ्कन गर्न सकेको छैन । यसले गर्दा मुलुकका हरेक शहरी क्षेत्रमा हरेक वर्ष निजी विद्यालयहरू थपिँदै गएका छन् (नेपाल, २०६३) ।

शिक्षा पत्रकार समूहले गरेको नेपालमा निजी शिक्षा प्रणाली लघु अध्ययन, २००७ अनुसार सरकारी विद्यालय भएकै ठाउँमा विद्यालय खोलिएका छन् । त्यसैगरी ती विद्यालयहरूमा मुख्य रूपमा उच्चपदस्थ व्यक्ति तथा व्यापारीका छोराछोरी पढ्ने गरेका छन् । अध्ययन गरिएका ११२ विद्यार्थीमा ७७ दशमलव ७ प्रतिशत विद्यार्थी आफ्ना नजिकमा सरकारी विद्यालय हुँदाहुँदै निजी विद्यालयमा पढ्ने गरेको पाइयो भने २२ दशमलव ३ प्रतिशत विद्यार्थी मात्र सरकारी विद्यालय नजिकमा नभएकोले निजी विद्यालयमा पढ्न जाने गरेका छन् ।

त्यसैगरी ७१ दशमलव ४ प्रतिशत विद्यार्थीका बाबु सरकारी सेवाअन्तर्गतको पेशामा आबद्ध रहेका छन्भने २५ प्रतिशतका बाबु व्यापारी छन् । राजनीति, कृषि तथा वैदेशिक रोजगारमा समेत बाँकी अन्य विद्यार्थीका बाबुहरू आबद्ध रहेको अध्ययनले देखाएको छ (शिपस, ड्राफ्ट रिपोर्ट २००७) । सन् १९९९ मा गरिएको एक अध्ययनअनुसार उच्चस्तरीय अधिकृतहरू तथा सांसदहरूमध्ये आधाभन्दा बढीका केटाकेटीहरू निजी विद्यालयमा अध्ययन गर्छन् भन्ने देखाएको छ । जब कि सार्वजनिक स्कुलहरूको हालत बेहाल छ (खड्का, २०००) ।

शिपसको रिपोर्ट (२००७) अनुसार जातिगत आधारमा पनि क्षेत्री-ब्राम्हण समुदायका विद्यार्थीको सहभागिता निजी विद्यालयमा उच्च (४२.९%) छ भने दलितको सहभागिता कम रहेको देखाएको छ । त्यसैगरी जनजातिका बालबालिकाको सहभागिता ज्यादै कम रहेको उक्त अध्ययनले देखाएको छ । जनजाति समुदायमा नेवार जातिको पहुँच उच्च (१३.४%) रहेको देखाएको छ । निजी विद्यालयमा खासगरी सरकारी कर्मचारी, व्यापारी,

---

२ कर्ण शाही, पूर्वमहासचिव, एन पयाव्सन (कुराकानीमा आधारित) ।

विकासे कार्यकर्ता, राजनैतिक व्यक्तित्वहरू, शिक्षक तथा अन्य तहका अभिभावकहरू नै बढी मात्रामा आकर्षित छन् । यसको अर्थ शिक्षित वर्गका व्यक्तिहरू नै निजी विद्यालयको मूल स्रोत हुन् । किन कि उक्त लघु अध्ययनकै अनुसार ९५ दशमलव ५ प्रतिशत विद्यार्थीहरूको घरमा पढ्ने वातावरण छभने बाँकीका घरमा पढ्ने वातावरण रहेको छैन (शिपस, ड्राफ्ट रिपोर्ट, २००७) ।

'प्राथमिक तहमा ९१ प्रतिशत बालबालिका सामुदायिक विद्यालयमा भर्ना हुन्छन् भने ९ प्रतिशत मात्र निजी विद्यालयमा भर्ना हुन्छन् । त्यसैगरी बालिकाहरूमध्ये निजी विद्यालयमा प्राथमिक तहमा भर्ना हुने ४२ दशमलव ७ प्रतिशत रहेका छन् भने सामुदायिक विद्यालयमा ४८ दशमलव ९ प्रतिशत बालिका भर्ना भएका छन्,' (फ्लास् १ रिपोर्ट २०६३:१४) । शिक्षा विभागको तथ्याङ्क (२०६३) अनुसार निजी विद्यालयका विद्यार्थीहरूमा केटीहरूको सङ्ख्या ४२ दशमलव ६ प्रतिशत रहेको छभने सरकारी विद्यालयमा ४७ दशमबल ७ प्रतिशत छात्राहरू रहेका छन् ।

सन् १९८० को मध्यदेखि नेपालमा निजी विद्यालयको सङ्ख्या बढिरहेको छ । शिक्षामा निजी क्षेत्रको सहभागिताले नेपालमा लैङ्गिक अन्याय/विभेदको समस्या निवारण गर्न सकेको छैन । बरु लैङ्गिक विभेद चर्काउन मद्दत गऱ्यो । निजी विद्यालयमा कसलाई पढाउने भन्ने निर्णय गर्ने सन्दर्भमा आमाबाबुले छोरीलाई भन्दा छोराका लागि लगानी गर्न राजी भए । यो स्मरणीय छ कि निजी विद्यालयमा भर्ना गर्दा केटा र केटीको बीचमा विभेद छ । वृद्धावस्था हुँदा छोराले पालनपोषणको जिम्मेवारी लिन्छ भन्ने आशामा विशेष गरी कम आम्दानी भएका अभिभावकहरू पनि निजी विद्यालयमा छोरालाई पढाउन निर्णय लिन्छन् (सेभ द चिल्ड्रेन, २००२) ।

विद्यालय शिक्षाका लागि छोरा र छोरीमा विभेद भएको उदाहरणहरू प्रशस्तै छन् । रसुवा जिल्लाको ठूलो गाउँ विकास समितिस्थित सरस्वती प्राथमिक विद्यालयका प्रधानाध्यापक भक्तबहादुर गुरुङले आफ्ना छोरालाई काठमाडौंको निजी आवासीय विद्यालयमा राखेका छन् भने, छोरीलाई धुन्चेकै एक निजी विद्यालयमा । रसुवाकै सिम्ले प्राथमिक विद्यालयका प्रधानाध्याक सानुबाबु भण्डारीले छोरालाई नुवाकोटको पायोनियर बोर्डिङ स्कुलमा पढाएका छन्

भने छोरीलाई सार्वजनिक विद्यालयमा (खड्का २०००:२०) ।

त्यसैगरी सूर्यमति-९ नुवाकोटका रामप्रसाद सेढाइले छोरालाई काठमाडौंको एक निजी विद्यालयमा र छोरीलाई गाउँमा नै पढाएका छन् । रालुका गाविसका गोविन्द कँडेलका दुई छोरा काठमाडौंको निजी विद्यालयमा र छोरीहरू भने गाउँकै सामुदायिक विद्यालयमा पढ्छन् । उनी सात छोरी र दुई छोराका पिता हुन् (खड्का २०००:३६) ।

नवलपरासीको गैडाकोटस्थित एक सामुदायिक विद्यालयमा छात्राहरूको सङ्ख्या बढी र छात्रहरूको सङ्ख्या कम रहेका तथ्य विजया सुब्बा (शिक्षा समूह) ले २०६२ सालमा भेटेकी थिइन् । त्यसको मूल कारण त्यो विद्यालयको सेवाक्षेत्र वरिपरि छ वटा निजी विद्यालयहरू सञ्चालन भइरहेका छन् । त्यहाँका अभिभावकहरू छोरालाई निजी विद्यालयमा र छोरीहरूलाई सामुदायिक विद्यालयमा पठाउँथे (भट्टराई २०६३:७६) ।

नेपालमा कति निजी विद्यालयहरू सञ्चालनमा छन् भन्ने बारेमा यकिन तथ्याङ्क पाइँदैन । अन्दाजकै भरमा निजी विद्यलायको सङ्ख्या तोक्ने गरिएको छ । हाल मुलुकमा ५००० भन्दा बढी निजी विद्यालयहरू सञ्चालनमा रहेको पाइन्छ (नेपाल २०६३) । तर सोही वर्षको त्यसै प्रकाशनमा उल्लेख छ, देशभर सञ्चालन भइरहेका झन्डै आठ हजार पाँच सय विद्यालयहरूमा २० लाख विद्यार्थीहरू अध्ययनरत छन् भने एक लाख ५० हजारभन्दा बढी शिक्षक-कर्मचारीहरूले प्रत्यक्षरूपमा रोजगार पाइरहेको सन्दर्भ छ (के. सी., २०६३) । शिक्षा क्षेत्रमा मुलुकभरि ८५०० निजी विद्यालयहरूको सहभागिता छ (खनिया २००७:२३१) । हाल मुलुकमा करिब ८००० संस्थागत विद्यालयमा करिब १५ लाख विद्यार्थी अध्ययनरत छन् (पोखरेल, २०६४) । तर शिक्षा विभागको तथ्याङ्क (२०६३) ले मुलुकभरि दुई हजार ९९८ मात्र निजी विद्यालयहरू रहेको देखाएको छ । विभागका शाखा अधिकृत शङ्करबहादुर थापाले भने मुलुकभरि करिब छ हजारको हाराहारीमा निजी विद्यालयहरू रहेको अनुमान गरेका छन् । थापाका अनुसार सबै निजी विद्यालयहरूले विभागलाई नियमित पठाउनु पर्ने तथ्याङ्क फारम पठाएका छैनन् । निजी विद्यालयको नाम फेरिइरहनु र ठाउँ सरिरहनुले पनि सही तथ्याङ्क आइरहेको छैन । विभागका अनुसार मुलुकका कुल विद्यार्थीको नौ प्रतिशत

निजी विद्यालयमा पढ्छन् भने ९१ प्रतिशत विद्यार्थी सरकारी वा सामुदायिक विद्यालयमा नै पढ्छन् ।[३]

गरिब परिवारका धेरै बालबालिकाहरू उच्चगुणस्तरीय शिक्षा दिने भनिएका निजी विद्यालयहरूमा आर्थिक अभावको कारण पढ्न सक्तैनन् । त्यसकारण उनीहरू कम गुणस्तर भनिएका निजी विद्यालय/विद्यालयहरूमा पढ्न बाध्य छन् । तर त्यसता विद्यालयहरूले बालबालिकाभित्र रहेको प्रतिभा पूर्णरूपमा प्रस्फुटन गराउन सक्तैनन् । बालअधिकार महासन्धिमा भनिएअनुसारको गुणस्तरीय शिक्षा नेपालका निजी विद्यालयहरूले दिन सकिरहेका छैनन् (सेभ दि चिल्ड्रेन, २००२) ।

निजी विद्यालय र सरकारी विद्यालयको उत्पादन असमान भएको आलोचकहरूले भन्दै आएका छन् । निजी र सरकारी विद्यालयबीच वर्गीय विभेद भएको आरोप विभिन्न सरोकारवालाहरूले लगाउदै आएका छन् । यी खालका विद्यालयबीचको खाडल कम गर्न १० प्रतिशत विद्यार्थीलाई छात्रवृत्ति दिने सहमति सरकार र निजी विद्यालय सञ्चालकहरू बीच भएको थियो । राष्ट्रिय अनुपातमा १० प्रतिशत विद्यार्थीलाई निजी विद्यालयले पूर्ण वा आंशिक छात्रवृत्ति दिँदै आएका छन् । यद्यपि गरिब तथा विपन्न समुदायका बालबालिकाको पहुँच निजी विद्यालयमा पुगेको छैन । सामाजिक विभेदका बारेमा निजी विद्यालयको नीति संवेदनशील छैन । जसले छात्रवृत्ति पाइरहेका छन्, उनीहरूले समाजका सुविधाविहीन तथा विपन्न वर्गको प्रतिनिधित्व गर्दैनन् (सेभ द चिल्ड्रेन, २००२) । निजी विद्यालयमा विपन्न वर्गका तथा पिछडिएका जाति र जनजातिका बालबालिकाको पहुँच पुग्न सकेको छैन । उचित संरचना (Mechanism) नभएकोले दलित तथा जनजातिको पहुँच निजी विद्यालयमा कम छ । दलित तथा जनजाति समुदायबाट अहिले करिब १० प्रतिशतको मात्र निजी विद्यालयसम्म पहुँच रहेको अनुमान छ ।[४]

एक अध्ययनअनुसार दुर्गमक्षेत्रमा बसोबास गर्ने सीमान्तकृत तथा गरिब समुदायले निजी विद्यालयको विकास र विस्तारबाट केही पनि पाइरहेका

---

३ शिक्षा विभागको तथ्याङ्क (२०६३) अनुसार सरकारी वा सामुदायिक विद्यालयमा ६४,९५,५८० र निजी विद्यालयमा ६,४२,६४३ विद्यार्थी पढ्छन् ।

४ कर्ण शाही, पूर्वमहासचिव, एन पयाल्सन (कुराकानीमा आधारित) ।

छैनन् । अधिकांश निजी विद्यालयहरू नाफामुखी छन् । तिनीहरू सुविधा भएका शहर र यातायातको सुविधा भएका ग्रामीण क्षेत्रमा मात्र केन्द्रित छन् । जसको कारण निजी विद्यालयको बितरण असमान छ । निजी विद्यालयको उपस्थिति मध्यमाञ्चल विकासक्षेत्रमा ३३ प्रतिशत छ भने मध्यपश्चिमाञ्चल र सुदूर पश्चिमाञ्चल विकास क्षेत्रमा ११ प्रतिशत मात्र छ (सेभ द चिल्ड्रेन, २२०२) ।

निजी विद्यालयमा लैङ्गिक तथा जातीय विभेद मात्र छैन वर्गीय (आर्थिक) विभेद पनि रहेको छ । निजी विद्यालयका शिक्षकहरूले बजारका व्यापारीका छोराछोरीलाई मात्र राम्रो व्यवहार गर्छन् तर बजार बाहिरबाट आएका विद्यार्थीलाई बेवास्ता गर्छन भन्ने अनुभव अभिभावक र विद्यार्थीको छ । शिक्षकले बेवास्ता गरेकै कारणले निजी विद्यालयमा पढिरहेको मेरो (शिवप्रसाद चापागाईं) छोरोले त्यो विद्यालय (सात कक्षा पासपछि) छोड्ने निधो गऱ्यो र अहिले ऊ सरकारी विद्यालयमा कक्षा ८ मा पढ्दैछ ।[५] तर अभिभवक (चापागाई)को चाहना भने सबै छोराछारीलाई निजी विद्यालयमा पढाउने थियो र उनीहरूलाई निजी विद्यालयबाटै प्राथमिक शिक्षा दिएका थिए ।

सरोकारवालाहरूको भूमिका

नेपालको शैक्षिक इतिहासको सुरुवात अङ्ग्रेजी भाषाको आकर्षणबाट सुरु भएको हो । तत्कालीन राणा प्रधानमन्त्री जङ्गबहादुर राणा बेलायत यात्राबाट फर्केपछि राणा दरबारमा सुरु भएको अङ्ग्रेजी भाषा शिक्षणको आकर्षण अद्यापि छ र बढ्दो क्रममा छ । खाँदबारी नरपालिका-१ (संखुवासभा) का शिवप्रसाद चापागाईले छोरीलाई असमान व्यवहार गर्नेका लागि चेतना जगाउन दुई छोरीलाई स्थानीय एक निजी बोर्डिङ स्कुलमा पढाउदैछन् (कान्तिपुर दैनिक, पुस २२, २०६४) । छोरीलाई बोर्डिङमा पढाउनुपर्छ भन्ने विषयमा कुनै निकायले चेतनामूलक कार्यक्रम सञ्चालन गर्न सकेको छैन । छोरीलाई राम्रो शिक्षा दिन अभियान थाल्न छोरीलाई बोर्डिङमा पढाउने अभिभावकको खोजी गरी सम्मान गरिने (पुस २२, २०६४, कान्तिपुर दैनिक) उद्घोष खाँदबारी नगरपालिका कार्यकारी प्रमुख युवराज दाहालले गरे ।

---

५ शिवप्रसाद चापागाई, शिक्षक, हिमालय माध्यमिक विद्यालय, खाँदबारी, संखुवासभा (टेलिफोन वार्ता) ।

अपवादमा शिवप्रसादका दुई छोरी निजी विद्यालयमा पढिरहेका छन् भने एक छोरो भने नजिकैको सरकारी विद्यालयमा पढ्दै छ ।

शिक्षा क्षेत्रमा निजी विद्यालय प्रवेश गर्दाताका पहुँचका लागि निजी विद्यालयहरू खोलिएका थिए । मुलुकका सबै बालबालिकालाई सरकारले मात्र शिक्षा दिन नसक्ने ठानेर शिक्षामा निजी क्षेत्रको प्रवेशलाई सरकारले स्वीकार गरेको थियो । तर आज निजी विद्यालयमा छोराछोरीलाई पढाउन सक्नु वा पढाउन खोज्नु सामाजिक प्रतिष्ठाको बिषय बनेको छ । सरकारी वा सामुदायिक विद्यालयमा पढ्ने र पढाउने (अभिभावक)हरू दोस्रो दर्जाका नागरिक जस्ता भएका छन् ।

नेपालमा निजी विद्यालयको प्रादुर्भाव सरकारी विद्यालयको कमजोर चेष्टा (Performance) वा निजी विद्यालयले फरक स्वादमा विशिष्ट गुणस्तरीय शिक्षा दिएकोले भएको हो भन्ने विषयमा बहस, छलफल गर्न सकिन्छ । विद्यालयको स्तरहीन चेष्टा (Performance) को सम्बन्ध कोष (Fund) को कम पूर्ति र व्यवस्थापनसँग छ (खनिया २००७:२२२) । अभिभावकले सामुदायिक विद्यालयहरूलाई विश्वास गर्न नसकेको जतिसुकै गुनासो गरेतापनि अझैसम्म उनीहरू निजी विद्यालयमा छोराछोरी पढाउने चाहना राखिरहेको पाइन्छ (नेपाल, २०६३) ।

सरकारी विद्यालयमा सरकारले पर्याप्त बजेटको व्यवस्था नगर्नुले सरकारी विद्यालयहरूका आर्थिक अवस्था कमजोर रहेको छ भने आवश्यक सङ्ख्यामा तोकेका शिक्षक-विद्यार्थी अनुपात अनुसार शिक्षक दरबन्दीको व्यवस्था सरकारले नगरिदिएकोले सरकारी विद्यालयमा नियमित पढाइ भइरहेको छैन । सरकारी विद्यालयमा नियमित पढाइ नभएकोले हुनेखाने अभिभावकहरू निजी विद्यालयमा आकर्षित भएका छन् । सरकारी विद्यालयको चेष्टा (Performance) प्रति अभिभावकहरू सन्तुष्ट भएनन् र अन्त्यमा छोराछारीका लागि खर्च गर्न सक्नेहरूले निजी विद्यालय रोजे । आफ्नै क्षेत्रमा सामुदायिक विद्यालय भएपनि अभिभावकहरूले निजी विद्यालयमा छोराछोरीलाई पढ्न पठाए । आफ्नै क्षेत्रमा सामुदायिक विद्यालय भएपनि महँगो शुल्क तिर्न अभिभावकहरू राजी भए (खनिया २००७:२३०) ।

निजी विद्यालयमा अङ्ग्रेजी भाषामा पढाइ हुन्छ । नेपाली अभिभावकहरूमा अङ्ग्रेजीको मोह यति छ कि निजी विद्यालयमा पढ्ने छोराछोरीले आमाबाबुलाई अङ्ग्रेजी शब्दको प्रयोग गरेर गाली गरेपनि आमाबाबु दङ्ग पर्छन् ।[६] सबै वर्गका मानिसले अङ्ग्रेजीलाई औधी रूचाएका छन् । तर सबैले अनुमान गरेअनुसारको अङ्ग्रेजी शिक्षा भने सबै निजी विद्यालयहरूले दिइरहेका छैनन् । कतिपय सदरमुकामकै नाम चलेको निजी विद्यालयको अङ्ग्रेजीभन्दा सरकारी विद्यालयकै अङ्ग्रेजी राम्रो छ । निजी विद्यालयमा पढ्नेहरूले केही अङ्ग्रेजी शब्द बढी बोल्न जान्लान्, तर व्याकरणमा कमजोर छन् । निजी विद्यालयमा घोकन्ते शैलीमा पढाइ हुन्छ ।[७] अङ्ग्रेजी मोहले गर्दा नै निजी स्रोतबाट सञ्चालित विद्यालयहरूको सम्पूर्ण आर्थिक भार बहन गर्न अभिभावकहरू तयार भएका छन् । तर, विद्यालयको शैक्षिक गतिविधि तथा व्यवस्थापनबारे अभिभावकहरूलाई सुसूचित गर्ने प्रचलन छैन । सरकारी स्कुलमा भन्दा निजी स्कुलमा अङ्ग्रेजी राम्ररी सिकाइन्छ भन्ने विचारले उनीहरू आफ्ना नानीहरूलाई निजी स्कुलमा पढाउने गर्छन् (जोशी, २०५६: २१) ।

निजी विद्यालयप्रति आकर्षण बढ्नुको अर्को कारण एसएलसी परीक्षाको नतिजा पनि हो । एसएलसीमा निजी विद्यालयका ८४ प्रतिशत परीक्षार्थीले पास गर्छन् भने सार्वजनिक विद्यालयका औसत ४४ प्रतिशत मात्र छ । केही निजी विद्यालयहरूले प्रवेशिका परीक्षामा ल्याएको परिणाम, अङ्ग्रेजीको स्तर तथा विद्यार्थीको बानी-बेहोराको आधारमा निजी स्कुलहरू गुणस्तरीय शिक्षा प्रदान गर्ने विद्यालयका रूपमा दरिए (भट्टराई २०६३) । नेपालको सन्दर्भमा

---

६ ....एउटा बोर्डिङ स्कूलमा पढ्ने कैटाले बाबुसँग पैसा मागेछ । तर बाबुले दिएनन् । बाबुले पैसा नदिएपछि त्यो कैटाले रिसाएर बाबुलाई अङ्ग्रेजीमा 'Bastard' भनी गाली गरेको आमाचाहिँले सुनिछन् । मेरो छोरा त अङ्ग्रेजीमा गाली गर्न सक्ने भएछ भनी आमा दङ्ग परिन् । (डा. राधाकृष्ण जोशी । पूर्वप्राथमिक स्कूलमा अङ्ग्रेजी शिक्षा । विकासको निम्ति शिक्षा । शिक्षा विकास तथा अनुसन्धान केन्द्र । सेरिड, २०५७:२२ ।

७ i. शिवप्रसाद चापागाई, शिक्षक, हिमालय माध्यमिक विद्यालय, खाँदबारी,संखुवासभा ।

ii. ....एउटा विद्यार्थीलाई मैले अङ्ग्रेजीमा सोधे, What is your name ? उसले जवाफ दियो, 'My name is Hari Bahadur. My father name is Krishna Bahadur. I live in Naya Bazar. मैले फेरि सोधे, What is your father's name ? उसले पहिलेकै कुरा दोहोऱ्यायो, My name is Hari Bahadur. My father name is Krishna Bahadur. I live in Naya Bazar. (डा. राधाकृष्ण जोशी । पूर्वप्राथमिक स्कूलमा अङ्ग्रेजी शिक्षा । विकासको निम्ति शिक्षा । शिक्षा विकास तथा अनुसन्धान केन्द्र, सेरिड । २०५७:२१ ।

अभिभावकहरूले आफ्ना बालबालिकालाई निजी विद्यालयमा आफ्नो क्षमताले भ्याएसम्म पैसा खर्च गरिरहेका छन् । निजी अङ्ग्रेजी भाषी विद्यालयहरूले उनीहरूको क्षमताले भ्याएसम्म रोजगारमूलक शिक्षा तथा विदेश अध्ययनको अवसरहरू जुटाइरहेका छन् (क्याडेल) ।

निजी विद्यालयहरूले विभिन्न शैक्षिक बजारको मागलाई पूरा गर्छन् अर्थात अभिभावकहरूलाई छनौटको अवसर दिन्छन् भन्ने तर्क बलियोरूपमा स्थापित भएको छ । विद्यार्थी भर्ना गर्दा पहिला विद्यार्थी योग्यताका आधारमा छानिन्थ्यो अब उसका बाबुआमाले कति पैसा तिर्न सक्छन् भन्ने आधारमा छानिन्छ (कोफी २००१) । यसले विद्यालय छनौट गर्दा अभिभावकहरूले गैरशैक्षिक आधारहरू प्रयोग गर्छन् भन्ने तर्कलाई समेत प्रश्रय दिन्छ अर्थात आज आफ्ना केटाकेटी कहाँ पढाउने भन्ने कुराको निर्णय कस्तो पढाइ हुन्छ भन्ने कुराले मात्र होइन, कहाँ पढाउँदा आफ्नो सामाजिक हैसियत बढ्छ भन्ने कुराले पनि निर्धारण गर्छ (बेली २००५) ।

सरकारी कार्यालयका कर्मचारी, राजनीतिककर्मीहरू, व्यापारी तथा नीति निर्माण तहका व्यक्तिहरूले आफ्ना छोराछोरीलाई निजी विद्यालयमा पढाउँछन् नै । शिक्षाविद् भनिएकाहरू समेत विभिन्न निजी विद्यालयमा संलग्न छन् भने सामुदायिक विद्यालयका शिक्षक तथा प्रधानाध्यापकहरू समेत कुनै न कुनै रूपमा निजी विद्यालयमा आबद्ध छन् । नेपाल राष्ट्रिय शिक्षक सङ्गठनका एक जिम्मेवार पदाधिकारी (नाम नबताउने शर्तमा)का अनुसार सङ्गठनमा रहेका अधिकांश पदाधिकारी तथा आबद्ध शिक्षक-प्रधानाध्यापकहरूको आफ्नै निजी विद्यालय छ । प्राय काठमाडौंमा खोलिएका निजी विद्यालयहरू कि त श्रीमतीको नाममा छ कि त भाइ-भतिजा आदिको नाममा निजी विद्यालय सञ्चालन गरिरहेका छन् । रसुवा जिल्लाको बालमन्दिर प्राविका शिक्षिका बन्दना गुरूङले आफ्नै मातहातमा हाइल्याण्ड बोर्डिङ स्कुल खोलेकी छिन् । _उनको भनाइ थियो, 'सरकारी विद्यालयमा पढाएर कसले के गर्ने ?' (खड्का २०००:२०) ।[८] राजनीति गर्नेहरू वा राजनैतिक दलमा आबद्ध

---

८ _रेष्टुराँमा खानाबाट असन्तुष्ट भएको एउटा ग्राहकले जब रिसाएर बैरालाई रेष्टुराँको प्रबन्धकलाई बोलाउनु भन्छ, बैराले जवाफ दिन्छ, 'माफ गर्नुहोला महाशय, प्रबन्धक सडकको अर्कोपट्टिको रेष्टुराँमा खाना खान जानुभएको छ ।' (वाङ्चुक, सोनम । २०६४ माघ । शिक्षा र लोकतन्त्रको चक्र । सम्पा० गौतम, तोया र अरू । एकछिन । एमएस नेपाल, काठमाडौं । अङ्क १, २०६४:८ ।)

कार्यकता वा नेताहरूले समेत निजी विद्यालय चलाइरहेका छन् ।[९] वर्तमान शिक्षामन्त्री प्रदीप नेपालकै पनि उनको पत्नीको नाममा निजी विद्यालय सञ्चालनमा रहेको छ ।

प्रतिष्ठाका लागि निजी विद्यालयमा लगानी गर्ने क्रम बढ्दो छ । नीति निर्माताका छोराछोरी निजी विद्यालयतिर पढ्ने भएपछि सार्वजनिक शिक्षा नागरिकका छोराछोरीको भीड जम्मा गर्ने थलो मात्र बनेको छ (खड्का, २००० प्रारम्भ) ।

निजी विद्यालयलाई सरकारी विद्यालय शिक्षाको बिकल्पका रूपमा जिम्मेवार तहका व्यक्तिहरूले देख्ने गरेका छन् । निजी विद्यालयले अन्तर्राष्ट्रिय मापदण्ड पुऱ्याएको छ । निजी विद्यालयको प्रतिष्पर्धामा सरकारी स्कुल आउन सकेको छैन ।[१०] जिल्ला शिक्षा कार्यालय डोल्पाले भोट[११] क्षेत्रका विद्यालयहरूको निरीक्षण पश्चात विद्यार्थी सङ्ख्या अत्यन्त न्यून भएको र पढाइ पनि नभएकोले ती छ वटा गाउँका बालबालिकालाई तल्लो भेगमा ल्याएर आवासीय शिक्षा दिनुपर्ने सुझाव दिएको थियो । डोल्पाको भोट क्षेत्रको चल्तीको स्कुल भनेको द्यौमा रहेको बोर्डिङ् स्कुल हो । र, त्यो विदेशी दातृ संस्थाले खोलिदिएको हो (खड्का, २०००:१७) ।

सार्वजनिक विद्यालयको तुलनामा निजी विद्यालयहरूले राम्रो शिक्षाको अवसर प्रदान गरेको र सानो आम्दानी भएका वस्ती र निजी विद्यालय पुगेका ठाउँमा निजी विद्यालयतिरै छोराछोरी पढाउन अभिभावकहरू इच्छुक भएको एक अध्ययनले देखाएको छ । सार्वजनिक विद्यालयको पढाइ राम्रो नभएको तर्क राख्दै सचेत अभिभावकहरू समेत निजी विद्यालयमा आफ्ना छोराछोरीलाई

---

९ दक्षिण एसियाली मुलुकका –साझा प्रवृत्ति भनेको सम्भ्रान्त र साधारण मानिसका छोराछोरी पढ्ने विद्यालयमा भएको भिन्नता हो । यी सबै देशमा शिक्षा प्रणाली सञ्चालन गर्ने अधिकांश मन्त्री, कर्मचारी, अधिकृत र शिक्षकहरू स्वयं आफ्नै छोराछोरीलाई सरकारी विद्यालयमा पढाउँदैनन् । –त्यसैले उनीहरू जिम्मेवार रहेको मानिने सरकारी स्कूलमा उनीहरूको सरोकारनूलक सहभागिता हुँदैन । (ऐ ऐ) ।

१० ईश्वर सापकोटा, प्रधानाध्यापक, पद्मकन्या माध्यमिक विद्यालय, डिल्लीबजार, काठमाडौं ।

११ डोल्पाको भोट क्षेत्रका साल्दाङ, तिञ्जे, द्यौ, छार्का, नुकोट र मिझेर गाउँका प्राथमिक विद्यालयहरूमा दर्बेनी सरकारले ४० लाख रुपैयाँ खर्च गरेको छ । तर यहाँका १६ वटा प्राथमिक विद्यालयहरूबाट १६ जना विद्यार्थीले प्राथमिक शिक्षा पूरा गर्न हम्मे पर्छ (खड्का २०००:१७) ।

पढाइरहेका सो अध्ययनले औल्याएको छ । उक्त अध्ययनले देखाएको परिणामअनुसार हरेक अभिभावक आफ्ना छोराछोरीलाई राम्रो शिक्षा दिन चाहने तर सार्वजनिक वा सामुदायिक विद्यालयले अभिभावकहरूको उक्त चाहना पूरा गर्न नसक्ने भएकाले निजी विद्यालयतिर सचेत अभिभावकहरू समेत आकर्षित भइरहेका छन् । तर निजी विद्यालयको कमजोरीहरूमध्ये विद्यालय सञ्चालकहरूले नै स्वीकार गरेको तथ्य के हो भने निजी विद्यालयहरूले अभिभावकहरूसँग अनेकौ महत्वपूर्ण विषयहरूका अन्तरसंवाद गर्नुपर्नेमा त्यसो गर्न सकिरहेको छैन । अभिभावकहरूसँग विद्यालयले गर्ने त्यसता अन्तरसंवादहरू प्रायः शून्य नै छ (श्रेष्ठ, २०६०) । अहिलेको निजी विद्यालय नाफामुखी छ । अहिलेका जस्ता मुनाफामुखी स्कुलहरू सरकारले विशेष गरी शहरी क्षेत्रमा सार्वजनिक स्कुलको व्यवस्थापन गर्न नसकेको कारणले चलेका हुन् (भट्टराई २०६३) ।

निजी विद्यालयमा व्यक्तिगत लगानी भएकोले लगानीकर्ताले लगानीको सुरक्षा खोज्छ । लगानीकर्ताले आर्थिक प्रतिफल पनि हेर्ने भएकोले लगानी सुरक्षित गर्नका लागि शुल्क तिर्न सक्ने अभिभावकको पहिचान गरी निजी विद्यालय शहर वा बजार केन्द्रित हुनु आश्चर्य होइन । निजी विद्यालय खुल्नु र तिनले तुलनात्मक दृष्टिले राम्रो शिक्षा दिनुलाई नराम्रो भन्न सकिन्न । तर, त्यस्ता विद्यालयलाई अनुगमन र कानुनी प्रावधानमार्फत् सबै वर्ग र क्षेत्रका विद्यार्थीको पहुँचभित्र लगियो भने मात्र त्यसले शैक्षिक वर्ग विभाजन नबढाउला भनी अपेक्षा गर्न सकिन्छ । ■

(कुलुङ शिक्षा पत्रकार समूहका कोषाध्यक्ष हुन् ।)

सन्दर्भ सामग्रीहरू

के. सी., लक्ष्यबहादुर । २०६३ । *प्याब्सन विगत र वर्तमान* । PABSON Review Vol. iv. Private and Boarding Schools' Organization Nepal.

खड्का, रमेश । जनवरी २००० । *वर्गीय शिक्षाको उदय* (प्राथमिक शिक्षामा नीति निर्माताहरूको सहभागितामाका सम्बन्धमा तयार पारिएको खोजमूलक रिपोर्ट) । एक्सन-एड नेपालको सहयोग । बागबजार छापाखाना, काठमाडौं ।

खनाल, चिरञ्जीवी । २०६२ । *शिक्षा ऐन नियम* । पैरवी प्रकाशन । 'M' हाउस, सिंहदरबार नजिक, रामशाहपथ, काठमाडौं । पाँचौ संस्करण ।

जोशी, राधाकृष्ण । २०५६ । *पूर्वप्राथमिक स्कुलमा अङ्ग्रेजी भाषा* । सम्पा० वेदनाथ रेग्मी र केशवराज देवकोटा । विकासको निम्ति शिक्षा । शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) २०५६ । त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

दीक्षित, नरेन्द्रमणि आचार्य । २०४४ । *अङ्ग्रेजी-नेपाली साझा संक्षिप्त शब्दकोश* । साझा प्रकाशन, काठमाडौं । मुद्रकः साझा प्रकाशनको छापाखाना, पुल्चोक । पुनर्मुद्रण चौथो २०५५ । दोस्रो संस्करण ।

देवकोटा, ग्रीष्मबहादुर । २०५१ । *नेपालको छापाखाना र पत्र-पत्रिकाको इतिहास* । साझा प्रकाशन, पुल्चोक, ललितपुर । मुद्रकः ऐश्वर्य छापाखाना, नरदेवी, काठमाडौं । दोस्रो प्रकाशन (साझा प्रकाशनबाट पहिलो पटक) ।

नेपाल, जनार्दन । २०६३ । *नेपालमा संस्थागत विद्यालयका चुनौती र सम्भावनाहरू* । PABSON Review Vol. iv. Private and Boarding Schools' Organization Nepal.

पराजुली, कृष्णप्रसाद सम्पा० । २०५८ । *नेपाली बृहत् शब्दकोश* । नेपाल राजकीय प्रज्ञा- प्रतिष्ठान, कमलादी काठमाडौं । मुद्रकः प्रज्ञा-छापाखाना, कमलादी, काठमाडौं । पाँचौ संस्करण ।

पोखरेल, बाबुराम । २०५९। *राष्ट्रको शिक्षा विकासमा निजीक्षेत्रको सहभागिता* । PABSON Review Vol. i. Pravate Boarding Schools' Organization Nepal.

पोखरेल, बाबुराम । २०६४ । *विद्यालय शिक्षाको सन्दर्भमा सार्वजनिक निजी साझेदारी कार्यक्रम* । PABSON Review Vol. V. Pravate Boarding Schools' Organization Nepal.

भट्टराई, टीका । २०६३ । *स्कुले शिक्षा निजीकरण दुष्प्रभाव कम गर्ने एक उपाय* । जनमुखी शिक्षा । वर्ष-८, अङ्क-१६, वसन्त २०६३ ।

भोमी, अरविन्दलाल । २०५७ । *निजी विद्यालयहरूका प्रिन्सिपलहरूका लागि व्यवस्थापन तालिमको आवश्यकता निर्धारणः एक लघु अध्ययन* । सम्पा० हृदयरत्न बज्राचार्य र सूर्यबहादुर मुल्मी । विकासको निमित शिक्षा । शिक्षा विकास तथा अनुसन्धान केन्द्र (सेरिड) २०५७ । त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर ।

वाङ्चुक, सोनम । २०६४ । *शिक्षा र लोकतन्त्रको चक्र* । सम्पा० गौतम, तोया र अरू । एकछिन । एमएस नेपाल, काठमाडौं । अङ्क १, २०६४:८ ।

शर्मा, सुरेशराज । २०५७ । शिक्षा विकाश र चुनौती । प्रका. उर्मिला शर्मा ढुङ्गेल । नयाँ बानेश्वर, काठमाडौं । मुद्रक, सहयोगी प्रेस, त्रिपुरेश्वर काठमाडौं । प्रथम संस्करण ।

Bellei, Cristian, 2005. *The Private-public School Controversy: The Case of Chile*. 2005. Harvard Graduate School of Education Preliminary Draft. "Mobilizing the Private Sector for Public Education" co-sponsored by the World Bank with Kennedy School of Government, Harvard University. October 5-6, 2005 #

Bhattari, Tika. Undated. *Dealing with the issue of Privatization of School education in Nepal* (Internet copy)

Caddell, Martha. Undatd. *Private Schools and Political Conflict in Nepal*. The Open University. (Internet copy)

CAMBRIDGE. *Cambridge Advanced Learners's Dictionary* (New). 2003. Cambridge University Press 2003. (Indian Edition).

Coffey, Amanda. 2001. *Parents, Consumers and Choice. Education and Social Change.* Open University Press, Birmingham, Philadelphia.

Department of Education, MoES. 2063 (2006-07). *School Level Educational Statistic of Nepal, At a Glance.* Government of Nepal, Ministry of Education and Sports, Department of Education, Sanothimi, Bhaktapur.

Department of Education, MoES. 2006 (2063). *School Level Educational Statistic of Nepal, consolidated Report.* Government of Nepal, Ministry of Education and Sports, Department of Education, Sanothimi, Bhaktapur. June 2007.

Department of Education, MoES. 2063 (2006-07). *Flash i Report 2063.* Government of Nepal, Ministry of Education and Sports, Department of Education, Sanothimi, Bhaktapur. December 2006.

Khaniya, Tirth Raj. December 2007. *New Horizens in Education in Nepal.* Published by Kishor Khaniya. Printed at Office Support Service Centre Chhapakhana P. Ltd. Kathmandu. First Edition.

Oxford. 2005. *Compact Oxford doctionary Thesaurus & wordpower Guide.* Oxford University Press, New Delhi. (Indian edition). Twenty Eight Impression 2005.

Save the Children. July 2002. *Private Sector Involvement in Education: A perspective from Nepal and Pakistan* (Internet copy).

Shrestha, Umesh. 2060. *Successfully managing Schools-some points to ponder.* PABSON Review Vol. 2. Private and Boarding Schools' Organization Nepal .

गुणस्तरीय शिक्षा : बुझाइ आ-आफ्नै

■ माधव ढुङ्गेल

सरकार,
समुदाय र
परिवारले गर्ने
ठूलो लगानीपछि
उत्पादन हुने
जनशक्तिले
आर्थिक,
सामाजिक तथा
सांस्कृतिक
क्षेत्रमा पार्ने
सकारात्मक
प्रभावकाआधारमा
शिक्षाको गुणस्तर
मापन गरिन्छ ।

पृष्ठभूमि

सरकार, समुदाय र परिवारले गर्ने ठूलो लगानीपछि उत्पादन हुने जनशक्तिले आर्थिक, सामाजिक तथा सांस्कृतिक क्षेत्रमा पार्ने सकारात्मक प्रभावका आधारमा शिक्षाको गुणस्तर मापन गरिन्छ । उत्पादित जनशक्तिले कृषि, उद्योग, सेवाक्षेत्र, अनुसन्धान, संस्कृति तथा समाजको परम्परागत मूल्यपद्धतिमा दीर्घकालीन वृद्धि र सकारात्मक परिवर्तन ल्याउन सक्यो भने त्यस्तो जनशक्ति उत्पादन गर्ने शिक्षालाई गुणस्तरीय शिक्षा मान्न सकिन्छ ।

समृद्ध, आधुनिक र न्यायपूर्ण 'नयाँ नेपाल' को निर्माण- अहिले सिङ्गो राष्ट्र नै यो बहसमा जुटेको छ । संविधानसभा चुनावमार्फत नयाँ संविधान निर्माण गर्ने र नयाँ संविधानमार्फत 'नयाँ नेपाल' निर्माण गर्न बनेको राजनीतिक सहमतिको दिशामा देशको राजनीति अघि बढिरहेको छ । एक दशक लामो सशस्त्र द्वन्द्व र ०६२/६३ को लोकतान्त्रिक जनआन्दोलनपछि देश शान्तिप्रक्रियामा अघि बढिरहेको छ । जनता आर्थिक, सामाजिक रूपान्तरण चाहिरहेका छन् । यसै सेरोफेरोमा शिक्षाक्षेत्रमा समानता र गुणस्तरीयताका आवाज पनि जोडदार रूपमा उठेका छन् ।

व्यक्तिभित्र रहेको क्षमतालाई उजागर गरी सक्षम नागरिक तयार गर्नु आधुनिक शिक्षाको मूल नीतिगत आधार मानिन्छ । स्थानीय-ज्ञान र विश्वज्ञानको उपयुक्त समायोजन गरी अन्तर्राष्ट्रिय स्तरमा प्रतिस्पर्धा गर्नसक्ने जनशक्तिको उत्पादन गर्नु पनि गुणस्तरीय तथा उपलब्धिमूलक शिक्षाको मूल उद्देश्य रहेको सरकारी योजनामा उल्लेख छ ।

तीन वर्षीय अन्तरिम योजनामा शिक्षासम्बन्धी उद्देश्यमा लेखिएको छ:

- शिक्षामा सबै नागरिकको पहुँच सुनिश्चित गरी साक्षर बनाउनु र गुणस्तरयुक्त तथा रोजगारीमूलक शिक्षा प्रदान गर्नु ।
- सबैका लागि समान गुणस्तरको निःशुल्क र सर्वसुलभ आधारभूत शिक्षाको प्रत्याभूति गर्नु ।
- उच्चशिक्षालाई अनुसन्धानमूलक तथा प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्नेतर्फ विकसित गर्नु ।

- सबै तहको शिक्षालाई समतामूलक एवम् समावेशी बनाउनु ।[१]

शिक्षालाई धरातलीय यथार्थसँग गाँसेर देशमा उपलब्ध स्रोत-साधनको उपयोगबाट विकासलाई अघि बढाउन सकिने सत्यलाई विगतदेखि नै सिद्धान्ततः स्वीकार्दै आएको पाइन्छ । सक्षम, उत्पादनशील, अनुशासित तथा सामाजिक दायित्वप्रति जिम्मेवार नागरिक उत्पादन गर्न सबैको पहुँचभित्र आउने प्रकारको गुणात्मक शिक्षाको विकास गर्दै २१ औँ शताब्दीमा राष्ट्रसामु देखा पर्ने चुनौतीहरूको सामना गर्नसक्ने जनशक्ति उत्पादनमा जुट्नुपर्ने आवश्यकता 'दसौँ योजना' (०५९-०६४) ले पनि औँल्याएको थियो ।[२]

त्यसो त शिक्षा ऐन (२०२८) को पाँचौँ संशोधन (२०४९ कात्तिक १३ गते भएको) मा ऐनको प्रस्तावना परिवर्तन गरियो । 'राष्ट्रिय विकासको लागि चाहिने जनशक्ति तयार गर्न बहुदलीय प्रजातान्त्रिक व्यवस्थाअनुकूल सर्वसाधारण जनताको सदाचार, शिष्टाचार र नैतिकता कायम राख्न विद्यालयहरूको व्यवस्थापनमा सुधार गर्दै गुणस्तरयुक्त शिक्षाको विकास गर्न वाञ्छनीय भएकाले' भन्ने वाक्यांश प्रस्तावनामै राखिएको छ ।[३] यसले गुणस्तरयुक्त शिक्षामा जोड दिएको छ ।

बहुदलीय व्यवस्था स्थापनासँगै गुणात्मक शिक्षाको नारा पनि जोडदार रूपमा उठेको पाइन्छ । त्यसपछि सञ्चालन गरिएका शिक्षा विकासका परियोजना र कार्यक्रमहरू आधारभूत तथा प्राथमिक शिक्षा कार्यक्रम (पहिलो र दोस्रो) र अहिले चलिरहेको 'सबैका लागि शिक्षा' कार्यक्रमको उद्देश्यमा पनि गुणस्तरीय शिक्षा उल्लेख छ । आर्थिक वर्ष ०५७/५८ को बजेट वक्तव्यमार्फत् सम्वत् २०७२ सम्म 'सबैका लागि शिक्षा' भन्ने अन्तर्राष्ट्रिय अवधारणा पूरा गर्न प्राथमिक शिक्षामा सबैको अधिकार सुनिश्चित गर्न भनी 'सबैका लागि शिक्षा' कार्यक्रम सुरु गरियो ।

अहिले गुणस्तरीय शिक्षाको पर्यायवाचीजस्तै भएका छन्- निजी विद्यालय । सरकारको नीतिनिर्माण तहका पदाधिकारीले निजी विद्यालयले आयोजना गरेका कार्यक्रमहरूमा व्यक्त गरेका मन्तव्य सुन्दा त गुणस्तरको ठेकेदार

---

१. राष्ट्रिय योजना आयोग, तीन वर्षीय अन्तरिम योजना (२०६४/६५ - २०६६/६७)
२. राष्ट्रिय योजना आयोग, दशौँ योजना (२०५९-२०६४)
३. शिक्षा ऐन, २०२८ (संशोधनसहित)

नै तिनीहरू मात्र हुन्जस्तो भान पर्छ । अर्थात्, के गुणस्तरीय शिक्षाका लागि सरकारी विद्यालयको कुनै दायित्व छैन ? अन्तरिम संविधानमा शिक्षासम्बन्धी हकलाई मौलिक हकमा समेटिसकेको अवस्थामा आधारभूत शिक्षा राज्यको जिम्मेवारी हो । सरकारी निकायमा बस्नेहरूले आफ्ना छोराछोरी निजी विद्यालयमा पढाउने मात्र हैन, ग्रामीण भेगको सरकारी विद्यालयका शिक्षकले पनि आफ्ना छोराछोरी सहरका महँगा, सुविधासम्पन्न निजी विद्यालयमा पढाउने वा सहरको सरकारी विद्यालयको शिक्षकले आफैंले पढाउने विद्यालयमा आफ्ना सन्तान नपढाउने अहिलेको अवस्थाबाट पनि देखिन्छ- गुणस्तरीय शिक्षाको पर्यायवाचीजस्तै बनेका छन्, निजी विद्यालय ।

सुन्दा कर्णप्रिय नलागे पनि व्यापारीकरणका बाबजुद निजी विद्यालयले नै समयसापेक्ष गुणस्तरीय शिक्षा उपलब्ध गराइरहेका छन् । अन्तर्राष्ट्रिय ख्याति कमाएका विद्यालयमा उच्चशिक्षाका लागि प्रतिस्पर्धा गर्नसक्ने एवम् श्रमबजारमा दक्ष जनशक्ति उपलब्ध गराउने काममा निजी विद्यालयको योगदानलाई कसैले नकार्न सक्दैन । सरकारी विद्यालयलाई गुणस्तरीय बनाउने दायित्व बोकेका मन्त्री, उच्च प्रशासकदेखि शिक्षकसम्म आफ्नो दायित्वप्रति त्यति जिम्मेवार छैनन्, जति व्यापारिक उद्देश्यले भए पनि निजी विद्यालय जिम्मेवार देखिएका छन् ।

अँध्यारोमा हात्ती छामेजस्तै

शिक्षासँग प्रत्यक्ष सम्बन्ध राख्ने सरोकारवालाहरू- विद्यार्थी, शिक्षक, अभिभावक मात्र हैन, सक्षम जनशक्ति खोज्ने रोजगारदातासम्मले गुणस्तरीय शिक्षाको आवाज उठाउँदै आएका छन् । नीति-निर्माण तहमा बस्ने सरकारदेखि सरकारलाई 'गाइडलाइन' दिने विदेशी दातासमेतले गुणस्तरीय शिक्षाकै नारा दिनेगरेका छन् । तर के हो त गुणस्तरीय शिक्षा ? कस्तो हुन्छ यो ? सबैको बुझाइ 'अँध्यारोमा हात्ती छामेजस्तो' मात्र छ । आफूले जे महसुस गऱ्यो, त्यो नै गुणस्तरीय शिक्षा हुनेगरेको छ ।

गुणस्तरीय शिक्षाको मापनबारे सर्वमान्य मापदण्ड छैन । गुणस्तरीय शिक्षाको सन्दर्भमा फरक-फरक मत रहेका छन् । दसौं योजनामा 'सक्षम, उत्पादनशील, अनुशासित तथा सामाजिक दायित्वप्रति जिम्मेवार नागरिक

उत्पादन गर्न सबैको पहुँचभित्र आउने प्रकारको गुणात्मक शिक्षा भनिएको छ । यसले २१ औं शताब्दीमा राष्ट्रसामु देखा पर्ने चुनौतीको सामना गर्नसक्ने आशा गरिएको छ ।

शिक्षाविद् प्रा. डा. विद्यानाथ कोइरालाको विचारमा गुणस्तरीय शिक्षा अपेक्षा हो, स्तर हो । व्यक्तिको मलाई यति भए पुग्छ भन्ने मापो हुन्छ, समुदायको हामीलाई यस्तै भए पुग्छ भन्ने मापो हुन्छ । यस्तै, स्थानीय सरकार, जिल्ला, प्रान्त वा राष्ट्रिय/अन्तर्राष्ट्रिय सरकारको । सबै खाले सरोकारवालाहरूको अपेक्षा र स्तरको खोजी गर्ने काममा हाम्रो बुद्धि पुगेन । गुणस्तरीय शिक्षा के हो नै चिनिएन ।

विषयवस्तुका पक्षधरहरूले पाठ्यवस्तु र पाठ्यक्रमलाई आधार मानेर गुणस्तर खोजे । प्रक्रियामा गुणस्तर खोज्नेले पढाइ भएन भने । व्यवस्थापनमा गुणस्तर खोज्नेले समावेशी व्यवस्थापन खोजे । उत्पादनमा गुणस्तर खोज्नेले उत्पादित विद्यार्थी बजारमा बिक्यो/बिकेन भनी खोजे । प्राज्ञिक क्षमतामा गुणस्तर खोज्नेले विषयवस्तुको जानकारी खोजे । लगानीको आँखामा गुणस्तर खोज्नेले कति मोल तिरेर, कति उपलब्धि भयो भन्ने खोजे । मेरो हिसाबमा गुणस्तरीय शिक्षाको सिङ्गो रूप बनाऊँ । सन्दर्भको गुणस्तर के हो ? मधेस, हिमाल, पहाड, गरिब, धनीको गुणस्तर । स्थान, जाति धर्म, भाषा, संस्कृतिको गुणस्तर ।[४]

युनेस्को (UNESCO) ले गुणस्तरीय शिक्षाभित्र पाँचवटा कुराहरू हुनुपर्ने उल्लेख गरेको छ- सिकारु, सिक्ने वातावरण, विषयवस्तु, प्रक्रिया र प्रतिफल । यी पाँच हेरेर मात्र गुणस्तरीय शिक्षालाई परिभाषित गर्नसक्ने उल्लेख गरेको छ । स्तरीय सिकारु तयार पारी शैक्षिक वातावरणमा गुणस्तरीय विषयवस्तुको चयन गर्दै स्तरयुक्त शिक्षण विधिका माध्यमबाट शिक्षण सिकाइ गुणस्तरीय विद्यार्थी तयार पार्ने कार्यलाई नै युनेस्कोले गुणस्तरीय शिक्षाको रूपमा परिभाषित गरेको पाइन्छ ।[५]

विद्वान् माइक पेजका अनुसार गुणस्तरीय शिक्षाका लागि यी पाँच आधार आवश्यक पर्छन्- सक्षम नेतृत्व र यसको दृष्टिकोण, गुणस्तरीय निर्देशन,

---

४. बजेट वक्तव्य, आर्थिक वर्ष, २०६१/६२

५. उच्च माध्यमिक शिक्षा ऐन, २०४६

गुणस्तरको मापन तथा जवाफदेहिता, प्रशस्त साधनस्रोत तथा त्यसको न्यायपूर्ण वितरण र परिवार तथा समाजको सहभागिता । अर्का विद्वान् डेलोर (Delore) ले 'सबैका लागि' गुणस्तरीय शिक्षा चारवटा स्तम्भमा आधारित हुनुपर्ने मत अगाडि सारेका छन्:[६]

- जान्नका लागि (Learning to know)
- गर्नका लागि (Learning to do)
- सबै सँगै रहनका लागि (Learning to live together and with others) हुन वा बन्नका लागि (Learning to be) ।

नेपाली अभिभावकका दृष्टिकोणमा अङ्ग्रेजी भाषामा दक्षता हासिल गर्नु नै गुणस्तरीय शिक्षाको मापक बन्दै गएको छ । अङ्ग्रेजी बोल्न, लेख्न जान्ने भएमा नेपाली भाषाको कखरा फुटाउन नसके पनि अथवा 'वान-टु' भनेर हिसाब गरेपछि सयसम्म एक-दुई गन्न नजाने वा नबुझे पनि वास्ता गरिन्न । त्यसमाथि, कम्प्युटर साक्षर भएका त्यस्ता विद्यार्थीको क्षमतालाई अब्बल दर्जामा राख्ने गरिएको छ । अर्थात्, अङ्ग्रेजी भाषा र कम्प्युटर-साक्षरता गुणस्तरीय शिक्षाको मापकको रूपमा देखिएका छन् ।

अहिलेका विद्यार्थीको सपना अमेरिका, युरोप अथवा समुद्रपारका विकसित 'महानगर' बन्दै गएका छन् । सहरी महँगो निजी विद्यालयमा पढेको विद्यार्थीले नेपालमै बसेर काम गर्ने, देशको सेवा गर्ने आकांक्षा राखेको पाइँदैन । दसजोड दुई नसक्दैदेखि साइबर गएर समुद्रपार जाने मार्ग खोज्न थाल्छ ऊ । अङ्ग्रेजी भाषाको कुशलता सुन्दर भविष्यका लागि समकालीन साँचो हो, सामाजिक पुँजीको एउटा सूची र नेपालबाहिर जानका लागि टिकटको खरिद मूल्यको अङ्ग हो ।[७] त्यसैले विद्यार्थीको नजरमा गुणस्तरीय शिक्षा भनेको अमेरिका, युरोप वा संसारका ठूला सहरमा गएर उच्चशिक्षा हासिल गर्न पाउने, त्यसपछि त्यहीं 'जब' (जागिर) पाउनेखालको शिक्षा बनेको छ ।

विदेश जान हैसियत नपुग्ने ग्रामीण भेगका विद्यार्थीले भने पढेपछि बेरोजगार बस्नु नपर्ने शिक्षालाई गुणस्तरीय शिक्षा बुझ्ने गरेका छन् । देशभरिका

६. आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय, २०६३
७. मानव विकास प्रतिवेदन, संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, सन् २००१ र सन् २००४

अभिभावकहरूले केटाकेटीलाई निजी र अङ्ग्रेजी-माध्यमका विद्यालय पठाउन गर्नसक्नेसम्म (वा बढी) खर्च गरिरहेका छन्, उनीहरूलाई काम दिन बढीभन्दा बढी सम्भाव्य अवसर र अघिल्ला अध्ययनमा जानका लागि । कमजोर सुविधा, अयोग्य र कम तलब खाने शिक्षकहरू शिक्षा दिनका लागि अनिच्छुक हुन्छन्, जसले प्रिन्सिपलले सुझाएका बजारीकरणका प्रयत्नलाई आफ्नो जीविकोपार्जनका लागि छनोट गर्नेछ । छानिएका थोरै मात्र डाक्टर वा इन्जिनियर हुने सपना पूरा गर्नेछन् ।[८] कतिपयले त रोजगारीको अवसर बढी र जनशक्ति कम भएका प्राविधिक शिक्षालाई गुणस्तरीय भनेर बुझ्न् नेगरेका छन् ।

निजी विद्यालय सञ्चालक र शिक्षकहरूले पनि अङ्ग्रेजी माध्यमको समुद्रपार सुहाउँदो शिक्षालाई नै गुणस्तरीय शिक्षा मान्ने गरेको देखिन्छ । दार्जिलिङ वा कालिम्पोङजस्ता 'बाहिर' बाट शिक्षक ल्याइएका र संयुक्त अधिराज्यबाट स्वयम्सेवक ल्याइएकोलाई गौरवका साथ प्रस्तुत गरिन्छ ।[९] सूचना प्रविधिको तीव्र विकासका कारण साँघुरो बन्दै गएको विश्व अनि देशको भूगोलमा मात्र सीमित नरहेको विकसित बजार अर्थतन्त्रले पनि यस्तै जनशक्तिको माग संसारभरि बढाउँदै गएको छ । बजार अर्थतन्त्रको प्रवर्द्धनमा क्रियाशील विश्वबैंक, अन्तर्राष्ट्रिय मुद्राकोषजस्ता अन्तर्राष्ट्रिय वित्तीय संस्थाहरूका नीति अपनाएर अघि बढिरहेको संसारमा बहुराष्ट्रिय कम्पनी बढ्दैछन् । 'कर्पोरेट' संस्कृतिको विकास भइरहेको छ । फेरि देशभित्र रोजगारीका अवसरहरूको सिर्जना नभइरहेको अवस्थामा बजार सुहाउँदो यो संस्कृति केही हदसम्म स्वाभाविकजस्तै लाग्छ । किनभने बजार अर्थतन्त्रमा बजारको मागले नै सबै कुराको निर्धारण गर्छ ।

शिक्षामा त्यो देशको समाज, संस्कृतिको छाप हुनु आवश्यक छ । विकसित विश्वले हासिल गरेको सफलतासँगै देशको सामाजिक-सांस्कृतिक अवस्था, आर्थिक विकास, परम्पराजस्ता कुरालाई पनि शिक्षा प्रणालीमा गाँसिनु आवश्यक छ ।

शिक्षाको गुणस्तर मापनको अर्को आधार बजारमा कस्तो जनशक्तिको माग हुन्छ भन्ने कुराले पनि निर्धारण गर्छ । रोजगारदाताहरूले गुणस्तरीयताको

८. Martha Caddell, Private Schools in Political Conflict in Nepal, The Open University
९. ibid.

मापन 'दक्ष जनशक्ति' को उत्पादनका आधारमा गर्ने गरेका छन् । दैनिक पत्रपत्रिकामा प्रकाशित आवश्यकताका विज्ञापन हेर्दा 'दक्ष जनशक्ति' को मापदण्ड अङ्ग्रेजी बोल्न र लेख्नमा दक्ष अनि कम्प्युटरसम्बन्धी ज्ञानलाई लिनेगरेको देखिन्छ । अङ्ग्रेजी माध्यममा विषयवस्तुको ज्ञान र शिक्षा भएको मान्छेलाई 'दक्ष जनशक्ति' मानिने गरेको छ । दातृनिकाय र अन्य अन्तर्राष्ट्रिय समुदायको मूल्याङ्कनमा सीपयुक्त र पश्चिमेली जगतको आवश्यकताअनुसारको शिक्षा नै गुणस्तरीय भएको छ । सरकार सञ्चालकका परिभाषामा 'देशको लागि आवश्यक जनशक्ति तयार गर्ने' शिक्षा गुणस्तरीय शिक्षा हो, अझ अहिले त 'नयाँ नेपाल' निर्माणको लागि आवश्यक जनशक्ति तयार गर्ने शिक्षा भनिन थालेको छ । त्यो कस्तो शिक्षापद्धति हो र कुन पाठ्यक्रमले त्यस्तो जनशक्ति तयार गर्छ त ? त्योचाहिं प्रस्टसँग ल्याइएको भने छैन ।

सबै सरोकारवालाहरूले आ-आफ्नै ढङ्गले गुणस्तरीय शिक्षालाई बुझेका छन् । तर, सबै पक्षको बुझाइलाई समेटेर त्यसैअनुरूप शिक्षामा सुधार गर्ने अनि देशका लागि आवश्यक व्यावहारिक जनशक्तिको उत्पादन हुनसक्ने शिक्षाप्रणाली निर्माण गर्ने दायित्व सरकारको हो । अनि यसमा सहयोग गर्ने जिम्मेवारी शिक्षाविद् र सरोकारवालाहरूको हो ।

गुणस्तरमा प्रभाव पार्ने कुराहरू

शिक्षा कत्तिको स्तरीय छ भनेर जान्न केही आधारभूत पक्षमा ध्यान दिनुपर्ने हुन्छ । विद्यालय सञ्चालनका लागि आवश्यक न्यूनतम आवश्यक कुराहरू समान सहभागिताको वातावरण, उपयुक्त कक्षाकोठाहरू, शिक्षण सामग्री र दक्ष शिक्षक आवश्यक पर्छन् ।[१०]

शिक्षकको गुणस्तर, शिक्षकको कार्यबोझ, शिक्षक-विद्यार्थीबीच सम्बन्ध, शिक्षकको व्यवहार, शिक्षण विधि, विद्यार्थीको बुझाइ, शैक्षिक सामग्रीको उपलब्धता, विद्यालयको भौतिक पूर्वाधार, परीक्षाप्रणालीजस्ता विद्यालय, पढाइ र परीक्षासँग सीधै जोडिएका विषय मात्र हैन, यसबाहेक विद्यालयमा सञ्चालन गरिने खेलकुद, वक्तृत्वकला वा हाजिरीजवाफ प्रतियोगिताजस्ता

---

१०. खड्का, भूपराज, अनिवार्य निःशुल्क तथा गुणस्तरीय प्राथमिक शिक्षा : अबको अपरिहार्यता कार्यपत्र, २०६३ ।

अतिरिक्त क्रियाकलाप अनि घरको शैक्षिक वातावरणजस्ता कुराहरूले गुणस्तरीय शिक्षाको निर्धारण गर्छ, त्यसैले यो प्रभावित हुन्छ ।

शैक्षिक गुणस्तरसँग प्रत्यक्ष जोडिने विषय शिक्षकको पढाउने शैली र क्षमता प्रमुख हो । तालिमप्राप्त शिक्षकले गुणस्तरीय शिक्षा दिने विश्वास गर्न सकिन्छ । नेपालमा भने तालिम नलिएका निजी विद्यालयको पढाइको गुणस्तर राम्रो छ । सरकारी विद्यालयका शिक्षकले भने तालिम पाउनेगरेका छन् । तर, नेपालमा सरकारी विद्यालयका औसत ४४ प्रतिशत विद्यार्थीले एसएलसी उत्तीर्ण गर्छन्, जब कि निजी विद्यालयमा यो दर ८६ प्रतिशत छ ।[११]

शैक्षिक जनशक्ति विकास केन्द्रले आर्थिक वर्ष ०६३/६४ मा शिक्षक शिक्षण आयोजनातर्फ १९ हजार ९ सयजना शिक्षक, एक हजार ५० जना प्रधानाध्यापक, एक हजार ८ सय ६० जनालाई प्रशिक्षक प्रशिक्षण र एक सय ५५ जनालाई व्यवस्थापन तालिम दिइएको छ । त्यस्तै, माध्यमिक शिक्षा सहयोग कार्यक्रमअन्तर्गत १६ हजार ५ सयजना शिक्षक, एक हजार ३ सय ७५ जना प्रधानाध्यापक र ९० जनालाई प्रशिक्षक प्रशिक्षण तालिम दिइएको सरकारी तथ्याङ्क छ ।[१२] हरेक वर्ष यत्तिकै संख्यामा तालिम लिँदा भत्ता पाउने विशेष सुविधाको रूपमा यसलाई उपयोग गर्दै आएका छन्, सिक्ने अवसरको रूपमा हैन । त्यसैले तालिमको उपलब्धि विद्यार्थीको क्षमतामा देखिन सकेको छैन ।

निजी विद्यालयले दिने शिक्षाको गुणस्तर सरकारी विद्यालयले उपलब्ध गराउने शिक्षाभन्दा उच्च छ । तर यो निश्चित सङ्ख्याका निजी विद्यालयहरूमा मात्र सत्य हुनेछ, बहुसङ्ख्यक विद्यालयमा लागू हुँदैन ।[१३] अधिकांश निजी विद्यालयका शिक्षकसँग तालिम लिएको योग्यता छैन, उनीहरूको यसतर्फ रूचि पनि छैन । 'शिक्षा पत्रकार समूहको निजी विद्यालयसम्बन्धी अध्ययन, २०६४' मा निजी विद्यालयका ३७ प्रतिशत विद्यार्थीले सक्षम शिक्षक पाएका छन् भने ४६ प्रतिशतले दक्ष । तर, १६ प्रतिशतले भने औसत क्षमताको

११. सेभ द चिल्ड्रेन नर्वे, Private sector involvement in education : A perspective from Nepal and Pakistan

१२. आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय, २०६४

१३. सेभ द चिल्ड्रेन नर्वे, Private sector involvement in education : A perspective from Nepal and Pakistan

शिक्षक पाएको जवाफ दिएका छन् । तथापि, घोकाउने विद्या, परीक्षामुखी पढाइ र विश्वबजार सुहाउँदो कारण सरकारी विद्यालयको भन्दा उच्च देखिन्छ ।

सोही अध्ययनअनुसार गुणस्तरीय शिक्षाले विद्यार्थीलाई सिर्जनशील, प्राविधिक र व्यावसायिक सिकाइमा केन्द्रित, चुस्त प्रशासन राख्न र श्रम बजारमा बिकाउ बनाउँछ । सक्षम र गुणस्तरीय शिक्षक र अरू कर्मचारीको सन्तुष्टि, शिक्षक र कर्मचारीलाई दिने सुविधाले गुणस्तरीय शिक्षाको निर्धारण गर्छ । नियमित बैठक, कर्मचारीलाई राम्रो तलब-सुविधा, शिक्षकलाई तालिम र शिक्षक-अभिभावकबीचको अन्तर्क्रिया पनि गुणस्तरीय शिक्षाका केही कडी हुन् ।

समूहको अध्ययनमा निजी विद्यालयका शिक्षकको कार्यबोझ बढी भएको पाइएको छ । ४० प्रतिशतभन्दा बढी शिक्षकले दैनिक पाँच घण्टीभन्दा बढी पढाउने गरेका छन् । १५ प्रतिशत शिक्षकले त दैनिक सात घण्टीभन्दा बढी घन्टी पढाइरहेका छन् । सर्वेक्षणमा समेटिएका मध्ये १३ प्रतिशत शिक्षकले अरू केही काम नपाएर र ३१.८ प्रतिशतले पैसा कमाउन यो पेसा अपनाएको बताएका छन् । यसबाट देखिन्छ- शिक्षाजस्तो आदर्श पेसा अपनाउने शिक्षकको अवस्था जसले गुणस्तरीय शिक्षामा प्रत्यक्ष प्रभाव परेको छ ।

धेरैजसो निजी विद्यालयमा शैक्षिक सामग्री समयमै उपलब्ध हुने पाइएको छ । अध्ययनमा संलग्न गराइएकामध्ये ३३ प्रतिशत विद्यार्थीले शिक्षकले पढाएको नबुझेको बताएबाट शिक्षण विधिप्रति विद्यार्थीको बुझाइ सकारात्मक देखिँदैन । परीक्षामुखी भएर विद्यार्थीलाई रटाउने र उत्तीर्ण सङ्ख्याको आधारमा गुणस्तरको मापन गर्ने गरिएको पाइन्छ ।

थरीथरी शिक्षालय

शिक्षा ऐनले विद्यालयलाई सामुदायिक र संस्थागत गरी दुई भागमा विभाजन गरेको छ । सरकारबाट नियमित रूपमा अनुदान पाउने गरी स्वीकृति प्राप्त विद्यालयलाई सामुदायिक विद्यालय भनी परिभाषित गरिएको छ । सरकारी र सामुदायिक विद्यालयहरू 'सामुदायिक विद्यालय' अन्तर्गत पर्छन् । सरकारबाट नियमित अनुदान नपाउनेगरी खुलेका विद्यालयलाई संस्थागत

विद्यालयको सङ्ज्ञा दिइएको छ ।[१४] संस्थागत विद्यालयहरू गुठी वा कम्पनी ऐनअन्तर्गत सञ्चालित छन् ।

सबै निजी विद्यालयहरू संस्थागत विद्यालयको परिभाषामा पर्छन् । कम्पनी ऐनअन्तर्गत खुलेका निजी विद्यालयहरूले निजी सम्पत्ति र स्वामित्वमा नाफाआर्जन गरिरहेका छन् । यसलाई 'शिक्षाक्षेत्रमा व्यापारीकरण' भनेर व्यापक आलोचना पनि गरिँदै आएको छ । एकजना शिक्षासेवी सिदार्थ वनस्थली इन्स्टिच्युटका प्रिन्सिपल लक्ष्मण राजवंशीको मूल्याङ्कन छ, 'गुणस्तरीय शिक्षाको नाममा शिक्षाक्षेत्रको व्यापारीकरण मात्र गरिएको छैन, अपराधीकरणसमेत भित्रिएको छ ।[१५]' निजी विद्यालयहरूमा शैक्षिक माफियाहरू हावी भएको पनि राजवंशी बताउँछन् । आलोचकहरूको तर्क छ- यसो गरिनु सामाजिक हितप्रतिकूल छ । नाफा नलिने उद्देश्यले स्थापित 'शैक्षिक गुठी' ले पनि विद्यालय सञ्चालन गर्नसक्ने व्यवस्था ऐनले गरेको छ ।

चार वर्ष पूरा गरेका बालबालिकालाई एकवर्षे शिक्षा दिन पूर्वप्राथमिक विद्यालयको व्यवस्था गरेको छ । कक्षा एकदेखि पाँचसम्म 'प्राथमिक शिक्षा', ६ देखि ८ सम्मलाई निम्न माध्यमिक र कक्षा ९-१० लाई माध्यमिक शिक्षा भनिएको छ । त्यसैअनुसार प्राथमिक, निम्नमाध्यमिक र माध्यमिक विद्यालय विभाजन गरिएको छ । कक्षा ११ र १२ लाई उच्चमाध्यमिक शिक्षाको रूपमा परिभाषित गरिएको छ, जो उच्चमाध्यमिक शिक्षा ऐन, २०४६ अन्तर्गत सञ्चालित छन् ।[१६]

माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (एसएलसी) मा सामुदायिक र संस्थागत सबैखाले विद्यालयका विद्यार्थीले एउटै प्रश्नपत्रको उत्तर लेख्नुपर्ने व्यवस्था त गरिएको छ । तर, निजी विद्यालय र सरकारी विद्यालयले दिने विद्यालय शिक्षाको स्तरमा ठूलो अन्तर छ । निजी विद्यालयमा प्रायः अङ्ग्रेजी माध्यममा पढाइन्छ । अङ्ग्रेजी, विज्ञान, गणितजस्ता विषयमा अतिरिक्त शिक्षा दिइन्छ, साथै प्राथमिक तहदेखि नै कम्प्युटर सिकाइन्छ । महँगो शुल्क लिने निजी विद्यालय सहरबजारकेन्द्रित छन् ।

---

१४. शिक्षा ऐन, २०२८ (संशोधनसहित)

१५. शिक्षाविद् लक्ष्मण राजवंशीले लेखकसँग गरेको कुराकानी

१६. उच्च मावि शिक्षा ऐन, २०४६

गाउँका गरिब जनताका छोराछोरी पढ्ने सरकारी विद्यालयहरूमा नेपाली भाषामा पढाइ हुन्छ । निजीमा 'नर्सरी' देखि नै अङ्गेजी भाषामा पढाइन्छ, अनि चार कक्षा पुगेपछि एबीसीडी सिकाउन थालिने सरकारी विद्यालयहरूका बहुसङ्ख्यक विद्यार्थीहरूले एसएलसीसम्म कम्प्युटर देख्न पनि पाएका हुँदैनन् । फेरि सरकारी विद्यालयको गुणस्तर कति नाजुक छ भने सरकारी विद्यालयका शिक्षकले आफ्नै छोराछोरीसमेत निजी विद्यालयमा पढाउन पठाएका उदाहरण सहरबजारमा प्रशस्तै पाइन्छ । अझ बजारोन्मुख गाउँहरूमा त सरकारी विद्यालयका शिक्षकहरू आफ्नो विद्यालयको स्तर सुधार्नतिर हैन, बरू आफ्नै लगानी र अग्रसरतामा निजी विद्यालय सञ्चालनसमेत गरिरहेका पाइन्छन् ।

शिक्षाका चुनौती

केन्द्रीय तथ्याङ्क विभागका अनुसार, ६ देखि १५ वर्ष उमेरका बालबालिकामध्ये ५४ प्रतिशत लेखपढ गर्नसक्ने छन् । १५-२४ वर्ष उमेर समूहमा यो दर ७४ प्रतिशत छ । समग्रमा १५ वर्षभन्दा माथिको उमेरका नेपालीमा साक्षरतादर ४४ प्रतिशत छ । सरकारको सन् २०१५ सम्म 'सबैका लागि शिक्षा' नीति सार्थक र सफल हुने अवस्था देखिँदैन । एकतर्फ प्रौढ साक्षरता बढाउन सजिलो छैन, अर्कातिर पेटको भोक टार्ने समस्या शिक्षाभन्दा प्राथमिकताक्रममा अगाडि पर्नु स्वाभाविक हो । साहुको घरमा दैनिक ज्याला-मजदुरी गरेर पनि परिवारको बिहान-बेलुकाको छाक टार्न नसक्ने अवस्थाका अभिभावकले छोराछोरीलाई विद्यालय पठाउनुको साटो कसैको घरमा बाख्रा चराउन 'चरूवा' राखिदिने दलित र गरिब परिवार हाम्रै सिराहा-सप्तरीका गाउँहरूमा प्रशस्तै छन् । त्यस्तै, केही समयअघि ओखलढुङ्गा जिल्लाको भदौरे गाविसको भोजेस्थित माझीगाउँमा पुग्दा त्यहाँको विद्यालयका सबै विद्यार्थी गहत उखेल्न गएकाले विद्यालयमा शिक्षक मात्र भेटिएको उदाहरण पनि गरिबी र गुणस्तरीय शिक्षाका लागि उदाहरण बन्नसक्छ ।

यसरी हेर्दा छोराछोरीलाई जेनतेन विद्यालय पठाउनसक्ने अवस्थाका नेपालीका लागि पढेपछि 'जागिर' पाउने विद्या गुणस्तरीय शिक्षा हो भने ग्रामीण भेगका मध्यम र उच्चवर्गको लागि डाक्टर, इन्जिनियर बनाउने शिक्षा गुणस्तरीय शिक्षा हो । तर, बिहान-बेलुका खानसम्म धौ-धौ पर्ने,

स-साना छोराछोरीलाई पालनपोषण गर्न नसकेर अर्काको घरमा 'नोकर' राख्ने अवस्थाका परिवारका लागि विद्यालय पठाएर साक्षर बनाउनु नै पनि गुणस्तरीय शिक्षाको बुझाइभित्र पर्नसक्छ । गाउँका धनी, सहरका निम्न-मध्यम, मध्यम र उच्चवर्गको बुझाइमा देशभित्रै भन्दा पनि सकेसम्म युरोप-अमेरिका वा संसारका विकसित सहरमा गएर धन र प्रतिष्ठा आर्जन गर्नसक्ने शिक्षा गुणस्तरीय शिक्षा बनेको छ । यी विभिन्न वर्गका नेपालीबीचको असमानता बढ्दै गएको छ । उच्चवर्ग तीव्र गतिमा माथितिर गइरहेको छ, तर तल्लो वर्गको अवस्थामा सुधार हुनसकेको छैन । त्यसैले यस्तो अवस्थामा समतामूलक शिक्षाको विकास गर्नु अझै कठिन कार्य हो ।

पढ्नुको अर्थ ज्ञान आर्जन गर्नु हो, चेतनामा विकास गर्नु हो । ढङ्ग र शैलीमा सुधार पनि हो । तथापि, पढ्ने भनेको जागिर खानका लागि हो भन्ने मान्यताले समाजलाई गाँजेको छ । अझ महँगो शिक्षा हासिल गरेकाहरूले लगानीको प्रतिफल उठाउने ढंगले पेसाको दुरूपयोग गरेका कारण समाजमा विकृति बढेको पनि पाइन्छ । तसर्थ, शिक्षाले धन आर्जन गर्न, मोटर र महलको चाहना बढाउन मात्र सिकाउने हैन, पेसागत इमानदारिता र नैतिकताको पाठ पनि सिकाउनुपर्ने अवस्था छ ।

गुणस्तरीय शिक्षाका लागि शिक्षकले आवश्यक ठानेका र विद्यार्थीले चाहेका शैक्षिक सामग्री विद्यालयमा उपलब्ध हुनुपर्छ । संसारमा भएका नयाँ अध्ययन, आविष्कार र उपलब्धिबारे शिक्षकले विद्यार्थीलाई सिकाउनुपर्छ । शिक्षकले विद्यार्थीका सबै जिज्ञासाको समाधान र नयाँ जानकारीहरू दिनुपर्छ । संसारमा भएको विकासलाई नेपाली संस्कृतिसँग जोडेर शिक्षा दिन सक्नुपर्छ । यसका लागि विद्यालयले शिक्षकका आवश्यकता पूरा गर्नुपर्छ, शिक्षा मन्त्रालयले ती विद्यालयलाई सहजकर्ताको रूपमा सहयोगी भूमिका निभाउनुपर्छ । नेपाल र विश्वपरिवेश दुवैलाई सुहाउँदोरूपमा पाठ्यक्रम अद्यावधिक गर्नुपर्छ ।

शैक्षिक संस्थाहरूको सफलताको निर्धारण बालबालिकाको सहभागिताले गर्छ । बालबालिकाबारे निर्णय गर्दा त्यसप्रतिको दृष्टिकोण र त्यसले उनीहरूमा पार्ने प्रभावबारे पनि बुझ्नुपर्छ । विद्यालय कति बालमैत्री छ भन्ने आधारमा विद्यालयको गुणस्तरीय सिकाइको मूल्याङ्कन गर्न सकिन्छ ।[१७]

---

१७. सेभ द चिल्ड्रेन नर्वे, Private sector involvement in education : A perspective from Nepal and Pakistan

शिक्षा पत्रकार समूहले निजी विद्यालयमा गरेको एक अध्ययनमा ४६ प्रतिशत शिक्षक प्रखर, ३७ प्रतिशत शिक्षक सक्षम र १६ प्रतिशत शिक्षकमा औसात क्षमता मात्र भएको विद्यार्थीले बताए । तर, सो अध्ययनमा ६७ प्रतिशत विद्यार्थीले मात्र शिक्षकले पढाएको राम्ररी बुझ्ने बताएका थिए । फेरि २२ प्रतिशत शिक्षकले त विद्यालयबाट मासिक पाँच हजार रुपैयाँभन्दा कम मात्र तलब पाउने गरेका छन् । मासिक १० हजार रुपैयाँभन्दा बढी मासिक तलब पाउने शिक्षकको सङ्ख्या साढे आठ प्रतिशत मात्र रहेको पाइएको छ । न्यून पारिश्रमिकमा काम गर्ने शिक्षकले कसरी गुणात्मक शिक्षा दिनसक्छ ? गुणात्मक शिक्षाको कुरा गर्दा शिक्षकको सेवा र सुविधा बढाउनेतर्फ पनि ध्यान दिनु जरूरी छ । अर्कातर्फ गुणात्मक शिक्षाको नाममा विद्यार्थीलाई पढाइभन्दा परीक्षामा नै बढी जोड दिइएको छ ।

गुणस्तरीयताका नाममा पढाइभन्दा परीक्षा नै धेरै लिने, स-साना विद्यार्थीले बोकेर हिँड्न पनि धौ-धौ पर्ने ठूलो झोलामा किताबकापी बोकाउने अनि बुझाउनेभन्दा घोकाउने शिक्षा दिने समस्या निजी विद्यालयमा व्याप्त छ । सिङ्गो पढाइ परीक्षा उत्तीर्ण गराउनेतर्फ केन्द्रित रहेको छ । समूहको अध्ययनमा १६.१ प्रतिशत विद्यार्थीले परीक्षा प्रणालीप्रति असन्तुष्टि जनाएका छन् भने १३.४ प्रतिशत विद्यार्थीले निजी विद्यालयमा चिट चोर्ने बानीसमेत स्वीकारेका छन् ।

निष्कर्ष

गुणात्मक शिक्षाको परिभाषा सरकारले प्रस्ट पारेको छैन, न त निजी विद्यालय, शिक्षक वा अभिभावकको बुझाइमा नै एकरूपता छ । शिक्षाको गुणात्मकता समय, स्थान, आर्थिक-सामाजिक अवस्थाअनुसार फरक-फरक हुन्छ । गुणस्तरीय शिक्षाको बहसमा विद्यालयभित्रको कुरा बढी उठ्ने गरेको छ, तर विद्यालय जीवन सकेपछि शिक्षामा लगानी गर्ने परिवार मात्र हैन, देशको लागि उसले के दिनसक्यो भन्ने पनि हेरिनु आवश्यक छ । शिक्षा प्रतिभा-पलायनका लागि सहयोगी हैन, देश र समाजका लागि योगदान दिन पनि क्रियाशील हुनु आवश्यक छ ।

पढेपछि बेरोजगार बस्नु नपर्ने शिक्षा गुणात्मक शिक्षाको एउटा मापक हुनसक्छ । गुणस्तरीय शिक्षालाई सरोकारवालाहरूले आ-आफ्नै दृष्टि र

स्वार्थअनुरूप व्याख्या गरेका छन् । बुझाइ आ-आफ्नै छ । समग्रमा निचोड निकाल्दा गुणस्तरीय शिक्षा भन्नाले- पढेपछि बेरोजगार बस्नु नपर्ने, श्रमबजारको आवश्यकता पूरा गर्ने, नयाँ-नयाँ प्रविधि खोजी र अध्ययन गर्ने अनि गुणस्तरीय उत्पादन दिनसक्ने जनशक्ति उत्पादन गर्ने शिक्षा हो जसबाट देशको आवश्यकताअनुसार सक्षम, सभ्य, नैतिकवान, सु-संस्कृत, सृजनशील, कर्तव्यनिष्ठ, विकास आत्मसात गर्नसक्ने, असल समाज र देश निर्माण गर्नसक्ने सक्षम जनशक्ति उत्पादन गर्न सकोस् । जनताको अपेक्षा पूरा गर्न सकोस् ।

गुणात्मक शिक्षाको नारा दिने तर गुणात्मकताका विषयमा सरकार सधैं बिनापरिभाषा बसिरहन मिल्दैन । सरकारले यसको प्रस्ट व्याख्या गर्नुपर्छ । निजी विद्यालयको योगदानका विषयमा प्रशंसा गरेर नथाक्ने शिक्षा क्षेत्रसँग सम्बद्ध सरकारी उच्चअधिकारीले आफ्ना छोराछोरी पनि पढाउनसक्ने वा सरकारी विद्यालयका शिक्षकले आफ्नो छोराछोरी आफैंले पढाउने विद्यालयमा छोराछोरी पढाउनसक्ने स्तरको सरकारी विद्यालयको निर्माण गर्ने काम गर्नुपर्छ ।

धनी व्यक्तिलाई महँगो शुल्क तिरेर सुविधासम्पन्न निजी विद्यालयमा पढाउने अधिकार छैन भन्न त मिल्दैन, तर सबै गरिब नेपालीका छोराछोरी पढ्ने सामुदायिक विद्यालयको स्तरमा सुधार हुनु जरूरी छ । यसो भए मात्र नयाँ नेपाल र समतामूलक शिक्षाको नारा केही हदसम्म सफल होला । 'डोनर ड्राइभन' पाठ्यक्रम र शिक्षानीतिले प्रतिभापलायनलाई प्रोत्साहन गरिरहन्छ । नाराका रूपमा अघि सारिएको गुणात्मक शिक्षालाई व्यवहारमा परिणत गर्न यसको स्पष्ट परिभाषा नगर्ने अनि गफ गर्दै जाने हो भने देशको भविष्य अन्धकारतर्फ डोहोरिने खतरातर्फ ध्यान दिनु जरूरी छ । ■

(शिक्षा पत्रकार समूहका सदस्य ढुङ्गेल 'नेपाल' राष्ट्रिय साप्ताहिकसँग आबद्ध छन्)

सन्दर्भसूची

१) तीनवर्षे अन्तरिम योजना (२०६४/६५-२०६६/६७)

२) दसौं योजना (२०५९-२०६४)

३) शिक्षा ऐन, २०२८ (संशोधनसहित

४) बजेट वक्तव्य, आव ०६१/६२

५) उच्चमाध्यमिक शिक्षा ऐन, २०४६

९) आर्थिक सर्वेक्षण, अर्थ मन्त्रालय २०६३ ।

१०) मानव विकास प्रतिवेदन, सन् २००१, २००४

११) आर्थिक सर्वेक्षण- अर्थ मन्त्रालय २०६४ ।

१२) नेपालको अन्तरिम संविधान- २०६३

१३) विद्यालय सुधार कार्यक्रम- नीति तथा रणनीतिसम्बन्धी मूल दस्तावेजको मस्यौदा- शिक्षा तथा खेलकुद मन्त्रालय, २०६४ ।

१) कोइराला विद्यानाथ प्रा.डा.- गुणस्तरीय शिक्षाका चुनौती र सरोकारवालाको भूमिका/शिक्षामा वैकल्पिक चिन्तन, प्रकाशक : एफो- नेपाल ।

२) खड्का भूपराज, अनिवार्य, निःशुल्क तथा गुणस्तरीय प्राथमिक शिक्षा : अबको अपरिहार्यता- कार्यपत्र ।

३) राजवंशी, लक्ष्मण, शिक्षाविद्सँगको कुराकानीमा आधारित ।

१४) सेभ द चिल्ड्रेन नर्वे, Private Sector involvement in Education : A perspective from Nepal and Pakistan

१५) Martha Caddell, The Open University, Private Schools and Political Conflict in Nepal

१६) http/potal.unesco.org/education

समताका दृष्टिले निजी विद्यालय

■ राजाराम गौतम

के शिक्षा व्यापार हो ? जो धनी छ, त्यसले अन्य उपभोग्य वस्तु किनेजस्तै मनखुसी शिक्षा किन्न सकिने वस्तु हो ? अथवा, यो हरेक नागरिकको नैसर्गिक अधिकार हो ? २०४६ पछि निजी विद्यालयका विषयमा यी प्रश्नलाई लिएर बहस र विवाद हुनेगरेको छ ।

सन्दर्भ

सम्भ्रान्त नेपाली परिवारका छोराछोरी दार्जिलिङ, सिमला, देहरादूनलगायत भारतीय सहरमा अध्ययन गर्न जाने पुरानो प्रचलन हो । गतिलो शिक्षाका लागि भारतका गनिएका विद्यालयमा पढ्न पठाउने चलन अहिले पनि छ । यद्यपि, त्यसमा कमी आएको पाइन्छ । खासगरी, निजी विद्यालयको सुरुवातसँगै यो प्रचलनमा कमी आएको मानिन्छ । यसबाट निजी विद्यालय खुल्नुका पछाडि पहुँचदारवर्गको भूमिका रहेको बुझ्न कठिन पर्दैन ।

२००७ सालमा फर्पिङमा खोलिएको त्रिभुवनआदर्श माविलाई नेपालको पहिलो निजी विद्यालय मानिएको छ । त्यसपछि, क्रिस्चियन मिसनरीले खोलेको सेन्ट जेभियर्स र सेन्ट मेरिजलगायतका निजीक्षेत्रका विद्यालय खुल्न थाले । प्रजातन्त्र आगमनसँगै सुरु भएको निजी विद्यालय खोल्ने क्रम पञ्चायती शासनकालमा पनि चलिरह्यो । यो क्षेत्र एकाएक फस्टाएको चाहिँ ०४६ को राजनीतिक परिवर्तनपछि हो ।

०४२ पछि नेपालमा पनि उदारीकरण र निजीकरणले प्रश्रय पायो । सरकारले अरू क्षेत्रजस्तै शिक्षालाई पनि निजीक्षेत्रलाई सञ्चालन गर्न दिने नीति लियो । कम्पनी ऐनअन्तर्गत विद्यालय दर्ता गर्ने कानुनी व्यवस्था बनेपछि निजी विद्यालयको बाढी नै आयो । सरकारले विद्यालयलाई नाफामुखी बनाइदिएपछि निजी विद्यालय खोल्ने क्रम बढेको थियो ।

गुणस्तरीय शिक्षाका नाममा मौलाएका निजी विद्यालय यति बढे कि सहरका गल्लीमा पाँच मिनेटको पैदल दूरीमै निजी विद्यालय भेटिनु नौलो हुँदैन । सरकारी आँकडाअनुसार, मुलुकभर ३ हजार ४ सय १३ निजी विद्यालय छन् । जसमा ७ लाख ४० हजार ८ सय ६६ विद्यार्थी छन् । तर, निजीक्षेत्रका सञ्चालकको आफ्नै दाबी छ । ८ हजार ५ सयभन्दा बढी निजी विद्यालयमा करिब २० लाख विद्यार्थी अध्ययन गरिरहेको दाबी निजी विद्यालयका सञ्चालक गर्छन् ।

के शिक्षा व्यापार हो ? जो धनी छ, त्यसले अन्य उपभोग्य वस्तु किनेजस्तै मनखुसी शिक्षा किन्न सकिने वस्तु हो ? अथवा, यो हरेक नागरिकको नैसर्गिक

अधिकार हो ? के गुणस्तरीय शिक्षाको अवसर सबै नागरिकलाई समानरूपमा दिनुपर्दैन ? २०४६ पछि निजी विद्यालयका विषयमा यी प्रश्नलाई लिएर बहस र विवाद हुनेगरेको छ । अङ्ग्रेजी सिकाउने नाममा निजी विद्यालयले व्यापार गरेको आरोप लाग्ने गरेको छ । खासगरी, विद्यार्थी सङ्गठनले निजी विद्यालयले लिने शुल्कका बारेमा पटक-पटक आवाज उठाएका छन् । शिक्षामा व्यापारीकरण गरेको आरोपमा हप्तौं यस्ता विद्यालय बन्द गराइएका छन् ।

त्यसकारण पहुँचभन्दा बाहिरका उत्पीडित जनताको नाममा राजनीति गर्नेहरूले सधैं समतामूलक समाजको माग गर्दै आएका छन् । त्यो समतामूलक समाज जहाँ सामाजिक न्यायको ग्यारेन्टी हुन्छ, सामान्य मानिसले अरू सबै आधारभूत आवश्यकतासहित शैक्षिक न्याय पनि पाउँछ ।

गुणस्तरीय शिक्षा एवम् अन्तर्राष्ट्रिय बजार सँग प्रतिस्पर्धा गर्ने जनशक्ति उत्पादन गरेकाले त्यसबापतको मूल्य लिनु व्यापार होइन भन्ने तर्क निजी विद्यालयका सञ्चालक गर्छन् । उनीहरू आफूले सरकारी विद्यालयले सिर्जना गरेको रिक्तता पूर्ति गरेको र मुलुकलाई चाहिने जनशक्ति उत्पादन गरिरहेको दाबासमेत गर्छन् । तर, यसमा इतरमत राख्नेहरू पनि छन् । यो मतका पक्षधरहरू निजी विद्यालय धनीमानीको पेवाजत्तिकै हुने र पैसा हुनेले मात्रै पढ्न पाउने हो भने सामाजिक संरचनामा वर्गीय खाडल अझै गहिरो हुँदै जाने तर्क गर्छन् ।

विद्यार्थी सङ्घ-सङ्गठनले निजी शिक्षालाई व्यापारीकरणसँग जोड्दै आएका छन् । ती सङ्गठनका नजरबाट हेर्ने हो भने शिक्षामा भएको निजीकरण र व्यापारीकरणले दुईखाले नागरिक उत्पादन गरिरहेको छ । सर्वसाधारण बालबालिका शिक्षाको पहुँचबाट बाहिरिँदै छन् भने तिनकै नाममा ल्यापटप शिक्षा भित्र्याइँदै छ । पढ्ने उमेरका हजारौं विद्यार्थी श्रम गर्न बाध्य छन् भने उही उमेरसमूहका अरू पहुँचवाला परिवारका बालबालिकालाई अवसर नै अवसर छ ।

असमान अवसरको अवस्था नेपाली समाजमा परापूर्वकालदेखि नै विद्यमान छ । सामाजिक, राजनीतिक सांस्कृतिक, आर्थिक, शैक्षिकलगायत विभिन्न क्षेत्रमा सामाजिक न्यायको अवस्था हिजैदेखि टीठलाग्दो रहेको छ । त्यसकारण पहुँचभन्दा बाहिरका उत्पीडित जनताको नाममा राजनीति गर्नेहरूले सधैं समतामूलक समाजको माग गर्दै आएका छन् । त्यो समतामूलक समाज जहाँ सामाजिक न्यायको ग्यारेन्टी हुन्छ, सामान्य मानिसले अरू सबै आधारभूत आवश्यकतासहित शैक्षिक न्याय पनि पाउँछ ।

नेपालको शिक्षामा समता

नेपाली बृहद् शब्दकोशले समतालाई एकनासेपन, बराबरी अथवा सम हुनुको भाव भनी अर्थ्याएको छ । सरल भाषामा समताको अर्थ सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक पक्षमा गरिने समान व्यवहार, समान अवसर हो । समतासँग अधिकार, सामाजिक न्याय र विभेदका विषयवस्तु जोडिएका हुन्छन् । जहाँ विभेद हुन्छ, जहाँ अधिकार र न्याय खोसिन्छ, त्यहाँ समतामूलक समाजका लागि दवाव सिर्जना हुन्छ ।

लोकतान्त्रिक पद्धतिले समतामूलक समाजको परिकल्पना गर्छ । समतामूलक समाज भनेको त्यो समाज हो जहाँ मानिस-मानिसबीच जातजाति, वर्ग, भाषा, क्षेत्र र पुँजीका आधारमा भेदभाव र असमान व्यवहार गरिन्न, मानिसका आर्थिक राजनीतिक, सामाजिक, सांस्कृतिक र शैक्षिक अधिकार सुरक्षित हुन्छन् ।

नेपालको सामाजिक संरचना इसापूर्व २०० वर्षअघिको मनुस्मृतिले व्यवस्था गरेको वर्ण व्यवस्थामा आधारित छ । हाम्रो शिक्षाको पृष्ठभूमि गुरूकुल संस्कृतिमा आधारित छ । वर्णव्यवस्थामा आधारित शिक्षापद्धतिहरू देवकुल, राजकुल, ऋषिकुल र गुरूकुलमध्ये नेपालमा गुरूकुल शिक्षापद्धतिबाट पठनपाठन आरम्भ भएको हो । वर्णव्यवस्थाले शिक्षार्जन गर्ने दायित्व ब्राह्मणलाई मात्र दिएकाले शुद्र र वैश्य सो अवसरबाट वञ्चित भए । त्यहींदेखि नै शिक्षामा विभेदको सूत्रपात भयो ।

लामो अवधिसम्म शिक्षाको नियन्त्रण धार्मिक, सामन्ती समूह र वर्गको हातमा सीमित मात्र रहेन, खास जातजाति र लिङ्गविशेषलाई शिक्षाबाट वञ्चित

राखियो । अधिकांश न्यून आय भएका र ग्रामीण परिवारका बालबालिका शिक्षाबाट वञ्चित रहे । शिक्षा उच्च कुल, जाति र सापेक्षिक उच्च आय भएका र सहरी परिवारका बालकमा सीमित भयो । अधिकांश शिक्षक पनि स्वाभाविक रूपले यसै किसिमका परिवार र समूहबाट भर्ती गरिए ।

राणा प्रधानमन्त्री जङ्गबहादुरले विसं. १९१० असोज २७ गते दरबारियाहरूका लागि मात्रै अङ्ग्रेजी पढाइ थापाथली दरबारबाट आरम्भ गराएका थिए । विसं. १९३२ सालमा त्यही दरबार हाइस्कुलका नामबाट स्थापना भयो । खुलेको १० वर्षपछि मात्रै सो स्कुलमा दरबारिया कर्मचारी र राज तथा राणाभक्त बिर्तावाललाई पढ्ने अनुमति दिइयो, अन्यथा दरबारका सन्तानले मात्रै पढ्न पाउँथे । विसं. १९२६ मा नारायणहिटी पाठशाला, १९३२ मा दिङ्गला संस्कृत पाठशाला र १९४२ मा तीनधारा संस्कृत पाठशाला खुले ।

तत्कालीन प्रधानमन्त्री चन्द्रशमसेरले विसं. १९७५ मा त्रिचन्द कलेजको स्थापना गराए । यी शैक्षिक संस्थामा मूलत दरबारिया शासकवर्ग, गुरूपुरोहित र आसेपासे सत्ताको गुणगान गाउँथे । राणाकालीन अवधिमा विद्यालय खुले पनि यसले नेपाली जनतालाई न्याय दिन सकेन ।

००७ सालमा राणाशाहीको अन्त्य र प्रजातन्त्रको स्थापनापछि शिक्षामा नयाँ प्रयासका थालनी भए । ०१० मा राष्ट्रिय शिक्षा पद्धति बनाइयो र ०११ मा कार्यान्वयन गरियो । ०१७ को शाही कू पछि सर्वाङ्गीण राष्ट्रिय शिक्षा समितिद्वारा शिक्षामा सुधार गर्न आयोग गठन भयो । ०२८ मा राष्ट्रिय शिक्षा पद्धति, उच्च शिक्षा आयोग- ०३९, राष्ट्रिय शिक्षा आयोग- ०४७ ले निजी शिक्षालय खोल्न पाइने व्यवस्था गरेपछि यसकै जगमा टेकेर निजी विद्यालय खुल्ने क्रम बढेको हो ।

नेपालमा लोकतान्त्रिक पद्धतिको संस्थागत अभ्यास गर्ने प्रयास भइरहेको छ । राज्यको नयाँ संरचनाबारे बहस भएको छ । केन्द्रीकृत राज्यप्रणालीले समाजका सबै वर्ग, जातजाति, पेसा-समुदायका सर्वसाधारणलाई अवसरको बाँडफाँडमा न्याय गर्न नसकेको सबैले महसुस गरेका छन् । शिक्षा समाजलाई गतिशील र चेतनशील राख्ने महत्वपूर्ण कडी हो । नेपाली

समाजको आजसम्मको विकासक्रमलाई नियाल्दा यस क्षेत्रमा पनि सामाजिक न्याय समतापूर्ण देखिँदैन । लैङ्गिक, भाषिक, वर्गीय, क्षेत्रीय, जातीय आधारमा विभेदकारी व्यवस्था पाइन्छ ।

लैङ्गिक समता महिला र पुरूषबीच गरिने समान व्यवहार र प्रक्रिया हो । सामाजिक, राजनीतिक र आर्थिक स्रोत र साधनहरूको न्यायोचित वितरणका सम्पूर्ण अवसरमा महिला र पुरूष दुवैको समान पहुँच हुनसक्ने अवस्थाको सिर्जना गरी दुवैलाई सक्षम बनाउनु लैङ्गिक समता हो । लैङ्गिगक समता भन्नाले विद्यमान महिला र पुरूषबीचका विभेद कम गर्न दुवैलाई सबै क्षेत्रमा समान र न्यायोचित अवसरहरू प्रदान गर्न सकिने अवस्था र अवसरको व्यवस्था गर्नु हो । यो महिला र पुरूषलाई न्याय गर्ने एक प्रक्रिया हो ।

भाषिक समता समाजमा रहेका विभिन्न भाषाभाषीलाई सम्मान दिँदै समान अवसरको ग्यारेन्टी गर्नु भाषिक समता हो । भाषा नजानेकै आधारमा शिक्षालगायत सामाजिक अवसरबाट वञ्चित हुन नपर्ने अवस्थाले भाषिक विभेदलाई कम गर्छ ।

शिक्षामा विभेद

सामाजिक, आर्थिक, सांस्कृतिक, शैक्षिक अवसरको पक्षपातपूर्ण वितरणले वर्गीय विभेद जन्मछ । केही व्यक्ति, समुदाय अथवा समूहले अवसर र लाभ पाउँदा समाजमा दुई वर्ग सिर्जना हुन्छ । अवसर तथा सुविधाविहीन र सुविधाभोगी दुई वर्गका कारण समाजमा वर्गविभेद र द्वन्द्वसमेत जन्मिन्छ ।

नेपालको सन्दर्भमा सुविधाविहीनको कोटीमा दलित, जनजाति, आदिवासी, मधेसी, महिला र पिछडिएको क्षेत्रका जनतालाई मान्ने गरिन्छ । अन्तर्राष्ट्रिय शैक्षिक योजना संस्थाले अवसरविहीन वर्गलाई यसरी परिभाषित गरेको छ- 'सुविधाविहीन समूहभित्र सबै बालबालिका, किशोरकिशोरी पर्छन् जो आर्थिक अवस्था, जनजातीय मौलिकता तथा भौगोलिक कारणले शिक्षा र तालिमका सुविधा पाउँदैनन् एवं युवा अवस्थामा रोजगारी तथा महत्वपूर्ण आयआर्जनको अवसरबाट वञ्चित रहन्छन् । कोही, कहिले पनि विद्यालय

भर्ना हुँदैन । कोही आधारभूत साक्षरताको कोर्स पूरा गर्दैन तर कोही आधारभूत शिक्षा पनि प्राप्त गर्दैन ।

सरकारी तथ्याङ्कमा प्राथमिक उमेरसमूहका करिब १३ प्रतिशत बालबालिका विद्यालयबाहिर छन् । जसमध्ये अधिकांश यिनै पछाडि परेका जनजाति, आदिवासी, दलित समुदायका हुन् । निरक्षर समूहभित्र पनि यिनै अवसरविहीन र सुविधाविहीनको बाहुल्य छ । ०६२ को विद्यालयस्तरीय तथ्याङ्कअनुसार प्राथमिक तहमा खुद भर्नादर ८६.८ प्रतिशतमध्ये छात्राहरूको भर्नादर ८३.४ र छात्रको ९०.१ छ । अझै पनि १३ प्रतिशत बालबालिका विद्यालयबाहिर छन् जसको १७ प्रतिशत बालिका छन् । यसमा पनि द्वन्द्वपीडित, दलित, अपाङ्ग र विपन्न बालबालिकाको बाहुल्य छ । नेपालको शिक्षालाई सामाजिक न्यायको पाटोबाट केलाउँदा मूलत लैङ्गिक, भाषिक, भौगोलिक, वर्गीय, जातीय दृष्टिकोणबाट हेर्नुपर्छ ।

विद्यालयको पहुँचबाहिर रहने त अवसरबाट वञ्चित हुने नै भए । तर जो विद्यालय जाने अवसर पाएका छन्, त्यहाँ पनि विभेद छ । छोरा र छोरी दुवै भएको कतिपय परिवारमा छोरालाई निजी विद्यालय र छोरीलाई सरकारीमा भर्ना गरेको थुप्रै दृष्टान्त पाइन्छ ।

काठमाडौंनजिकैको गाउँ स्युचाटारका एक परिवारका पाँच सन्तानमध्ये चार छोरी र एक छोरा छन् । चारैजना गाउँको सरकारी विद्यालयमा पढ्छन् भने एक मात्र छोरालाई निजी विद्यालयको मोटर घरमै लिन आइपुग्छ ।अर्काको घरमा जाने जातलाई किन पढाउनुपऱ्यो भन्ने रूढि सोचबाट यो परिवार मुक्त हुन सकेको छैन । विद्यालयबाट फर्केपछि पनि यहाँ असमान अवसरका थुप्रै नमुना भेटिन्छन् । भाइले गृहकार्य गरिरहँदा दिदीहरूले भने पानी, दाउरा ओसार्ने काममा व्यस्त हुनुपर्छ ।

शिक्षामा लैङ्गिक न्याय हेर्न सन्तुलन र समानताको अवधारणको प्रयोग हुन्छ । लैङ्गिक सन्तुलन मुख्य रूपमा गणितीय धारणा हो । यसले महिला र पुरूषको सहभागिताको गुणात्मक विश्लेषण गर्छ । जस्तै, विद्यालय भर्नाको कुरा गर्दा यस विश्लेषणले पूरै विद्यालयका कक्षाकोठामा कति छात्रा र छात्र छन् तथा छात्रको अनुपातमा छात्रा कति छन् भन्ने लेखाजोखा गर्छ ।

लैङ्गिक समानताले महिला तथा पुरूष वा बालक-बालिकाको समविकासका निम्ति समान अवसर, समान व्यवहार, समान सहयोग, समान लगानी र समान उपलब्धिलाई जनाउँछ ।

भाषिक विभेदको अवस्था तराई र हिमाली भेगका विद्यालयमा अधिक छ । नेपाली भाषा राम्रोसँग बोल्न नजान्ने समुदायका बालबालिकालाई मातृभाषा अध्ययन-अध्यापन गर्ने व्यवस्था सरकारले गर्न सकेको छैन । भौगोलिकताको आधारमा पनि बालबालिकाले शिक्षाबाट वञ्चित हुनुपर्ने अवस्था छ ।

रोल्पाको ओत गाविसका विद्यार्थीलाई नजिकको प्राथामिक विद्यालय पुग्न कम्तीमा तीन घण्टा हिँड्नुपर्छ भने माध्यमिक तह पढ्न त अर्को गाउँमा डेरा नै लिएर बस्नुपर्छ । राजधानीकेन्द्रित धनी निजी विद्यालय यो वर्गका विद्यार्थीका लागि 'आकाशको फल' जस्तै हो । सामाजिक, आर्थिक र भौगोलिक परिवेशको सूक्ष्म विश्लेषण गर्ने हो भने रोल्पाको एउटा गाउँ मात्रै होइन, नेपालको ग्रामीण र सहरी दुवै ठाउँका बालबालिका कमबेसी विभेदको सिकार भएका छन् ।

निजी विद्यालयमा विभेद

नेपालमा सामुदायिक र संस्थागत गरी दुई किसिमका विद्यालय छन् । सरकारी स्वामित्वमा रहेका सार्वजनिक विद्यालयलाई सामुदायिक र निजी स्वामित्वमा रहेकालाई संस्थागत भनी वर्गीकरण गरिएको छ । सरकारी स्वामित्वका सार्वजनिक विद्यालयमा शैक्षिक स्तर न्यून छ । सहरी क्षेत्रमा रहेका केही सार्वजनिक विद्यालयबाहेक उत्पादन र परिणामका हिसाबले यी विद्यालयको प्रस्तुति उत्साहजनक छैन ।

सायद त्यसैको परिणाम हो- निजीक्षेत्रका विद्यालयले गुणस्तरीय शिक्षा दिएको अनुभूति अभिभावकमा बढ्दो छ । शिक्षा पत्रकार समूहले गरेको अध्ययनअनुसार ८६ प्रतिशत अभिभावकले सरकारी विद्यालयलाई निजीको जस्तै शैक्षिक स्तर वृद्धि गर्न सुझाव दिएका छन् भने १२ प्रतिशतले निजीलाई पनि सामुदायिक विद्यालयमा रूपान्तरण गरी समान शिक्षा दिनुपर्ने राय दिएका छन् । निजीलाई सार्वजनिक वा सरकारीमा परिवर्तन गर्नुपर्ने धारणा राख्ने ६.७ प्रतिशत छन् ।

शिक्षा क्षेत्रको नीतिनिर्माण गर्नेदेखि कार्यान्वयन गर्नेसम्मका उच्च अधिकारी, राजनीतिज्ञ, उच्च तहका कर्मचारीलगायतले आफ्ना बालबालिकालाई निजी विद्यालयमा भर्ना गर्ने गरेका छन् । जसले सार्वजनिक विद्यालयप्रतिको चासो घट्दो र निजी विद्यालयको आकर्षण बढ्दो छ । साधनस्रोतका हिसाबले निजी विद्यालय विभिन्न स्तरका छन् । विद्यालयमा उपलब्ध साधनस्रोतका आधारमा निजीभित्रै पनि शुल्कमा समानता छैन । चार-पाँच सयदेखि मासिक १० हजारभन्दा बढी लिने निजी विद्यालय छन् ।

पैसामुखी भएको आरोप लागेको निजी विद्यालय शिक्षा सामाजिक न्यायका दृष्टिले उपयुक्त नभएको आवाज सुन्ने गरिन्छ । एकजना शिक्षाविद्का अनुसार समताको दृष्टिबाट निजी विद्यालयललाई हेर्ने हो भने त्यहाँभित्र सामाजिक न्यायको सिद्धान्तअनुसारको व्यवहार पाइँदैन । त्यहाँका विद्यार्थी र शिक्षक र विद्यालयमा एकरूपता हुँदैन । कतिपय निजी विद्यालयमा विद्यार्थीपिच्छे फरक शुल्क लिने गरिएको छ । यसले नै यहाँभित्रको समताको अवस्थालाई छर्लङ्ग्याउँछ । राजनीतिक दलका नेता, कार्यकर्ता वा पहुँचवाला व्यक्तिका बालबालिका र अरू सर्वसाधारणका बीच शुल्कमै अन्तर गर्ने गरिएको पाइन्छ । निजीका सञ्चालकले पहुँचवाला र राजनीतिक व्यक्तिलाई 'अफर' नै गर्छन् । कसलाई निःशुल्क दिने, कसलाई, कति लिने बडो चलाखीपूर्ण ढङ्गले गर्ने गरिएको छ । त्यसकारण यो 'सिस्टमेटिक' लुटपाट हो ।[1]

निजी विद्यालयमा अनुत्तीर्ण हुने अधिकांश विद्यार्थी सरकारी विद्यालयमा सर्ने गरेका प्रशस्त उदाहरण भेटिन्छन् । आफूले पढायो अनि फेल भयो भने सरकारी विद्यालयमा धकेल्ने प्रचलनलाई शिक्षाविज्ञले असमान व्यावहारको रूपमा लिने गरेका छन् । भर्ना लिने, पढाउने अनि फेल भएपछि अन्तै पठाउने- यस्तो व्यवहारले कसरी सामाजिक न्याय दिन्छ ? प्रश्न उठ्ने गरेको छ ।

निजी विद्यालयका शिक्षकले पाउने तालिम वा तलब निजी विद्यालय समतामूलक छैन भन्ने अर्को उदाहरण हो । सरकारी शिक्षकले भन्दा कम तलबमा निजी विद्यालयका शिक्षक काम गर्न बाध्य छन् । एकै सत्रमा शिक्षक

१ शिक्षाविद् विमल फुँयालसँगको भुराकानी ।

परिवर्तन गर्ने प्रवृत्ति छ । विद्यार्थीले शिक्षकको बानीव्यवहार, पढाउने शैली बुझिन्जेल शिक्षक नै परिवर्तन भइसक्ने प्रवृत्ति यहाँभित्र देख्न सकिन्छ । यी सबै कुराले केटाकेटीको पढाइमा असर गर्छ नै, सँगसँगै वर्षभरि एकनासले पढ्नबाट वञ्चित रहन्छन् ।

निजी विद्यालयभित्रका बालबालिकामा मनोवैज्ञानिक असमताको अवस्था बुझ्न यो उदारहण काफी छ । रातोबङ्गलामा अध्ययनरत एकजना बालकका अभिभावक उनलाई अन्तै सार्ने सोचमा छन् । ती अभिभावक बालकलाई विद्यालय आफ्नो मोटरसाइकलमा पुऱ्याइदिन्छन् । मोटरसाइकलमा जान राजी भए पनि ऊ विद्यालय कम्पाउन्डभन्दा केही वरैबाट हिँडेर जान रूचाउँछ । उसका अरू साथीका बाबुआमाले कारमा विद्यालय छाड्न र लिन आएको देखेको उसलाई मोटरसाइकलमा जाँदा हीनताबोध हुन थालेको छ । अभिभावकले उसको मनोविज्ञान र आफ्नो आर्थिक हैसियत बुझेर आफ्नै हैसियत भएको वर्ग पढ्ने स्कुल सार्ने सोच बनाएका छन् । सबैखाले बालबालिका आउने सेन्टजेभियर्स उनको रोजाइमा परेको छ । यसले आर्थिक रूपमा असमान पृष्ठभूमि भएको परिवारका बालबालिकाबीचको मनोविज्ञान र त्यसले सिर्जना गरेको असमताको अवस्थालाई चित्रण गरेको छ ।

बालबालिकाको मनोविज्ञानका कारण सामाजिक न्यायको अवस्था निजी विद्यालयमा छ भन्ने भनाइसँग यसका पक्षधर भने राजी छैनन् । उदाहरणका लागि उनीहरू विद्यालय पोसाकलाई अगाडि सार्छन् । बालबालिकाले लगाउने समान पोसाकले उनीहरूमा आउनसक्ने धनी-गरिबको भेदलाई वर्जित गर्न सघाएको छ । कक्षामा शिक्षकले धनी र गरिब विद्यार्थीबीच भेदभाव गर्ने गरिएको पाइँदैन ।

धनी र विपन्न पारिवारिक पृष्ठभूमि भएको विद्यार्थीले एकै कक्षामा, एउटै शिक्षा आर्जन गर्ने अवसर पाउने हो भने त्यसले भविष्यमा गरिब र धनी विद्यार्थीले समान अवसर पाउँछन् र समाजमा असमानताको खाडल पुरिँदै जान्छ भन्ने एउटा तर्क छ । समाजमा वर्गविभेद र सामाजिक न्यायको अवस्थालाई यसले सन्तुलित पार्छ भन्ने यस्तो विचारधाराको मान्यता हो ।[२]

---

२ विद्यार्थी नेता गगन थापासँगको कुराकानी

अर्थात् समाजको आर्थिक राजनीतिक,सांस्कृतिक पाटोसंग शिक्षा अन्तर सम्बन्धित हुन्छ । यो समाजको तिनै कुराको प्रतिविम्ब हो भन्ने एउटा भनाइ पाइन्छ । अर्कोतिर, समाजको असमान शक्तिसम्बन्धको प्रतिविम्ब मात्र होइन, शिक्षालाई समतामूलक बनाए त्यसले असमान शक्तिसम्बन्धलाई रूपान्तरण पनि गर्नसक्छ भन्ने अर्को भनाइ छ ।

जाजरकोटमा रहेको एउटा निजी विद्यालयमा विद्यार्थीको राम्रो उपस्थिति छ । एक सयदेखि साढे दुई सय प्रतिमहिना शुल्क तिरेर स्थानीय अभिभावकले आफ्ना बालबालिका त्यहाँ पढ्न पठाउँछन् । बालबाकिको पढाइप्रति अभिभावक सन्तुष्ट छन् । त्यहींको सरकारी विद्यालय र त्यहाँका विद्यार्थीको अवस्था ठीटलाग्दो छ । एउटै कोठामा सम्पूर्ण कक्षाको पढाइ, त्यो पनि एउटै शिक्षकले धान्नुपर्छ ।

यहाँनिर सरकारले गरेको लगानी र निजी विद्यालय जाने विद्यार्थीलाई तिरेको शुल्कबीच तुलना गर्दा सरकारी खर्च बढी देखिन्छ । गुणस्तरको कुरामा निजी अगाडि भएको अभिभावकको सन्तुष्टिले स्पष्ट पार्छ । यो अवस्था हेर्दा निजी विद्यालय विद्यालयले समाजमा विभाजन र असमानताको खाडल ल्याएको छ भन्ने भनाइलाई पुनर्परिभाषित गर्नुपर्ने देखिन्छ । निजी शिक्षालयको वकालत गर्ने जमात शिक्षालाई नागरिकको अधिकार मान्छ तर राज्यले विद्यालय सञ्चालन गरेर शिक्षा दिनुपछ भन्ने मान्दैन । यो जमात स्थानीय निकायमार्फत सरकारले विद्यालय सञ्चालन गर्नुपर्ने राय राख्छ । मुनाफाले केही गर्ने उत्प्रेरणा दिने हुँदा निजीक्षेत्रलाई विद्यालय सञ्चालनको जिम्मा दिनुपर्ने राय पनि यो जमातको छ ।

शिक्षालयमा भर्ना हुनुपहिले र भइसकेपछि दुई भिन्न परिस्थितिको समताको कुरा गर्न सकिन्छ । समाजमा कहाँकहाँ अवसर छ र त्यो अवसर सामाजिक न्यायको सिद्धान्तअनुसार बाँडफाँड भएको छ-छैन भन्ने प्रश्न एउटा हो भने समाजभित्रको शक्तिसन्तुलन र सम्बन्धको कुरासित समेत समता जोडिएको हुन्छ ।[३]

लगानीको आँखाबाट पनि समतालाई हेर्ने गरिन्छ । त्यो बालबालिकालाई पढाउन कति स्रोतसाधनको आवश्यकता पऱ्यो । कसका लागि, कति खर्च भयो र त्यसले कस्तो उत्पादन दियो भन्ने यसै सन्दर्भसँग गाँसिन्छ ।

---

३ शिक्षाविद् फुयालसँगको कुराकानी ।

निजी विद्यालयमा छात्रवृत्ति

मैतीदेवीस्थित सूर्योदय माविमा जम्मा ६ सय ५ विद्यार्थी अध्ययनरत छन् । त्यसमध्ये ६९ जनालाई छात्रवृत्तिको व्यवस्था गरिएको छ । पाँचजना छात्र र तीनजना छात्रालाई होस्टलसहित निःशुल्क पठनपाठनको व्यवस्था गरिएको छ भने बाँकीलाई निःशुल्क शिक्षा दिलाइएको छ । प्रतिशतका हिसाबले यो विद्यालयले आठ प्रतिशत विद्यार्थीलाई छात्रवृत्तिको दायरामा ल्याएको छ ।[४]

शिक्षा ऐन सातौं संशोधनमा संस्थागत विद्यालयले ५ देखि १० प्रतिशत विद्यार्थीलाई छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने कानुनी प्रावधान छ । शिक्षा नियमावलीले निजी विद्यालयलाई थोरैमा पाँच प्रतिशत छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने व्यवस्था गरेको छ । नियमावलीमा भनिएको छ– संस्थागत विद्यालयले कुल विद्यार्थी सङ्ख्याको कम्तीमा पाँच प्रतिशत गरिब, अपाङ्ग, दलित, जनजाति विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउनुपर्नेछ । कक्षामा पहिलो र दोस्रो हुनेलाई जेहेन्दार छात्रवृत्तिको व्यवस्था गर्नुपर्ने पनि नियमावलीले तोकेको छ ।

छात्रवृत्तिको दायरामा अपाङ्ग, द्वन्द्वको मारमा परेका बालबालिका, टुहुरा, आर्थिक अवस्था कमजोर भएका र जेहेन्दार पार्नुपर्ने व्यवस्था गरिएको छ । सूर्योदय माविमा त्यस्तो व्यवस्था भए पनि अधिकांश निजी विद्यालयले उक्त प्रावधानलाई पछ्याएका छैनन् । निजी विद्यालयमा सम्पन्न भनेर चिनिएका विद्यालयले नै छात्रवृत्तिको व्यवस्था खासै नगरेको सञ्चालकहरूको भनाइ छ ।[५]

साना र मझौला निजी विद्यालयले जहेन्दार विद्यार्थी, शिक्षक कर्मचारीका छोराछोरी, द्वन्द्वको मारमा परेका बालबालिका, गरिब विद्यार्थीलाई यस्तो छात्रवृत्ति दिने गरेको पाइन्छ । यस्ता विद्यालयले तीनजना एउटै परिवारका विद्यार्थी भर्ना गरेबापत एकजनालाई निःशुल्क गर्ने व्यवस्था गर्ने गरेको

---

४ स्रोत : सूर्योदय मावि ।

५ प्याब्सनका महासचिव लक्ष्यबहादुर केसीसँगको कुराकानी ।

पाइन्छ । देशभरका निजी विद्यालयमा करिब २० लाख विद्यार्थी अध्ययरत छन् । जसमध्ये ६६ देखि ७० हजारलाई विभिन्न किसिमका छात्रवृत्ति दिइएको छ । शिक्षा पत्रकार समूहले गरेको अध्ययनले ९५ प्रतिशत निजी विद्यालयले छात्रवृत्तिको व्यवस्था गरेको पाएको छ ।

र, अन्त्यमा

नागरिकमाथि धर्म, वर्ण, लिङ्ग, जातजाति, महिला, बालक, वृद्ध, पिछडिएको वर्गलाई विभेद नगरिने व्यवस्था ०४७ कै संविधानले गरेको थियो ।

लोकतान्त्रिक आन्दोलनपछि बनेको अन्तरिम सरकारले जारी गरेको अन्तरिम संविधानले अवसरमा समान पहुँचको ग्यारेन्टी गर्दै विभेदविरूद्ध बोलेको छ ।

नेपाली समाज रूपान्तरणको ऐतिहासिक कालखण्डमा आइपुगेको छ । विभिन्न वर्ग र समुदायका जनता आफ्नो हक सुनिश्चित गर्न उठेका छन् । मुलुक सङ्घीय शासनप्रणालीमा जाने निर्क्योल राजनीतिक दलले निकालिसकेका छन् । राज्यको पुनर्संरचनासँग शिक्षाको पुनर्संरचना पनि अभिन्न रूपमा जोडिएको छ ।

समग्रमा सरकारका नीतिहरू समताका पक्षमा परिमार्जित हुँदै गएको भए पनि परिवारको आर्थिक अवस्था र उसको बसाइँका आधारमा समेत निर्धारित हुनजाने हुँदा निजी विद्यालयमा आमअभिभावकको पहुँचमा असमानता विद्यमान छ । शिक्षालाई समान अवसर र समान पहुँचको विषय बनाउने हो भने निजी शिक्षाका बारे हालसम्म रहिआएका नीतिगत र व्यावहारिक प्रक्रियामा हस्तक्षेप गर्नु आवश्यक छ । तर, शिक्षामा समताको प्रश्नले निजी विद्यालयसँग मात्र सरोकार राख्दैन । त्यसका लागि सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर प्रतिस्पर्धात्मक बनाउन समेत जरूरी छ । जसमा राजनैतिक नेतृत्वको ध्यान जानु आवश्यक छ । ■

(शिक्षा पत्रकार समूहका पूर्व उपाध्यक्ष गौतम 'कान्तिपुर' राष्ट्रिय दैनिकसँग आबद्ध छन् ।)

सन्दर्भसामग्री

- आचार्य रामदीप, *शिक्षा पुनर्संरचनाका मूल मुद्दाहरू*
- मिश्र चैतन्य डा., *शिक्षा र अर्थराजनीति*
- लोहनी गुणराज, *आगामी शिक्षानीति सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक*
- लोहनी गुणराज, *अन्तरिम योजना सामन्ती शिक्षाप्रणालीको निरन्तरता*
- सिन्हा, रामस्वरूप, *एक्काइसौं शताब्दीको शैक्षिक दूरदृष्टि*
- कोइराला विद्यानाथ डा., *शिक्षामा वैकल्पिक चिन्तन*
- *नेपालको अन्तरिम संविधान, २०६३*
- *नेपाल अधिराज्यको संविधान, २०४७*
- *अन्तरिम सरकारको तीनवर्षे शिक्षा योजना*, शिक्षा तथा खेलकुद मन्त्रालय
- *लैङ्गिक समविकासका लागि बालिका शिक्षाको रणनीति तथा कार्यान्वयन योजना*, शिक्षा विभाग
- *लैङ्गिक सचेतना प्याकेज*, शिक्षा विभाग
- *शिक्षा ऐन नियम*, पैरवी प्रकाशन
- *जनमुखी शिक्षा*, वर्ष ७, अङ्क १५, शिक्षा सरोकार मञ्चको जर्नल
- Khaniya Tirtha Raj Dr., *Issue of Equity in Education*, The Kathmandu Post
- Sharma Dr. Suresh Raj, *Role of Private Sector in Education*

व्यवस्थापनमा पनि निजी

■ सुदर्शन सिग्देल

जनस्तरबाट
लगानी गरी निजी
स्वामित्वमा
सञ्चालित
विद्यालयलाई
संस्थागत (निजी)
विद्यालयका रूपमा
बुझिन्छ । यस
किसिमका विद्यालय
नाफामूलक
हुन् जसको
सञ्चालनबाट
प्राप्त मुनाफासमेत
सञ्चालकले नै
लिन पाउँछन् ।

पृष्ठभूमि

जनस्तरबाट लगानी गरी निजी स्वामित्वमा सञ्चालित विद्यालयलाई संस्थागत (निजी) विद्यालयका रूपमा बुझिन्छ । यस किसिमका विद्यालय नाफामूलक हुन् जसको सञ्चालनबाट प्राप्त मुनाफासमेत सञ्चालकले नै लिन पाउँछन् ।

नेपालमा निजी विद्यालय स्थापना र सञ्चालन विसं. २००८/०९ बाटै गर्न थालिए पनि ०३६ पछि माध्यमिक स्तरका निजी विद्यालय खोल्न सरकारले अनुमति दिएपछि निजी विद्यालय छुट्टै अस्तित्व र ठूलो आकारका रूपमा जनस्तरमा आएको हो ।[१]

संशोधित शिक्षा ऐनले २०५८ सम्म आइपुग्दा निजी विद्यालयलाई कम्पनी र गुठीमा विभाजन गरिदियो ।

अहिले देशभर निजी विद्यालयको संख्या झन्डै साढे आठ हजारको हाराहारीमा रहेको निजी विद्यालय संगठनहरूको दाबी छ । यत्तिको सङ्ख्यामा रहेका विद्यालय कसरी चलेका छन् ? यिनीहरूको व्यवस्थापनपक्ष कस्तो छ र त्यसले विद्यार्थी, शिक्षक, अभिभावक, देशको नीति तथा समाजलाई कस्तो प्रभाव पारिरहेको छ भन्ने चासो उठ्नु स्वाभाविक छ । निजी विद्यालय 'हुँदा-खाने' भन्दा 'हुनेखाने' का लागि हो भन्ने आमधारणा बनेको छ । यथार्थमा यस धारणामा सत्यताको अंश बढी पाइन्छ । त्यस्तै, निजी विद्यालय केवल नाफामुखी देखिए । 'पारदर्शिता छैन, कानुन मान्नेभन्दा पनि 'आफूखुसी' गर्ने प्रवृत्ति देखियो' जस्ता जनगुनासा सुनिन्छन् । यस्तै थुप्रै गुनासाबीच यस सानो लेखमा नेपालमा निजी विद्यालयको व्यवस्थापन कस्तो छ भन्ने विषयमा सामान्य चर्चा गरिनेछ ।

विद्यालय व्यवस्थापन

वि.सं. २००७ सालको राजनीतिक क्रान्तिपछि नै जनस्तरबाट विद्यालय खुल्न थाले । त्यसबेलादेखि नै निजी विद्यालयको व्यवस्थापन सुरु भयो

---

१. निजी विद्यालय सञ्चालक बीएल शर्मासित गरिएको कुराकानीमा आधारित ।

भन्न सकिन्छ । तर, कानुनी र व्यवस्थित तवरले चाहिँ निजी विद्यालयको व्यवस्थापन पनि ०३६ बाटै सुरु भएको मानिन्छ । त्रिभुवन विश्वविद्यालयले स्नातकस्तरमा शैक्षिक व्यवस्थापनसम्बन्धी तालिम ल्याब विद्यालयबाटै थालेको थियो ।[२]

विद्यालय व्यवस्थापन जान्नुभन्दा पहिला व्यवस्थापन नै के हो भन्ने बुझ्न आवश्यक छ । व्यवस्थापन कस्तो हुनुपर्छ भनेर विभिन्न विद्वान्हरूले परिभाषा दिएका छन् । वैज्ञानिक व्यवस्थापनका पिता फ्रेडरिक विन्स्लो टेलरले व्यवस्थापनको परिभाषा यसरी दिएका छन्- 'व्यवस्थापन तपाईं के गर्न चाहनुहुन्छ भनेर थाहा पाउने र सो काम गने सर्वोत्तम एवम् किफायती विधि थाहा पाउने कला हो ।'[३]

टेलरले आफ्नो परिभाषामा तीन कुरामा जोड दिएका छन्-

- व्यवस्थापन एक कला हो,
- यसले कार्यको निर्धारण गर्छ,
- र, यसले निर्धारित कार्य सञ्चालन गर्न उत्तम तथा किफायती बाटोको खोजी गर्छ ।

प्राध्यापक जोन एफ. मीको भनाइमा 'व्यवस्थापन न्यूनतम प्रयासद्वारा अधिकतम परिणाम प्राप्त गर्ने कला हो जसद्वारा मालिक एवम् कामदार दुवैका लागि अधिकतम समृद्धि र जनताका लागि सर्वश्रेष्ठ सेवा सम्भव हुन्छ ।'

फ्रान्सेली विद्वान् हेनरी फेयलले 'व्यवस्थापनको उद्देश्य पुर्वानुमान लगाउनु, योजना बनाउनु, सङ्गठित गर्नु, निर्देशन दिनु, समन्वय गर्नु तथा नियन्त्रण गर्नु हो' भनेका छन् । अर्का विद्वान् पिटर एफ ड्रकर 'व्यवस्थापन एक बहुउद्देश्यीय अङ्ग हो जसले व्यवसायको व्यवस्थापन गर्छ, कामदार एवम् कामको व्यवस्थापन गर्छ' भन्ने धारणा राख्छन् । अमेरिकी व्यवस्थापन

---

२. निजी विद्यालय सञ्चालक बीएल शर्मासित गरिएको कुराकानीमा आधारित ।

३. http://www.skymark.com/resources/leaders/taylor.asp

सङ्घले भनेको छ-'व्यवस्थापन मानवीय तथा भौतिक साधनहरूका क्रियाशील सङ्गठनका ती इकाइसँग सम्बन्धित छ जसले व्यक्तिहरूलाई सन्तोष प्रदान गर्ने र सेवाहरूमा उच्च नैतिकस्तर एवम् काम पूरा गर्ने उत्तरदायित्व उत्पन्न गर्ने उद्देश्य पूरा गर्छ ।'

सामान्यतः विद्यालयको शैक्षिक, प्रशासनिक, आर्थिक तथा भौतिक व्यवस्थाको चाँजो मिलाउनुलाई 'विद्यालय व्यवस्थापन' भन्ने बुझिन्छ । 'विद्यालय' भन्नेबित्तिकै मानिसहरू विद्यार्थी, शिक्षक र कक्षाकोठाको कल्पना गर्छन् । सँगसँगै विद्यालयमा 'व्यवस्थापन' जोडिँदा एउटा विद्यालयमा हुनुपर्ने पूर्वाधारलाई बुझिन्छ । अर्थात्, विद्यालय बन्नका लागि चाहिने सबै पक्षको समिश्रणलाई नै विद्यालय व्यवस्थापन हो भन्न सकिन्छ । नेपालमा दुईखाले विद्यालय व्यवस्थापन विद्यमान देखिएका छन् । एउटा सरकारी विद्यालय र अर्कोचाहिँ निजी विद्यालय व्यवस्थापन ।

विद्यालयको आधारभूत व्यवस्थापन विद्यालय खोल्नुअघि नै खोजिन्छ । विद्यालय खोल्नका लागि शिक्षा नियमावलीले नै स्पष्ट मापदण्ड तोकिदिएको छ । विद्यालयको स्थायी आयस्रोत, विद्यालयमा प्राथमिक उपचार सामग्री र विद्यालयको हाता कम्पाउन्डले घेरिएको हुनुपर्ने आधार तोकिएको छ । त्यसैगरी, पाठ्यपुस्तक, पाठ्यक्रम र अन्य सन्दर्भ सामग्रीसहित पुस्तकालयको व्यवस्था, शैक्षिक सामग्री, स्वस्थकर खानेपानी, हावाको प्रवाह तथा प्रकाश छिर्ने खालको कक्षाकोठा भएको भवन, विद्यार्थी सङ्ख्याका आधारमा फर्निचर सङ्ख्या, विद्यालय खोल्नका लागि न्यूनतम मापदण्ड हुन् भनिएको छ ।[४]

निजी विद्यालय व्यवस्थापनलाई सामान्यतया ४ भागमा छुट्ट्याएर हेर्न सकिन्छ :

१. शैक्षिक व्यवस्थापन

शैक्षिक व्यवस्थापन भन्नाले सामान्यतया एउटा विद्यालयमा शिक्षणका लागि शिक्षक परिचालन, उसको अध्यापनका निम्ति पिरियड निर्धारण, वार्षिक योजना, कार्यतालिका र पाठ्यभार निर्माण गर्नु हो भन्ने बुझिन्छ । शिक्षकलाई

---

४. शिक्षा नियमावली, अनुसूची-३, नियम ४

कति पाठ्यभार दिने र शिक्षण तथा खाली समयका लागि के-कति समय छुट्याउने भन्ने काम शैक्षिक व्यवस्थापनभित्र पर्छ ।

तुलनात्मक रूपमा सरकारीभन्दा निजी विद्यालय शैक्षिक व्यवस्थापनका दृष्टिमा प्रशंसनीय बनेका छन् । कमसेकम समयको पालनामा विद्यालय सञ्चालक, शिक्षक, विद्यार्थी संवेदनशील देखिन्छन् (निजी विद्यालयसम्बन्धी अध्ययन, २०६४) ।

अधिकांश विद्यालयले अध्ययन-अध्यापनलाई व्यवस्थित गर्न विद्यालयको वार्षिक कार्यतालिका (क्यालेन्डर) बनाएको देखियो । औसत पढाइ वर्षभरि १ सय ८० दिन हुनुपर्छ । विद्यालय सञ्चालकका अनुसार निजीमा अधिकतम २ सय २५ र न्यूनतम २ सय दिन पढाइ हुनेगर्छ ।

प्याब्सनका अनुसार गत साल (०६३) जम्मा १ सय ६७ दिन पढाइ भएको थियो । शैक्षिक हडताल र विभिन्न बन्दका कारण निजी विद्यालय प्रशासनले चाहेजति पढ्ने दिन पुऱ्याउन भने हम्मे परेको देखिन्छ । यसै वर्ष (०६४ माघसम्म) पनि मुलुकभरिका विभिन्न ठाउँमा गरी ३१ दिन त हडताल भइसकेका छन् । विद्यालय बन्द भएको घाटालाई व्यवस्थित गर्न निजी विद्यालयहरूमा शनिबार र अन्य बिदाका दिन पनि पढाउने चलन बढेको छ । अब भने हडताल नभएको अवस्थामा पनि २ सयदेखि २ सय २५ दिनसम्म पढाइ नहुने देखिन्छ । किनभने निजी विद्यालयले सरकारी बिदा र अन्य पर्वमा विद्यालय बन्द गर्ने प्रक्रिया थालेका छन् ।

निजी विद्यालयलाई विद्यार्थीमाथि थेग्न नसक्ने पाठ्यभार थोपरेको आरोप लाग्ने गरेको छ । हेर्दा यो सही पनि हो । प्राथमिक तहमा बढीभन्दा बढी सिर्जनात्मक विषय पढाउन जोड दिने भनिए पनि बढी पाठ्यपुस्तक पढाइएको पाइन्छ । त्यसो त, साना नानीहरूले आफूभन्दा गह्रौ झोला बोकिरहेका दृश्यले पनि त्यहाँ कति पाठ्यपुस्तक भार छ भन्ने प्रस्टिन्छ । एउटै विषयका पाँचवटा किताबसम्म विद्यार्थीले पढ्नुपर्छ । सामान्यतया दिनमा जम्मा आठ घण्टी पढाइ हुन्छ । तर, विद्यार्थीले थेग्नै नसक्ने गृहकार्य र थप ट्युसन व्यहोर्नुपर्ने निजी विद्यालयको खास विशेषता नै भएको छ । विद्यालयमा वर्तमान शैक्षिक प्रणालीअनुसार परीक्षा-नतिजाकेन्द्रित पढाइ

हुन्छ । यही प्रणालीअनुसारको पढाइमा भने निजी विद्यालय सरकारीभन्दा अगाडि देखिन्छ । विद्यालयमा सामान्यतया तीनपटक परीक्षा लिने प्रावधान छ । तर, निजी विद्यालयमा लिने विभिन्न पटकको परीक्षालाई 'परीक्षा' नभनेर 'मूल्याङ्कन' भन्न रूचाउँछन् निजी विद्यालयका सञ्चालक । विद्यालयमा पढाइने पाठ्यपुस्तक नेपाल सरकारबाट स्वीकृत पाठ्यक्रमअनुसार हुनुपर्ने प्रावधानलाई अङ्ग्रेजी पढाउने नाममा कतिपय निजी विद्यालयले उल्लङ्घन गरेका छन् । 'नेपाली बोर्डिङ स्कुलमा भारतीय राष्ट्रियता' जस्ता समाचारमार्फत सञ्चारमाध्यम (राजधानी दैनिक, २०६०) ले तथ्य बाहिर ल्याएबाट पनि यो कुरा प्रस्ट हुन्छ । शिक्षा नियमावली २०५९ को उपनियम ३ मा 'प्रधानाध्यापकले स्वीकृत पाठ्यक्रम वा पाठ्यपुस्तक विद्यालयमा प्रयोग नगरे जिल्ला शिक्षा अधिकारीले त्यस्तो प्रधानाध्यापकलाई ऐनबमोजिम सजाय गर्ने' प्रावधान छ ।[४] त्यस्ता विद्यालयमाथि न कुनै बलियो अनुगमन हुनसकेको छ, न त कारबाही नै ।

२. आर्थिक व्यवस्थापन

लगानी निजी हुने हुँदा आर्थिक व्यवस्थापन पनि व्यक्तिले नै गर्छ । निजी विद्यालय स्थापनाका लागि पाँच लाखदेखि पाँच करोड रूपैयाँसम्म लगानी गरेको पाइएको छ । ललितपुरको युलियन्स स्कुलले प्रारम्भमै ४ करोड रूपैयाँ लगानी गरेको थियो ।[५]

विद्यालय स्थापनाका लागि सुरूमै प्राथमिक तहका लागि डेढ लाख र माध्यमिक तहका निम्ति दुई लाख ५० हजार रूपैयाँ धरौटी सरकारलाई बुझाउनुपर्ने हुनाले लगानीको सुरूवात नै लाख घटी हुँदैन । स्थापना गर्दा नियमानुसार विद्यालय सञ्चालनस्रोत पनि खुलाउनुपर्ने हो । यसका लागि विद्यालय सञ्चालनमा लाग्ने खर्च व्यहोर्ने स्थायी स्रोत खुलाउनुपर्ने हुन्छ ।[७] त्यसैगरी, शुल्क विवरण, घरभाडा वा जग्गाको पाँच वर्षको सम्झौता, आयकर दर्ता र कर तिरेको प्रमाण (तह/कक्षा अपग्रेडका लागि), लेखा दुरूस्त हुनुपर्ने प्रावधान छ । विद्यालयले विद्यार्थीबाट शुल्क, अभिवावकको दान र भाडाबाट आर्थिक उपार्जन गर्ने गरेका छन् । विद्यालयले नाफा पनि यिनै

---

४. शिक्षा नियमावली २०५९, उपनियम ३

५. प्याब्सनका अध्यक्ष भोजबहादुर शाहसँगको कुराकानीमा आधारित

७. निजी विद्यालयसम्बन्धी शैक्षिक गुठी/कम्पनी प्रबन्ध पत्र वा नियमावली

स्रोत प्राप्त गर्छन् । अध्ययनअनुसार ६९.६ प्रतिशत विद्यालय नाफामा छन् । ८.७ प्रतिशत विद्यालयले मात्र 'नाफामा छैनौं' भनेका छन् । नाफाको आधा हिस्सा मात्र विद्यालयमा लगानी गरिएको तथ्य पाइएको छ (हेर्नोस्, शिक्षा पत्रकार समूहको नेपालमा निजि विद्यालयसम्बन्धी अध्ययन) । विद्यार्थीको पढाइ र बहुआयमिक व्यक्तित्व विकासमा भन्दा भवन बनाउन लगानीकर्ताले ध्यान दिएको देखिन्छ । बैंकबाट ऋण लिएर भए पनि भवन ठड्याउन विद्यालय मालिकहरू तयार देखिन्छन् ।

२.१. पारदर्शिता

निजी विद्यालयमा पारदर्शिताको विषयमा बढी प्रश्न उठ्ने गरेको छ । लगानीकर्ताले कमाएको नाफाका विषयमा जनता त के, राज्यको अनुगमन समितिसमेत बेखबर छ । सामान्यतया विद्यालयले गरेको आम्दानीको २५ प्रतिशत कर राज्यलाई तिर्नुपर्ने 'आर्थिक ऐन २०६४' मा उल्लेख छ । तर, ऐन आपसमा बाझिएका कारण पनि विद्यालय मालिकहरू कर तिर्नबाट उम्किएका देखिन्छन् । आयकर ऐन २०३१ भने शैक्षिक, धार्मिक र सामाजिक क्षेत्रमा कर नलाग्ने उल्लेख गरेकाले विद्यालय सञ्चालकहरूलाई कर तिर्नबाट उम्किन सजिलो भएको हो ।

विद्यालयले विभिन्न शीर्षकमा अभिभावकबाट रकम असुल्ने गर्छ जुन आम्दानीमा देखाइन्न । निजी विद्यालयले राज्यलाई कर नतिर्नु अर्को टाउकोदुखाइ भएको छ । वास्तविक लेखापरीक्षण पनि गरिन्न । प्रिन्सिपलका मौखिक आदेशका भरमा तलबलगायत अन्य हिसाब राखिन्छ । यसो हुँदा पारदर्शिताको मूल पक्ष नै खस्किन पुगेको छ । विद्यार्थीबाट खासगरी भर्नालगायत विभिन्न शीर्षकमा सुरुमै शुल्क लिइन्छ । तर, आम्दानीमा भर्नाको नभई वार्षिक शुल्क मात्र देखाइने गरिएको छ । सबभन्दा विवाद नै लेखापरीक्षणमा देखिन्छ । एकतिर कम्पनीमा दर्ता भएका विद्यालयमा जिल्ला शिक्षा अधिकारीले नियुक्त गरिएका लेखापरीक्षक विद्यालयमा खटाइन्छन् भने अर्कोतिर सोही विद्यालयको कम्पनी सञ्चालक समितिबाट नियुक्त अधिकारीले पनि लेखापरीक्षण गर्छन् । यसले 'हामी दोहोरो लेखापरीक्षणमा पर्‍यौं' भनेर विद्यालय सञ्चालकहरूलाई उम्किन सजिलो पारेको शिक्षा कार्यालयका पदाधिकारी बताउँछन् । कानुनअनुसार जिल्ला शिक्षा कार्यालयबाट खटाइएका लेखापरीक्षकले नै काम गर्नुपर्ने शिक्षा ऐनमा उल्लेख छ । तर,

कम्पनी ऐन पनि क्रियाशील हुनेहुँदा कुनचाहिँ मान्नुपर्ने हो स्वयं जिल्ला शिक्षा अधिकारी पनि दोधारमा छन् । यसले ठूला विद्यालयमा गनिएका दर्जन विद्यालयले जिल्ला शिक्षा कार्यालयद्वारा खटाइएका लेखापरीक्षकबाट अहिलेसम्म लेखापरीक्षण गराउन नमानेको तथ्य पाइएको छ ।[८]

विद्यालय प्रशासनले गर्ने खर्च केमा भैरहेको छ भन्ने पक्ष पारदर्शिताको महत्वपूर्ण पाटो हो । तर, विद्यालयमा आम्दानीको कम्तीमा १० प्रतिशत गरिब, दलित तथा पिछडिएका समुदायलाई छात्रवृत्ति दिनुपर्ने प्रावधानलाई पनि विद्यालयहरूले पारदर्शीरूपमा पालना गरेका छैनन् । छात्रवृत्तिका नाममा एकै परिवारका तीनजना विद्यार्थी भर्ना भएमा एकजनालाई निःशुल्क पढाउने प्रक्रिया अपनाइएको देखिन्छ । हुन त, १० प्रतिशत छात्रवृत्ति दिनुपर्ने कानुनी प्रावधानलाई निजी विद्यालय सङ्गठनहरूले विरोध गर्दै आएका थिए । सबै निजी विद्यालयले त्यति छात्रवृत्ति दिन सक्दैनन् भन्ने विद्यालय सञ्चालकहरूको जिकीर छ । तर, सक्ने विद्यालयले पनि १० प्रतिशत छात्रवृत्ति दिएको पाइन्न । विद्यालयले शिक्षकको व्यक्तित्व विकास गर्न, अतिरिक्त क्रियाकलाप, विद्यार्थी प्रतिभा प्रस्फुटन गराउनलगायतका विषयमा थोरै मात्र लगानी गरेको पाइन्छ ।

३. प्रशासनिक

३.१. विद्यालय व्यवस्थापन समिति

विद्यालय सञ्चालनका लागि हरेक विद्यालयमा व्यवस्थापन समिति गठन हुनुपर्ने प्रावधान छ । (शिक्षा ऐन) शिक्षा नियमावलीले निजी विद्यालयमा कम्तीमा सात सदस्यीय व्यवस्थापन समिति हुनुपर्ने प्रावधान राखेको छ । एउटा प्रचलित भनाइ छ 'निजी विद्यालयमा व्यवस्थापन छ, समिति छैन । सरकारी विद्यालयमा समिति छ, व्यवस्थापन छैन ।' तर, शिक्षा पत्रकार समूहले नेपालमा निजी विद्यालयसम्बन्धमा गरेको एक अध्ययनले के देखाउँछ भने ९२ प्रतिशत विद्यालयमा व्यवस्थापन समिति गठन गरिएको छ ।

---

८. जिल्ला शिक्षा कार्यालय काठमाडौं, संस्थागत विद्यालय प्रशासन शाखा अधिकृत लीलामणि पोखरेलसँग पुस २५ मा गरिएको कुराकानी ।

निजी विद्यालय व्यवस्थापन समिति गठन भएको तथ्य पाइए पनि त्यो प्रभावकारी नभएको अभिभावकको मत छ । किनभने, व्यवस्थापन समिति कतिबेला गठन गरियो भन्ने अभिभावक र शिक्षकलाई समेत थाहा दिइन्न । त्यसैले निजी विद्यालयमा व्यवस्थापन समिति 'देखावटी' मात्र हुने गरेको छ । व्यवस्थापन समिति हुनु र नहुनुको कुनै तुक छैन, जुन प्रचलित भनाइको अर्थसँग मिल्न आउँछ । ऐन तथा नियमावली र समाजप्रति उत्तरदायी हुने हो भने व्यवस्थापन समिति नै शक्तिशाली हुनुपर्ने हो । विद्यालय प्रशासककै बोलावाला चल्ने व्यक्ति व्यवस्थापन समितिमा हुने हुँदा समिति निष्प्रभावी देखिन्छ । विद्यालय सञ्चालकहरू ती व्यक्तिलाई आफ्नो 'विश्वासी' भन्न रूचाउँछन् । यही कारण निजी विद्यालय प्रशासन बढी व्यक्तिमुखी हुने गरेको आरोप लाग्ने गरेको छ ।

३.२. प्रिन्सिपल नै व्यवस्थापक

लगानीकर्ता नै प्रायः विद्यालयको प्रिन्सिपल हुने गरेका छन् । यसकारण प्रिन्सिपल बढी शक्तिशाली देखिएका छन् । विद्यालयको योजना, कार्यक्रम र निर्णयमा प्रिन्सिपल हावी हुने गरेका छन् । विद्यालयलाई उँभो वा अधोगति लगाउने जस-अपजस प्रिन्सिपलकै टाउकोमा पर्छ । भनिन्छ-धेरैजनाको विवादले ल्याउने व्यवधानभन्दा एक्लै निर्णयमा छिटो पुग्नु निजी विद्यालयका प्रिन्सिपल शक्तिशाली बन्नुको सकारात्मक विशेषता हो ।[९] विद्यालय प्रशासन विनियमावलीभन्दा पनि प्रिन्सिपलकै 'बोली' मा चल्ने गर्छ । विद्यालय स्थापनादेखि एउटै व्यक्ति प्रिन्सिपल रहने गरेका छन् । त्यसो त, प्रायः विद्यालयमा विनियमावली छैन ।[१०]

३.३. शिक्षक-अभिभावक संघ

विद्यालयको व्यवस्थापनमा अभिभावक एक महत्वपूर्ण र बलियो पक्ष हो । शिक्षा नियमावलीले अभिभावक-शिक्षक सङ्घ गठन गर्नुपर्छ भने पनि विद्यालय सञ्चालकहरूले मानिरहेको अवस्था छैन ।[१०]

---

९. संस्थागत विद्यालयहरूको अनुगमन प्रतिवेदन, २०६४ ।

१० शिक्षा नियमावली, नियम ३०, उपनियम ६

यसोगरे विद्यालयभित्र 'राजनीति भित्रिने' डर उनीहरूमा छ । अभिभावक र शिक्षकबीच नेतृत्व छान्न सहमति नभए चुनाव गर्नुपर्ने हुन्छ । यसोगर्दा उनीहरू राजनीति भित्रिहाल्छ नि भन्ने तर्क गर्छन् । विद्यालयको शैक्षिक गतिविधिबारे नियमित जानकारी राख्ने, अन्तर्क्रिया गर्ने, नियमावलीबमोजिम शुल्क निर्धारण गरे-नगरेको अनुगमन गरी विद्यालयलाई आवश्यक सुझाव दिने, विद्यालयमा शिक्षकको गुणस्तर कायम गराउन कार्य गर्ने लगायतका काम, कर्तव्य र अधिकार शिक्षा नियमावलीले तोकैकै हो । यहाँ त राजनीति प्रवेश होला भन्ने डरभन्दा पनि बढीचाहिँ शुल्क र विद्यालयका गतिविधिमाथि अभिभावकको चर्को निगरानी होला कि भन्ने शङ्काले विद्यालय सञ्चालकहरू डराउने गरेका छन् । तर, प्रणालीभन्दा 'व्यक्ति' हावी हुने हुँदा निजी विद्यालयमा अभिभावक-शिक्षक सङ्घ बन्न नसकेको विद्यालय सञ्चालकहरू नै स्वीकार्छन् । यति हुँदाहुँदै पनि निजी विद्यालय सञ्चालकभन्दा त्यहाँका शिक्षकसँग अभिभावकको सम्बन्ध 'राम्रो भएको' अध्ययनले देखाएको छ । विद्यार्थीको पढाइमा चासो लिएर अभिभावक र शिक्षकबीच बढी भेटघाट हुनेगरेको शिक्षा पत्रकार समूहद्वारा २०६४ मा गरिएको निजी विद्यालयसम्बन्धी अध्ययनले देखाएको छ । यद्यपि, यहाँका अभिभावक सङ्घ निजी विद्यालयका केही मुद्दामा बाहेक अरू महत्वपूर्ण विषय उठाउन कमजोर देखिएका छन् । त्यसो त, अभिभावक सङ्घमा एउटै व्यक्ति लामो समयसम्म नेतृत्वमा रहनु र देशभरिका अभिभावकसँग प्रभावकारी सञ्जाल नबन्नु अर्को कमजोरी देखिन्छ । विदेशमा निजी विद्यालयलाई सघाउन अभिभावक क्लबहरू नै स्थापना गरिएका हुन्छन् । विशेषगरी, नर्विक देशहरूमा विद्यालयमा अभिभावकको भूमिकालाई 'अधिकार' का रूपमा मानिएको छ । डेनमार्कमा त वर्षमा कम्तीमा दुईपटक विद्यालयले अभिभावकलाई बालबालिकाको प्रगतिबारे सूचना पठाउनैपर्ने कानुनी प्रावधान छ । विद्यालयले ती क्लबबाट विभिन्न सुझाव लिई रचानात्मक सहयोग लिनसकेका छन् ।[११] युरोपका विभिन्न देशमा शिक्षक-अभिभावक सङ्घहरूलाई विद्यालयको शैक्षिक व्यवस्थापनको एक महत्वपूर्ण अङ्गको रूपमा स्वीकार गरिएको छ । ती सङ्घहरूले विद्यालयभित्र विद्यार्थीहरूको पठनपाठन, अतिरिक्त क्रियाकलाप, शिक्षक-विद्यार्थी, शिक्षक-अभिभावकबीचको सम्बन्ध तथा अन्य व्यवस्थापकीय पक्षमा निर्णायक भूमिका खेल्ने गरेका छन् ।

11. www.teachers.ab.ca

३.४. शिक्षकको स्थान

निजी विद्यालयमा करिब डेढ लाख शिक्षक भएको प्याब्सनको दाबी छ । संस्थागत विद्यालय शिक्षक युनियनले भने ९० हजार शिक्षक र कर्मचारी रहेको बताएको छ । निजी विद्यालयमा रहेका शिक्षकको अवस्था एकनास छैन । केहीको स्थिति असाध्यै बलियो छ भने अधिकांशको अवस्था असुरक्षित र दयनीय । शिक्षा पत्रकार समूहले नेपालमा निजी विद्यालयको अवस्था बारे आठ जिल्लाका तीन-तीनवटा गरी २४ वटा निजी विद्यालयमा गरेको अध्ययनबाट शिक्षकको विभिन्न अवस्थाबारे केही तथ्य पाइएका छन् । शिक्षकको नियुक्ति, तलब, अन्य सुविधा, उसप्रति गरिने व्यवहार, व्यक्तित्व विकासलगायतका विभिन्न पक्षमा गरिएको अध्ययनले निजी विद्यालयमा शिक्षक हैसियतलाई केही छर्लङ्ग्याएको छ ।

पहिलो त प्रायः शिक्षकलाई विद्यालय व्यवस्थापनले नियुक्तिपत्र नै दिँदैन । दिए पनि प्रक्रिया नपुऱ्याई दिइन्छ ।[१२] सामान्यतया निजी विद्यालयमा आंशिक, करार, अस्थायी र स्थायी शिक्षक रहेका छन् । तर, ती शिक्षकलाई नियुक्तिपत्र नै नदिइएपछि कुन खालका शिक्षक हुन्, वर्गीकरण गर्न अप्ठ्यारो परेको छ । नियुक्तिपत्र नभएपछि उचित तलब पनि तोकिएको छैन । एकै विद्यालयमा, एउटै पदका शिक्षकलाई असमान तलब दिइने गरिएको छ । एक हजार रुपैयाँदेखि १७ हजारसम्म शिक्षकलाई दिइएको पाइएको छ । नियुक्तिपत्र नभएपछि विद्यालय सञ्चालकले मन लागेका बेला अवकास दिनेगरेका छन् । शिक्षकले तलब वा अन्य सुविधा मागेमा विद्यालयबाट जबरजस्त निकालिने गरेको उदाहरण दर्जनौं भेटिएका छन् । संस्थागत विद्यालय शिक्षक युनियन (इस्टु) ले दिएको पछिल्लो तथ्याङ्क हेर्दा विगत दुई वर्षयता (०६२-०६४ सम्म) निजी विद्यालयबाट एक हजार शिक्षक निकालिए । त्यस्तै, यो अवधिमा इस्टुमा शिक्षकबाट परेका उजुरीमध्ये सबभन्दा बढी निवेदन शिक्षक निकालिएकै विषयमा छन् । निजी विद्यालयमा शिक्षक आन्दोलन पनि यसै अवधिदेखि हुँदै आएको हो ।[१३]

---

१२ उपत्यकाका संस्थागत विद्यालयहरूको अनुगमन-२०६४

१३ संस्थागत विद्यालय शिक्षक युनियन इस्टु का अध्यक्ष (मुकुन्द गौतम)सँगको कुराकानीमा आधारित

'इस्टु' का अध्यक्ष मुकुन्द गौतमका अनुसार शिक्षक आन्दोलन सुरु भएपछि शिक्षक निकाल्ने क्रम घटेको छ । आन्दोलन सुरु हुनुअघिसम्म शिक्षक निकाल्ने क्रम तेब्बर थियो । आन्दोलनमा उठाइएका विभिन्न मागमध्ये शिक्षकहरूले व्यवस्थापन समितिमा आफ्नो 'सही प्रतिनिधित्व' हुनुपर्नेमा जोड दिँदै आएका छन् । निजी विद्यालयलाई कानुनमा 'संस्थागत' भनिए पनि व्यवहारमा व्यक्तिमुखी बनाइएकाले त्यहाँ संस्थागत सुधार गर्न पनि शिक्षक प्रतिनिधित्व हुनुपर्छ भनेर शिक्षकहरूले माग राख्दै आएको देखिन्छ ।

सामान्यतया शिक्षकबाट राम्रो अध्यापनको अपेक्षा विद्यालय व्यवस्थापन, विद्यार्थी र अभिभावकले राख्छन् । तर, कतिसम्म भने शिक्षकलाई अध्यापनका लागि नयाँ-नयाँ अध्ययन गर्ने वातावरण दिनुको सट्टा विद्यालयका मजदुरी कामसमेत गर्न बाध्य पारिएको छ । 'हामीहरूलाई विद्यार्थी घर पुऱ्याउनेदेखि विद्यालयको किताब बेच्नसम्म लगाइन्छ,' शिक्षकले गुनासो गरेका छन् ।

शिक्षकलाई थोरै तलबमा ८/९ पिरियड पढाउन लगाइएको छ । शिक्षकलाई बढीमा ५ घण्टी कक्षाभार र कर्मचारीलाई छ घण्टाभन्दा बढी काम लाउन नहुने इस्टुले माग राख्दै आएको छ [१४] यदि यसभन्दा बढी घण्टी वा समय काम लगाउन परेमा थप पारिश्रमिक दिनुपर्ने इस्टुको माग छ ।

३.५. शिक्षकका नजरमा व्यवस्थापन

विद्यालयको व्यवस्थापनप्रति जति असन्तोष बाहिर सुनिएका छन्, त्यति नै सत्य भने होइन । अध्ययनले के देखाएको छ भने निजी विद्यालय व्यवस्थापनप्रति सन्तुष्ट र असन्तुष्ट शिक्षक हाराहारी छन् । शिक्षा पत्रकार समूहको सोही अध्ययनले ४५.५ प्रतिशत सन्तुष्ट र त्यत्ति नै सङ्ख्या शिक्षक असन्तुष्ट देखाएको छ । नियुक्तिपत्र र उचित तलब नपाउनु, सरकारी शिक्षकसरह औषधिउपचार, दसैंखर्च, जीवन बिमा, उपदान, सञ्चयकोष व्यवस्था, तालिम, सम्मानजनक व्यवहार नगरिनुजस्ता कारणले शिक्षक असन्तुष्ट देखिएका हुन् ।

---

१४ इस्टुद्वारा जारी मागपत्र, २०६३, पृष्ठ २०

४. कानुनी व्यवस्थापन

४.१. कानुनी स्वामित्व

सरसर्ती हेर्दा 'निजी विद्यालय' भन्नेबित्तिकै विद्यालयमा गरिने लगानी र त्यसमाथिको स्वामित्व एक व्यक्ति वा पार्टनरहरूको निजी स्वामित्व रहने बुझिन्छ । शिक्षा ऐन, ०२८ लाई संशोधन (सातौं संशोधन-२०५८) नगरूञ्जेल व्यक्तिको मनोमानीमै लगानी र स्वामित्व हुने गरेको थियो । ०५८ को संशोधनपछि भने ऐनले निजी विद्यालयलाई 'संस्थागत' भनेर स्पष्ट किट्यो । संस्थागत विद्यालय पनि दुईप्रकारले दर्ता हुनुपर्ने प्रावधान राखियो । एकखाले कम्पनी र अर्कोखाले निजी गुठी । यद्यपि, कम्पनीमा दर्ता गर्नुपर्ने प्रावधान अझै विवादित छ । निजी शिक्षामा बढ्दो व्यापारीकरण भयो भनेर सरोकारवालाले आवाज उठाइरहेका बेला कानुनीरूपमै कम्पनीमा जानुपर्ने प्रावधानले व्यापारलाई झन् प्रश्रय मिलेको तर्क उठिरहेको छ । तर, निजी विद्यालयहरूले शिक्षा ऐनमा व्यवस्था भएको दर्तासम्बन्धी प्रावधानसमेत पालना गरेका छैनन् । देशभरि जम्मा ८ हजार ५ सय संस्थागत विद्यालय (प्याब्सन, एन-प्याब्सनको दाबी, तर यकिन तथ्याङ्क दिन सक्दैनन्) मध्ये पछिल्लो समय (०६४ पुससम्म) मा १ हजार ५; सय बढी विद्यालय निजी वा गुठीमा दर्ता भएका छैनन् ।[१५]

सरकारले शिक्षा ऐन सातौं संशोधन लागू भएदेखि नै 'छ महिनाभित्र कम्पनी वा निजी गुठी' मा दर्ता गरिसक्नुपर्ने उल्लेख गरेको थियो । तर, ७२ महिना बितिसक्दा झन्डै १८ प्रतिशत विद्यालयले मात्र कम्पनी वा गुठीमा दर्ता गराएका छन् । फेरि ०६४ साउनबाट एक वर्षभित्र सबै निजी विद्यालय कम्पनी वा गुठीमा दर्ता गर्नेगरी शिक्षा ऐन संशोधन गरिएको छ । मौजुदा ऐनअनुसार नै हरेक विद्यालयमा प्रशासन सञ्चालनका लागि विनियमावली हुनुपर्नेमा थोरै विद्यालयले मात्र यससम्बन्धी व्यवस्था गरेका छन् । एकतिर सरकार पालना गराउन पटक-पटक ऐन संशोधन गर्दैछ भने अर्कोतिर निजी विद्यालय सञ्चालकहरू छुट्टै ऐन माग गर्दैछन् ।[१६]

---

१५. शिक्षा विभाग, माध्यमिक विद्यालय शाखा-तथ्याङ्क

१६ प्याब्सनको नवौं अधिवेशन, २०६४ मा पदाधिकारीबाट व्यक्त विचार

४.२. सामाजिक स्वामित्व

खासगरी, गुठीमा रहेका विद्यालय व्यवस्थापनमा सामाजिक स्वामित्व केही हदसम्म रहन्छ भन्न सकिन्छ । 'कुनै कारणले विद्यालय बन्द भएमा सो विद्यालयको नाममा रहेको सम्पत्ति सार्वजनिक मानिनेछ । नेपाल सरकारले त्यस्तो सम्पत्ति कुनै सामुदायिक विद्यालयको काममा वा प्रयोगमा लगाउन वा बेचबिखन गरी प्राप्त रकम जिल्ला शिक्षाकोषमा जम्मा गर्न सक्नेछ' भनी शिक्षा ऐन सातौँ संशोधन (दफा १६, उपदफा २) मा उल्लेख गरिएको छ । विद्यालय निजी भए पनि व्यवहारले त्यो सामाजिक सम्पत्ति बनिसकेको हुन्छ । भौतिक स्वामित्व विद्यालय सञ्चालकको भए पनि सो विद्यालयको वातावरण, व्यवहार, नियम-विनियममाथि प्रश्न उठाउने अधिकार अभिभावकले राख्छन् । छोरा-छोरीको पढाइ र आफूले तिरेको शुल्कसँग मात्र अभिभावक सम्बन्धित हुन चाहँदैन । कम्तीमा १० वर्ष एउटा विद्यालयसँगको सम्बन्धमा अभिभावक र उसको छोरा-छोरीको समय बित्छ । यस अवधिमा कानुनी स्वामित्व नभए पनि आत्मीय रूपमा विद्यालयलाई आफ्नो ठान्ने गर्छन् । अभिभावक र विद्यार्थीको सम्बन्धले नै विद्यालयको अस्तित्व रहने-नरहने अवस्था निर्धारण गरेको हुन्छ । त्यसो भएर पनि विद्यालयको आर्थिक पारदर्शिता हुनुपर्ने आवाज उठ्ने गरेको हो । त्यसैले पनि 'सामाजिक अडिट' हुनुपर्छ भन्नुको तात्पर्य पारदर्शिता नै खोजिएको हो भन्न सकिन्छ । तर, नेपालका निजी विद्यालयमा सामाजिक लेखापरीक्षण बिरलै हुनेगरेको अध्ययनले देखाएको छ । थोरै विद्यालयले मात्र सामाजिक अडिट गर्ने गरेका छन् । करिब १७ प्रतिशत विद्यालयले मात्र सामाजिक लेखापरीक्षण गर्ने गरेको शिक्षा पत्रकार समूहको अध्ययनले देखाएको छ ।

४.३. शुल्क मापदण्ड उल्लङ्घन

विद्यालयले आफ्नो हैसियतअनुसार शुल्क प्रस्ताव गरी शिक्षा मन्त्रालयबाट स्वीकृति लिई शुल्क उठाउनुपर्ने हुन्छ ।[१७] तर, अध्ययन र जनगुनासोलाई आधार मान्दा प्रायजसो विद्यालयले यसको पालना गरेको देखिन्न । शैक्षिक सत्र सुरु हुनुभन्दा दुई महिनाअगाडि नै शुल्क प्रस्ताव दिनुपर्नेमा त्यसो नगरी हतारिँदै 'भर्नाशुल्क' लिने गरिएको छ । सबै विद्यार्थी भर्ना भएपछि

१७ शिक्षा ऐन दफा १४७ अनुसूची २२ को उपदफा ९

शुल्क बढाइन्छ । यसो गर्नेमा निजी विद्यालय सङ्गठनको नेतृत्वमा रहेकै विद्यालय सञ्चालकसमेत पर्छन् । लिटिल एन्जेल्स हात्तीवन, सेन्टजेभियर्स जावलाखेल, युनियन्स एजुकेसन फाउन्डेसन खुमलटार, रातोबङ्गला पाटन, युनाइटेड स्कुल सातदोबाटो, डीएभी जावलाखेल, शुभतारा सानेपा, शुभतारा इन्टरनेसनल लामाटार, युनिक मोडेल लगनखेल, फ्युचरस्टार जावलाखेल, एडभान्स इङ्गिलस मोडेल, गोदावरी, किङडमस्टार, गोदावरीले शुल्क प्रस्ताव स्वीकृत नगराई मनोमानी शुल्क उठाएको पाइएको छ । ती विद्यालयलाई कारबाही गर्न सरकारीस्तरमा गठित अनुगमन समितिको प्रतिवेदनले[१८] नै सिफारिस गरेको छ । केन्द्रीयस्तर र जिल्लास्तरमा बनेका संस्थागत विद्यालय अनुगमन समितिले काम नगर्दा निजी विद्यालयले मनोमानी शुल्क उठाएको जनगुनासो सुनिँदै आएको हो । यस्तै गुनासाबीच केन्द्रीयस्तरको अनुगमन निकाय शिक्षा विभागको अगुवाइमा काठमाडौं उपत्यकाका संस्थागत विद्यालयहरूमा अध्ययन गरी एक प्रतिवेदन तयार पारिएको छ । प्रतिवेदन भन्छ-'शिक्षा ऐनले तोकेभन्दा बढी शुल्क लिएकाले सो रकम विद्यार्थीलाई फिर्ता गराई विद्यालयमाथि दण्डजरिवाना गर्न सिफारिस गरिन्छ ।' शुल्क मापदण्ड उल्लङ्घन गर्ने विद्यालयलाई आवश्यक कारबाही गर्न सकिने प्रावधान शिक्षा ऐनमा उल्लेख छ ।[१९]

निष्कर्ष

विद्यालय व्यवस्थापनमा शैक्षिक, आर्थिक, भौतिक, प्रशासनिक तथा कानुनी पक्ष एकअर्काका परिपुरक हुन् । यीमध्ये कुनै एक पक्ष मात्र फितलो भयो भने विद्यालय व्यवस्थापन कमजोर हुँदोरहेछ । नेपालको निजी विद्यालयको शैक्षिक व्यवस्थापन पक्ष सरकारी विद्यालयको भन्दा केही बलियो र नियमित देखिएको छ । तर, 'कडा अनुशासन' का नाममा प्रशासनको निरंकुशता विद्यालयका विद्यार्थी र शिक्षकले खेप्नुपरेको प्रसंग माथि नै उल्लेख गरिसकिएको छ । जसले निजी विद्यालयलाई सामाजिकीकरण र व्यक्तिको जीवनमुखी शिक्षाबाहक हुनबाट अवरोध पुऱ्याइरहेको छ । प्रशासनिक पाटोमा हेर्ने हो भने शिक्षकको नियुक्ति, सेवासर्त, तलब-सुविधा सुनिश्चित गर्न निजी विद्यालयले अझैसम्म चाहेका छैनन् । विद्यालय मालिकले विभिन्न समयमा

---

१८. उपत्यकाका संस्थागत विद्यालयहरूको अनुगमन प्रतिवेदन-२०६४

१९. शिक्षा ऐन, दफा १६ घ, उपदफा ६

'समयमा शुल्क नतिरेका कारण विद्यार्थीलाई कक्षाबाट निकाल्ने र जाँचबाट वञ्चित गराउने काम त कति भएका छन् कति, तर स्वेटरको पैसा नतिरेको भन्दै परीक्षाबाट निकालिनेसम्मका घटना घट्नुचाहिँ सानो कुरा होइन,' एक निजी विद्यालयको प्रशासनिक व्यवस्थापनसमेत सम्हालेका शिक्षकको अनुभव हो यो । विद्यालयले भर्ना र वार्षिक शुल्कबाहेक हिसाबमा नदेखिनेगरी अन्य विषयमा रकम असुल्नाले विद्यार्थीले खेप्नुपरेको मानसिक यातनाको एउटा उदाहरण हो यो । विशेषगरी, पोसाकका लागि चाहिने सर्ट, पाइन्ट, टाई, स्वेटर, मोजा, पेटी, 'हाउसड्रेस' विद्यालयबाटै बेच्नेगरी अग्रीम रकम असुलिन्छ । त्यसबाटै लाखौँ रुपैयाँको नाफा विद्यालय प्रशासनले लिनेगरेको अभिभावक दाबी गर्छन् । त्यसैगरी, विद्यालयको सम्पर्क वा मिलोमतो भएको स्टेसनरीमै अभिभावकलाई पाठ्यपुस्तक किन्न बाध्य गराइन्छ । विद्यालयले नै बिक्री गर्ने पोसाकलगायत सामग्रीको रकम अभिभावकबाट सकभर भर्नाकै समयमा लिने गरिन्छ । तर, विद्यालयले खरिद गरेका सोही सामग्रीको रकम भने एक वर्षसम्म लगाएर तिर्ने गरेका छन् ।

शिक्षकहरूका पेसागत संगठनसँग गरेका सहमतिलाई मात्र पालना गर्ने हो भने पनि शिक्षक समस्या आधा हल हुनेछ । तर, शिक्षकले उठाएका सम्पूर्ण माग पूरा गर्न सबै निजी विद्यालयले सक्दैनन् । दुर्गम गाउँ र काँठक्षेत्रका विद्यालयलाई मध्यसहरका विद्यालयकै कोटीमा हेर्नुहुन्न । कमजोर आर्थिक अवस्थाका अभिभावकसँग जेनतेन शुल्क लिई असहजतापूर्वक ती विद्यालय चलेका छन् । बरू सरकारले त्यस्ता विद्यालयलाई टिकाउन केही न केही पक्षमा सहयोग गर्न जरूरी छ । अर्थात्, 'पब्लिक-प्राइभेट पार्टनरसिप' को आधारमा पनि राज्यले निजी विद्यालयसँग स्थानीयदेखि केन्द्रीय तहसम्म सहकार्य गर्नसक्छ ।

अर्को सुधार्नुपर्ने पक्ष आर्थिक पारदर्शिता हो । पारदर्शिता पटक्कै छैन भन्ने जनआरोपलाई विभिन्न अध्ययनले पुष्टि गरिसकेको छ । पारदर्शिताका

लागि निजी विद्यालय सञ्चालकहरू उदार मात्र होइन, प्रतिबद्ध पनि उत्तिकै हुनुपर्छ । अन्यथा, चर्को व्यापारीकरणको दोष खेपिरहेका विद्यालय मालिकहरूलाई समाजले शिक्षासेवीका रूपमा नभएर केवल व्यापारीको रूपमा मात्र चिन्नेछ । अर्को पक्षचाहिँ कानुनी हो । कानुन बन्छन्, त्यसको सहजै पालना गर्न निजी विद्यालय सञ्चालकहरू हिच्किचाउँछन् । 'शिक्षा मन्त्रालयले निजी विद्यालयलाई होइन, निजी विद्यालय सञ्चालकले शिक्षा मन्त्रालय चलाइरहेका छन्' भन्ने भनाइ सत्यताको नजिक नपुग्ला भन्न सकिन्न । सरकारले बनाएको शुल्क मापदण्डको पालना र कम्पनी तथा गुठीमा दर्ता नगर्नु कानुन अवज्ञाको पछिल्लो उदाहरण हो ।[२०] त्यसकारण निजी विद्यालयले आफ्नो अस्तित्वका लागि पनि नियमनमा आउन जरूरी छ । सरकारले पनि विद्यालय खोल्न अनुमति दिएपछि त्यसलाई नियमनमा राख्नु उसको दायित्व हो । ■

(सिग्देल शिक्षा पत्रकार समूहद्वारा प्रकाशित 'आजको शिक्षा' राष्ट्रिय साप्ताहिकका सम्पादक हुन् ।)

---

२० शिक्षा विभागको तथ्यांक अनुसार २०६४ भित्र करिब १७ सयको हाराहारीमा मात्र निजी विद्या(लयले कम्पनी वा गुठीमा दर्ता गराएका छन् ।

सन्दर्भसूची

- शिक्षा ऐन २०२८ (विभिन्न संशोधन)
- शिक्षा नियमावली २०५९ (विभिन्न संशोधन)
- उपत्यकाका संस्थागत विद्यालयहरूको अनुगमन- २०६४, शिक्षा विभाग
- नेपालमा निजी विद्यालयको अवस्था अध्ययन- २०६४, शिक्षा पत्रकार समूह
- शिक्षा नियमावली २०५९, उपनियम ३
- इस्टुद्वारा जारी मागपत्र, २०६३, पुस २०
- निजी तथा आवासीय विद्यालय एसोसिएसन (प्याब्सन)
- www.teachers.ab.ca
- राजधानी राष्ट्रिय दैनिक
- आर्थिक ऐन, २०६४

शिक्षामा उदारीकरण र विश्वव्यापार सङ्गठनको प्रभाव

■ रघुनाथ लामिछाने

निजीकरण
कुनैबेला सोझै
उद्योग र
व्यापारसँग मात्र
सम्बन्धित शब्द
ठानिन्थ्यो ।
समयको कोल्टेसँगै
अब यो शब्द
उद्योगको
मात्रै पेवा
रहेन । अर्थात्
समयक्रमसँगै
शैक्षिक क्षेत्रमा
पनि यसले
आफ्नो प्रभाव
बिस्तार
गरिसकेको छ ।

विषय उठान

निजीकरण कुनैबेला सोझै उद्योग र व्यापारसँग मात्र सम्बन्धित शब्द ठानिन्थ्यो । समयको कोल्टेसँगै अब यो शब्द उद्योगको मात्रै पेवा रहेन । अर्थात् समयक्रमसँगै शैक्षिक क्षेत्रमा पनि यसले आफ्नो प्रभाव विस्तार गरिसकेको छ ।

नेपालको शैक्षिक क्षेत्रमा निजीकरणका लक्षण देखा पर्न थालेको धेरै भएको छैन । मुलुकमा सन् १९८५ देखि प्रवेश गरेको उदारीकरणको हावा प्रजातन्त्र पुनर्स्थापनासँगै अर्थात् ०४६ को राजनीतिक परिवर्तनपछि बढी नै तीव्र भयो । यसैको छत्रछायामा रहेर निजी विद्यालयको पनि बाढी नै आयो । मुलुकमा भएका ठूला शैक्षिक आन्दोलन र त्यसले राजनीतिमा पारेको प्रभावसँग पनि निजी विद्यालयको सम्बन्ध गाँसिएको छ । यसरी हेर्दा ०३६ देखि नै मुलुकमा निजी विद्यालय खुल्ने पछिल्लो क्रम सुरु भएको देखिन्छ । वृद्धिको क्रमचाहिँ ०४६ को राजनीतिक परिवर्तनपछि तीव्र बनेको पाइन्छ ।

सीमित सरकारी साधन र स्रोतले मात्र धान्न नसकेपछि निजी विद्यालयको आवश्यकता महसुस हुन पुगेको हो । मुलुकको शैक्षिक क्षेत्र सुधार्ने उद्देश्यले गठित त्यसपछिका विभिन्न आयोग र कार्यदलहरूले पनि संस्थागत भनिने निजी विद्यालयहरूको स्थायित्वमा जोड दिँदै आएका छन् । यसबाहेक, मुलुकमा विद्यमान शैक्षिक कानुनहरूले पनि यस्ता विद्यालयको आवश्यकता र अस्तित्व स्वीकार गर्दै तिनको विकास र नियन्त्रणका लागि विभिन्न बुँदा समावेश गरेका छन् ।

हाल मुलुकमा ८ हजार संस्थागत विद्यालय छन् भने तिनमा १५ लाख विद्यार्थी अध्ययनरत छन् । त्यसैगरी एक लाखभन्दा बढी शिक्षक कर्मचारीले रोजगारी पाएका छन् । यस्ता विद्यालयबाट व्यवस्थापन गरिएको शिक्षामार्फत राष्ट्रको झण्डै वार्षिक ९ अर्ब रुपैयाँ यस क्षेत्रमा विनियोजित हुनबाट बचत गराएको छ । अर्थात् गैरसरकारी क्षेत्रबाट शैक्षिक उन्नयनका लागि ठूलो रकम लगानी भएको देखिन्छ ।

मुलुकको शैक्षिक क्षेत्रमा निजी क्षेत्रको प्रवेश तथा उदारीकरणसँगै यसको सम्बन्ध केलाउने प्रयास यतिखेर आवश्यक ठानिएको छ । मुलुकको शैक्षिक क्षेत्रमा बाह्य लगानीसमेत भित्रनसक्ने वातावरण बनेपछि यसबारे व्यापक बहस जरूरी छ । के यो ठीक छ ? यसले मुलुकलाई फाइदा वा हानि के गर्छ ? मुलुकले यसलाई थेग्नसक्छ कि सक्दैन ? बाह्य लगानीबाट नेपालजस्तो विकासोन्मुख मुलुकले कसरी फाइदा लिनसक्छ ? वा फाइदा लिनका लागि कस्ता गृहकार्य भएका छन्जस्ता विविध पाटा केलाउने जगमा यो आलेख केन्द्रित छ ।

नेपालमा निजी विद्यालय

त्यसो त यसअघि पनि मुलुकमा निजी विद्यालय थिए । विसं. २००७ को परिवर्तनपछि वातावरण सहज बनेकाले त्यतिबेला केही विद्यालय खुलेका देखिन्छन् । फर्पिङस्थित त्रिभुवन आदर्श मावि मुलुककै पहिलो निजी क्षेत्रको विद्यालय वा आवासीय बोर्डिङ हो । २००८ मा सत्यनारायणबहादुर श्रेष्ठ संस्थापक प्रिन्सिपल रहेर खुलेको यो विद्यालयमा त्यतिबेलैदेखि छात्र र छात्रा दुवैका लागि छुट्टाछुट्टै आवास व्यवस्थासमेत थियो ।

पृथ्वीनारायण शाहले काठमाडौं खाल्डोमाथि विजय प्राप्त गरेपछि दक्षिणकालीलाई कूलदेवीका रूपमा ग्रहण गर्नुसँग यो विद्यालयको सम्बन्ध गाँसिएको छ । कूलदेवीको पूजा, दर्शनका लागि तयारी गर्न दक्षिणकालीनजिकै एउटा भवन बनाइएको थियो । त्यसपछिका शाहवंशीय राजाहरूको 'समर प्यालेस' का रूपमा प्रयोग हुँदै आएको यही भवनमा यो विद्यालय खुलेको हो ।

यो विद्यालय अलि फरक किसिमको थियो । सुरुमा ८, ९ र १० कक्षा सञ्चालन गरिएको यो विद्यालयमा पछि ६ र ७ थपियो र त्यसका केही वर्षपछि मात्र बल्ल ४, ५ हुँदै अनि १ कक्षासम्म पढाइ हुन थाल्यो । १ भन्दा मुनिचाहिँ ०५२-५३ पछि मात्र पढाउन थालिएको हो ।

यही वर्ष केही महिनाका अन्तरालमा मुलुकमा अरू निजी विद्यालय जन्मिए । आनन्दकुटी, सिद्धार्थ र वनस्थली, ल्याबोरेटोरीजस्ता पछिसम्म पनि शैक्षिक

क्षेत्रमा आफ्नो साम्राज्य कायम गर्न सफल विद्यालय यही अवधिमा खुलेका थिए । सिद्धार्थ र वनस्थली मिलेर सिद्धार्थवनस्थलीका रूपमा अहिले एउटै नाममा सञ्चालित छ । आनन्दकुटी सञ्चालनमै छ भने ल्याबोरेटोरी 'शिक्षा विकास समाज' नामक गैरसरकारी संस्थामार्फत सञ्चालनमा छ ।

अहिलेका निजी विद्यालय र यिनमा केही फरकपना छन् । त्रिभुवन आदर्श मावि पूरै दरबारको लगानीमा सञ्चालित थियो । यही अवधिमा खुलेका अरू विद्यालय पनि कुनै राणाको सम्पत्तिमा खुलेका थिए भने कुनै बिहार वा अन्य गुठी । त्यसैले ०४६ पछि खुलेका निजी विद्यालयका जस्तो यी विद्यालय सरकारी नभए पनि तिनमा व्यक्तिको सम्पत्ति प्रयोग भएको थिएन । यस अर्थमा मुलुकमा त्यतिबेला भित्रिनसकेको उदारीकरण र निजीकरणको भावना, मर्म र नियमसँग यिनीहरूको कुनै साइनो थिएन । मात्र राणाशासनको अन्तपछि केही सहज बनेको वातावरणको फाइदा उठाउँदै निजी क्षेत्रबाट पनि गुणस्तरीय शिक्षा प्रदान गर्न सकिन्छ भन्ने सोच राख्नेले त्यतिबेला यस्ता विद्यालय खोल्ने पहल गरेका थिए ।

डब्लूटीओ प्रवेशपछिको अवस्था

नेपाल जब २०६१ वैशाख ११ गते १४७ औं सदस्यका रूपमा डब्लूटीओको सदस्य बन्यो, त्यसपछि निजीकरणको अर्थले पनि व्यापकता ग्रहण गऱ्यो । मुलुकका विभिन्न क्षेत्रमा विदेशीका लागि लगानी सहज बन्यो । हुन त यसअघि पनि उनीहरूले लगानी गर्न सक्थे तर यसपछि लगानीकर्तालाई लगानी गर्न, उत्पादनवृद्धि तथा सुरक्षाका हिसाबले समेत बलियो बनाइयो जुन स्थितिले पैसा हुनेले आफ्नै देशमा मात्र लगानी गर्नुपर्ने अवस्था रहेन । जुन देशमा गएर लगानी गर्दा आफूलाई फाइदा हुन्छ, त्यहीं गएर लगानी गर्न सकिने अवस्था सिर्जना भयो । यसरी विभिन्न क्षेत्रमा झैं उनीहरूले शिक्षाक्षेत्रमा पनि लगानी गर्नसक्ने बाटो खुल्यो ।

व्यापारिक क्षेत्रमा सरकारले नियन्त्रण खुकुलो पार्दै जाने र निजी क्षेत्रलाई सक्दो बढी सहभागी गराउने मूल मर्म नै उदारीकरणको सरल उद्देश्य हो । बढीभन्दा बढी उपभोक्तामा पुऱ्याउने तथा कुनै पनि सीमा वा बन्धनमा रहन नचाहने यसको विशेषता हुन्छ । डब्लूटीओ प्रवेशपछि नेपालले

उदारीकरणका यिनै विशेषता ख्याल गर्दै शैक्षिक क्षेत्रमा विदेशी लगानी सहज तुल्याएको हो ।

डब्लूटीओले शैक्षिक क्षेत्रलाई सेवा व्यापारअन्तर्गत समेटेको छ । यसमा १२ वटा सेवासमूह सेवा-व्यापारसम्बन्धी सम्झौतामा समावेश छन् । ती सेवासमूहअन्तर्गत १५५ उपसमूह छन् । सेवासमूहभित्र व्यावसायिक सेवा (विशेषज्ञ तथा कम्प्युटर सेवा), सञ्चार सेवा, निर्माण तथा इन्जिनियरिङ सेवा, वितरण सेवा, शैक्षिक सेवा, वातावरणसम्बन्धी सेवा, वित्तीय सेवा (बिमा र बैक), स्वास्थ्य सेवा, मनोरञ्जनात्मक, संस्कृति र खेलकुद सेवा, यातायात सेवा र अन्त कतै पनि समावेश नभएका अन्य सेवा पर्छन् । तिनै सेवासमूहका १२ विषयमध्ये शिक्षा एउटा हो ।

डब्लूटीओको सदस्य बनेदेखि नेपालले १२ प्रमुख सेवाक्षेत्रमध्ये ११ वटा सेवाक्षेत्र र १५५ उपक्षेत्रमध्ये ७० वटा उपक्षेत्र वैदेशिक लगानीका लागि खुला गरेको छ । जसमा शिक्षाक्षेत्र पनि पर्छ । शिक्षाका तीनवटा क्षेत्रमा नेपालले विदेशी लगानीका लागि बाटो खुला गरेको छ । जसअन्तर्गत उच्च शिक्षा सेवा, प्रौढ शिक्षा सेवा र अन्य शिक्षा सेवा पर्छन् ।

शैक्षिक क्षेत्रमा विदेशी लगानी

नेपालको माध्यमिक विद्यालय तहमा केही भारतीय लगानीबाट विद्यालय सञ्चालनमा रहेका भए पनि ती गणनायोग्य सङ्ख्यामा छैनन् । अहिले नेपालमा विदेशीले उच्च शिक्षाक्षेत्रमा मात्र लगानी गरेको पाइन्छ । त्यसमा पनि मेडिकल कलेजमा मात्र उनीहरूको रूचि देखिन्छ । र, त्यसमा पनि अहिलेसम्म भारतीय नागरिकको मात्र संलग्नता रहेको छ । चितवनको भरतपुर मेडिकल कलेज, पोखराको मणिपाल मेडिकल कलेज र भैरहवा मेडिकल कलेजमा भारतीयको लगानी छ । संयुक्त लगानीमा मेडिकल कलेज खोल्न २० वटा प्रस्ताव शिक्षा मन्त्रालयमा पेस भएका छन् । त्यसमध्ये केहीमा भारतीयको लगानी रहने उल्लेख छ भने एउटामा क्यानेडियन कम्पनी र एउटामा अमेरिकी कम्पनीको लगानी रहने उल्लेख छ । तर, प्रगतिका हिसाबले प्रस्तावितमध्ये एकाध कलेज मात्र सक्रिय देखिएका छन् ।

मेडिकल कलेज खोल्न आवदेन दिनेहरू
साइकृष्ण फाउन्डेसन फर हेल्थ एन्ड मेडिकल साइन्सेज, रूपन्देही
चितवन मेडिकल कलेज, चितवन
नेपाल पोलिटेक्निक इन्स्टिच्युट, चितवन
इन्टरनेसनल फाउन्डेसन फर हेल्थ एन्ड मेडिकल साइन्सेज, चितवन
ओएसिस मेडिकल कलेज टिचिङ हस्पिटल एन्ड रिसर्च सेन्टर, चितवन
नेपाल प्रहरी मेडिकल कलेज, काठमाडौं
पुष्पलाल मेडिकल कलेज, काठमाडौं
सिगन हेल्थ फाउन्डेसन, नेपाल स्वास्थ्यसेवा सहकारी संस्था लि. काठमाडौं
आश्विन मेडिकल कलेज एन्ड हस्पिटल प्रालि, ललितपुर
किस्ट मेडिकल कलेज, ललितपुर
ओम समाज मेडिकल एन्ड डेन्टल कलेज, भक्तपुर
एसिया-प्यासिफिक मेडिकल कलेज, बारा
लुम्बिनी मेडिकल कलेज, पाल्पा
शङ्कर इन्स्टिच्युट अफ मेडिकल साइन्स, रूपन्देही
गण्डकी मेडिकल कलेज, पोखरा
एचसी मेडिकल कलेज, कैलाली
भावना मेडिकल कलेज, कैलाली
नन्दा मेडिकल कलेज, महेन्द्रनगर
साउथ एसिया फाउन्डेसन फर हेल्थ साइन्स, कन्चनपुर

प्रस्ताव हाल्ने सबैले मेडिकल कलेज खोलिहाल्दैनन् । केहीले मात्र नियमअनुसार साँच्चै कलेज खोल्ने काम गरिरहेका छन् भने धेरैले प्रस्ताव स्वीकृत गराएर ओगट्ने मात्र काम गरेका पाइन्छ ।

यसरी काम सञ्चालन गर्नेमा रूपन्देहीको देवदह मेडिकल कलेज पनि एउटा हो । भारतको पन्जाबस्थित शङ्कराचार्य हेल्थकेयर एन्ड रिसर्च सेन्टरको लगानीमा यहाँ खुल्दै गरेको मेडिकल कलेजका लागि पूर्वाधार

हाल सञ्चालनमा रहेका मेडिकल कलेज
मणिपाल कलेज अफ मेडिकल साइन्सेज, पोखरा
कलेज अफ मेडिकल साइन्सेज, भरतपुर
नेपाल मेडिकल कलेज, जोरपाटी काठमाडौं
नेपालगन्ज मेडिकल कलेज, नेपालगन्ज
युनिभर्सल कलेज अफ मेडिकल साइन्सेज, भैरहवा
काठमाडौं मेडिकल कलेज, सिनामङ्गल
पिपुल्स डेन्टल कलेज, नयाँबजार काठमाडौं
नेसनल मेडिकल कलेज, वीरगन्ज
जानकी मेडिकल कलेज, जनकपुर
नोबेल मेडिकल कलेज, विराटनगर
एमबी केडिया डेन्टल कलेज, वीरगन्ज
कान्तिपुर डेन्टल कलेज, थापासी

तयारीकै क्रममा पुस १७ गतेबाट ओपीडी सेवा सञ्चालन गरेको छ । देवदह गाविसको भलुही-८ स्थित २१ बिघा क्षेत्रफलमा फैलिएको यो कलेजमा १३ चिकित्सक र अन्य स्वास्थ्यकर्मी गरी ५० जना कार्यरत छन् । कलेजका सहयोगी ध्रुव खरेलका अनुसार ३ सय शय्याको अस्पताल पनि बनिसकेको छ । आउँदो वर्षदेखि पढाइ सुरु हुने बताइएको यस कलेजको ७ सय विद्यार्थी पढाउने लक्ष्य छ । कलेज र अस्पतालका लागि यसले तीन तलाका दुईवटा अत्याधुनिक भवन निर्माण गरिसकेको छ ।

यसैगरी, पाल्पाको तानसेन प्रभासमा लुम्बिनी मेडिकल कलेज तथा रिसर्च सेन्टर प्रालिले ०६३ भदौ २५ गतेदेखि नै सय बेडको अस्पताल सञ्चालनमा ल्याएको छ । मेडिकल सुपरिटेन्डेन्ट डा. धर्मदत्त सुवेदीका अनुसार कलेज सञ्चालनका पूर्वाधार तयार हुँदैगरेका छन् भने पढाउने प्रयास भइरहेको छ । चारजना एनआरएन (बाहिर बस्ने नेपाली) को समेत महत्त्वपूर्ण लगानी रहेको यस कलेजमा ६० जनाको सेयर छ । १८ विशेषज्ञसहित २८ जना डाक्टर कार्यरत यस कलेजमा १० वटाभन्दा बढी भवन बनिसकेका छन् ।

नेपालमा वैदेशिक लगानीमा रहेका कलेजहरू
मणिपाल मेडिकल कलेज, पोखरा
भरतपुर मेडिकल कलेज, चितवन
भैरहवा मेडिकल कलेज, भैरहवा

तर, मेडिकल कलेज खोल्न प्रस्ताव गरेका सबैले यसरी काम अघि बढाएका छैनन् । कन्चनपुरमा ग्लोबल एजुकेसन फाउन्डेसन नामक मेडिकल कलेजले ०५४ मै ३५-४० जना भारतीय विद्यार्थीलाई एकडेढ वर्ष पढाएर बिचल्ली पारेको घटना पनि ताजै छ । कुन्दा, सुब्बाराओजस्ता दक्षिण भारतीयको लगानी रहेको यस कलेजमा भौतिक पूर्वाधारबिनै भारतीय विद्यार्थी ल्याएर पढाउन थालिएको थियो । तर, पूर्वाधार केही नभएको तथा महेन्द्रनगर नपा-१८ स्थित खैरभट्टीको १७ कठ्ठा जमिनमा भवन बनाउने काम सुरु मात्र भएको थियो । शिक्षा मन्त्रालयले पूर्वाधारकै अभावमा स्वीकृति नदिएपछि लगानीकर्ताबीच नै मतभेद सुरु भयो । जसका कारण पूर्वप्रधानमन्त्री लोकेन्द्रबहादुर चन्द संरक्षक, दिवाकर चन्द अध्यक्ष र स्थानीय नन्दादेवी जोशीजस्ता लगानीकर्ता रहेको यस कलेज त्यत्तिकै सेलायो । त्यसपछि, विभिन्न नाम र बहानामा फेरि यसलाई ब्युँताउने प्रयास भइरहे पनि त्यो सफल हुन सकेको छैन । यसका अध्यक्ष दिवाकरविरूद्ध घरभाडा नतिरको, ठगी गरेको जस्ता विभिन्न उजुरीसमेत प्रहरीमा परे ।

त्यसैगरी, राजविराजमा खुल्ने भनिएको साइकृष्ण मेडिकल कलेज पनि लथालिङ्ग हालतमा पुगेको छ । राजविराज नगरपालिका-९ स्थित पुरानो राइस मिलको करिब ३ बिघा क्षेत्रफलमा स्थापित यस कलेजका मुख्य लगानीकर्ता भारतीय व्यापारी हरिहरण हुन् । ३ करोड लगानी भइसकेको दाबी गरिएको यस कलेजमा ५० बेडको अस्पताल पनि सुरु गरिएको थियो । उक्त क्षेत्रबाहेक एक सिनेमाहलसहित नौवटा भवन भाडामा लिइएको र अस्पताल पनि निर्माण भएको थियो । कुनै पनि विश्वविद्यालयले कक्षा सञ्चालनका लागि स्वीकृति नदिएको तथा थप लगानीका लागि आवश्यक २ करोड रुपैयाँ जुटाउने उपाय नभएपछि सञ्चालन प्रक्रिया अघि बढ्न सकेको छैन । यसमा नेपाली पक्षबाट सबैभन्दा बढी लगानी गर्ने व्यक्ति महेश्वर यादव थिए ।

जयन्द्र सरस्वती काञ्चीकामाकोठी पीठका शङ्कराचार्यको संरक्षकत्वमा नेपालमा स्थापित जयन्द्र सरस्वती स्वर्णमहोत्सव कोषले कैलालीको गेटामा शङ्करा इन्स्टिच्युट अफ मेडिकल साइन्स एन्ड रिसर्च सेन्टर खोल्न प्रक्रिया सुरु गरेको थियो । यस प्रयोजनका लागि भीमदत्त सामुदायिक वनको ५१ हेक्टर जमिन पनि यसले प्राप्त गरेको थियो । ४० लाख जतिमा दुई वटा पक्की भवन पनि बनेको थियो । तर, यो प्रक्रिया अहिले त्यत्तिकै थन्केको छ । यस कलेजसँग सम्बन्धित वासुदेव पन्तका अनुसार शङ्कराचार्यलाई भारतमा मुद्दा लाग्नु, नेपालमा दरबार हत्याकाण्ड हुनुजस्ता घटनाले कलेज निर्माण प्रक्रिया अवरुद्ध हुनपुग्यो ।

लगानीका लागि प्रस्ताव हाल्नेमध्ये सबैले कलेज खोल्ने नै सच्चा उद्देश्य राखेका हुँदैनन् भन्ने पाठ यी उदाहरणबाट सिक्न सकिन्छ । त्यसैले प्रस्ताव स्वीकार गर्ने वा नगर्ने भन्ने निर्णय लिनुअघि नै उनीहरूको उद्देश्य र भावना बुझ्ने वातावरण तयार पार्न सकियो भने धमिलो पानीमा माछा मार्न खोज्नेहरू निराश हुनेछन् । तर, नेपालको शिक्षा मन्त्रालयको नियमअनुसार जसको पनि प्रस्ताव लिइन्छ, तोकिएको समयमा तोकिएका सर्त कार्यान्वयन नगरे मात्र त्यसलाई स्वीकृति दिइन्न ।

लगानीको प्रश्न

यसरी खुला गरिएका क्षेत्रमा विदेशी सेवाप्रदायकले सेवा व्यापार सञ्चालन गर्न चाहेमा नेपालीसँग संयुक्त लगानीमा कम्पनी सञ्चालन गर्नसक्ने सर्त राखिएको छ । सेवा व्यापार सञ्चालन फर्म वा कम्पनीमा उच्च तह (कार्यकारी व्यवस्थापक र विशेषज्ञ) का तहमा १५ प्रतिशत व्यवस्थापक मात्र विदेशी नागरिक राख्न पाइने व्यवस्था छ । यस्ता उच्च तहका व्यवस्थापक बढीमा १० वर्षका लागि मात्र संलग्न रहन पाउने प्रावधान पनि त्यसमा छ ।

हाल कार्यान्वयनमा रहेको विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐनमा केही नकारात्मक सूचीमा परेका क्षेत्रबाहेक सबै क्षेत्रमा शतप्रतिशत वैदेशिक लगानी गर्न पाउनेगरी खुला गरिएको छ । तर, डब्लूटीओको सदस्यता लिँदा वार्ताद्वारा वैदेशिक लगानीमा थप केही सर्त राखिएको थियो । जसअनुसार कुल लगानीको ५१ प्रतिशत वैदेशिक लगानी गर्न पाउने सेवा

व्यापारका क्षेत्रमा पशुचिकित्सा, अनुसन्धान तथा विकास, मुद्रण तथा प्रकाशन सेवालगायत पर्छन् । त्यसैगरी, इन्जिनियरिङ, सहरी योजनालगायतमा ६६ प्रतिशतसम्म लगानी गर्न पाउने व्यवस्था छ भने विज्ञापन सेवामा ६७ प्रतिशतसम्म र कम्प्युटर, वातावरण, दूरसञ्चारलगायत सेवामा ८० प्रतिशतसम्म विदेशीले लगानी गर्न सक्नेछन् ।

शैक्षिक क्षेत्रमा सुरुमा ५१ प्रतिशत मात्र लगानी गर्नसके पनि नेपाल सदस्य बनेको पाँच वर्षपछि भने ८० प्रतिशतसम्म लगानी गर्नसक्ने प्रावधान छ । यसरी हेर्दा अबका दुई वर्षपछि विदेशी संस्था वा कम्पनीले नेपालको शैक्षिक क्षेत्रमा ८० प्रतिशतसम्म लगानी गर्न सक्ने अवस्था हुनेछ ।

डब्लूटीओले लगानीको स्पष्ट व्यवस्था गरे पनि नेपालले आफ्नोअनुकूल हुनेगरी कानुन बनाएर नियन्त्रण, अनुगमन व्यवस्था सुरक्षित गरेको छ । तर, कसलाई, कसरी, कुन सर्तमा लगानी गर्न दिने भन्नेबारे शिक्षा मन्त्रालयले अहिलेसम्म कुनै गृहकार्य गरेको छैन । शिक्षा मन्त्रालयका प्रवक्ता लवप्रसाद त्रिपाठी भन्छन्- 'कसैले लगानीको प्रस्ताव गरेमा अध्ययन गर्छौं र उचित लागे मात्र स्वीकृति दिन्छौं । अग्रीम धारणा बनाउन भने मन्त्रालयले आवश्यक ठानेको छैन ।'

फाइदा-बेफाइदाको हिसाब

व्यापार भन्नासाथ उद्योग, कलकारखाना, उत्पादनलगायत कार्यसँग जोडिन्छ । यसरी सोझो अर्थमा हेर्दा शिक्षा व्यापारसँग सिधै सम्बन्ध राख्दैन । त्यसैले शिक्षालाई सेवाव्यापारअन्तर्गत राखिएको छ । अर्थशास्त्रीका अनुसार जुन चिज बेच्दा हातमा खस्दैन, त्यो सेवाव्यापार हो । सेवामा प्रत्यक्ष देख्न र छुट्याउन नसकिने विशेषता हुन्छन् ।

सेवाव्यापारको उदारीकरणबाट नेपालजस्तो विकासोन्मुख मुलुकलाई फाइदा र बेफाइदा दुवै हुने देखिन्छ । यी दुवै कित्ताका समर्थक आफ्नै तर्क बलियो ठान्छन् । यसबाट प्रतिस्पर्धात्मक वातावरण सृजना हुनेछ । विदेशीको समेत लगानी सेवाव्यापारमा भित्रिएपछि यो क्षेत्रमा स्वच्छ प्रतिस्पर्धा हुने र उत्पादनमा यसले गुणात्मक सुधार निम्त्याउने सम्भावनामा फाइदा पुग्छ

भन्ने पक्षको तर्क छ । त्यसैगरी, प्रतिस्पर्धाकै कारण सेवाप्रवाह सरलीकरण हुन जान्छ भने उत्पादन सर्वसुलभ हुन जान्छ । अर्कोतर्फ, यी सबै कारणले लागतमा न्यूनता ल्याउने भएकाले मूल्य पनि घट्ने सम्भावना रहने उनीहरूको तर्क छ ।

त्यसैगरी, पलपलको प्रतिस्पर्धा र गुणात्मक विकासले प्रविधिमा आधुनिकीकरण भित्रिनसक्छ । सहज उपलब्धता, सेवाप्रवाहमा सरलीकरणलगायत कारण व्यवसाय वृद्धि हुन्छ । जनशक्तिको गुणात्मक क्षमता पनि वृद्धि हुन्छ । समग्रमा रोजगारीका अवसर वृद्धि हुन्छ । नेपालजस्तो अल्पविकसित मुलुकले डब्लूटीओमा प्रवेश गरेपछि सेवाव्यापारको उदारीकरणबाट लिनसक्ने महत्वपूर्ण फाइदामध्ये यो प्रमुख हो भन्ने धारणा यसका समर्थकबाट बारम्बार आउने गरेको छ । डब्लूटीओको क्षेत्रमा कार्यरत सावती संस्थाकी निलु थापा रोजगारीलगायतका विषयमा नेपाललाई फाइदा पुग्ने दाबी गर्छिन् । उनको भनाइ छ- 'सेवाव्यापारमा भएको उदारीकरणबाट नेपालले फाइदा लिनसक्छ तर हामीले पनि प्रतिस्पर्धा भने बढाउन सक्नुपर्छ ।'

हाम्रोजस्तो अल्पविकसित मुलुकले यसबाट फाइदा लिन निकै कसरत गर्नुपर्ने तर्क पनि अगाडि आइरहेका छन् । त्रिभुवन आदर्श माविका प्रिन्सिपल रामबहादुर बस्नेत शैक्षिक क्षेत्रमा व्यापार गर्न दिन नहुने बताउँछन् । 'आफ्नो नियममा लगानीकर्तालाई बाँध्नसके त फाइदा होला, तर म यस्तो सम्भावना देख्दिन', बस्नेतको प्रश्न छ- 'सरकारले छाडा हिसाबले चलिरहेका निजी विद्यालयलाई त नियन्त्रण गर्न सकेको छैन भने विदेशीलाई कसरी गर्न सक्ला ?'

कसरी हुनसक्छ सेवाको लेनदेन

सेवा लिने र दिने तरिका के हुनसक्छन् र त्यो कसरी सम्भव हुनसक्छ भन्नेबारे पनि डब्लूटीओले व्यवस्था गरेको छ । यसका लागि सेवाव्यापारसम्बन्धी सामान्य सम्झौता पनि भएको छ जसले सेवाव्यापार सञ्चालनका लागि चार तरिका निर्धारण गरेको छ । यसलाई सेवा सञ्चालनका तरिका पनि भनिन्छ ।

सेवाग्राहीले विद्युतीय उपकरणका माध्यमबाट आफ्नै देशमा बसेर अर्को देशबाट सेवा लिनसक्छ । कम्प्युटर, फोन, इमेललगायत सूचना प्रविधिका माध्यमबाट उसले लिने सेवा यो प्रावधानअन्तर्गत पर्छ जसलाई एक मुलुकबाट अर्को मुलुकमा सेवा प्रदान गर्ने तरिका भनिन्छ ।

दोस्रो तरिकामा उपभोक्ता आफैं उपस्थित हुन्छ । यसको मतलब सेवा लिन उपभोक्ता आफैं सेवा प्रदान गर्ने मुलुकमा उपस्थित हुनसक्छ । स्वास्थ्योपचारका लागि विदेश जानु यसको उदाहरण हो ।

त्यसैगरी, तेस्रो तरिकामा संस्था आफैं उपस्थित हुनैपर्छ । सेवा दिने मुलुकको संस्था सेवा लिने मुलुकमा उपस्थित हुने अवस्था हो यो । एक देशको बैंक अर्को देशमा गएर शाखा खोल्छ र त्यहाँका सर्वसाधारणलाई सेवा दिन्छ भने यो तरिका संस्था आफैं उपस्थित हुनेमा पर्छ ।

सेवा प्रदान गर्ने व्यक्ति नै उपस्थित भई सेवा दिने अर्को तरिका हो । जसअन्तर्गत कुनै व्यक्ति आफैं त्यहाँ उपस्थित भएर सेवा दिन्छ । जस्तोः नेपालबाट वैदेशिक रोजगारीका लागि जाने र त्यहाँ गएर काम गर्ने तरिका यो तरिकाअन्तर्गत पर्छ । यसरी सेवाव्यापार सञ्चालनका लागि यी चार तरिका अवलम्बन गर्न सकिने व्यवस्था छ ।

अनुगमन/नियन्त्रण

सेवाक्षेत्रमा गरिएको उदारीकरण र त्यसलाई अपनाउँदा सधैं सकारात्मक परिणाम नै आउँछ भन्न सकिन्न । त्यसैले सेवाक्षेत्रमा गरिएको उदारीकरणले नेपालको अर्थतन्त्र, रोजगारी तथा वैदेशिक भुक्तानी सन्तुलन र राष्ट्रिय सुरक्षाक्षेत्रमा पर्ने असरलाई संरक्षण गर्नसक्ने प्रावधान पनि छ । जसका लागि नेपालले विशेष आन्तरिक कानुन तर्जुमा गर्न पाउँछ ।

कसैले नेपालमा सेवाव्यापार सञ्चालन गर्न चाहे उसले निश्चित प्रक्रिया पूरा गर्नुपर्छ । लाइसेन्स लिने, दर्ता गर्ने, नवीकरण गर्ने र आन्तरिक नियन्त्रण, निर्देशनमा रहने । तर, यस्तो व्यवस्था लागू गर्दा वा त्यसलाई पछ्याउँदा व्यापारप्रणालीलाई अवरोध पुऱ्याउनेखालको भने हुन नहुने व्यवस्था पनि गरिएको छ । सेवाव्यापार सञ्चालन गरिँदा सरलीकरणका साथै राष्ट्रिय

हितलाई ध्यान दिइएको हुनुपर्ने नियम पनि छ ।

अहिले २० वटा कम्पनीले मुलुकका विभिन्न स्थानमा मेडिकल कलेज खोल्न शिक्षा मन्त्रालयबाट 'पूर्वाधार तयारीका लागि पत्र' पाएका छन् । जसमध्ये केहीमा विदेशी लगानीसमेत हुने उल्लेख छ । शिक्षा मन्त्रालय, उच्च शिक्षा शाखाका भीम घिमिरेका अनुसार यसरी स्वीकृति पाउनेले एक वर्षभित्र काम सुरु गरिसक्नुपर्छ । १० वर्षको अवधि दिइने गरिएको हुन्छ भने त्यतिबेलासम्म उसले प्रतिविद्यार्थी ७ बेडको व्यवस्था पनि गरिसकेको हुनुपर्छ । १० वर्षे गुरूयोजना पहिले नै पेस गरेको हुनुपर्ने र त्यसअनुरूप काम भए/नभएको हेर्न मन्त्रालयमा अनुगमन समिति नै हुन्छ ।

स्वीकृति लिए पनि कारबाही अघि नबढाउने ७ मेडिकल कलेजको प्रस्ताव भर्खरै मन्त्रालयले खारेज गरेको जानकारी पनि उनले दिए । यसरी डब्लूटीओले वैदेशिक लगानी शिक्षाक्षेत्रमा सहज तुल्याए पनि आन्तरिक नीति-नियम नमान्नेलाई हटाउनसक्ने अधिकार नेपालसँग सुरक्षित छ । विभिन्न उद्देश्यले स्वीकृति लिइहाल्ने तर काम भने पूरा नगर्ने प्रवृत्ति मन्त्रालयको खारेजी निर्णयले बढेको देखिन्छ । तर, यो अधिकार नेपाललाई भए पनि त्यो प्रभावी हुन्छ कि हुन्न भन्नेचाहिँ ! योगकर्तामा भर पर्छ ।

विद्यार्थी आदान-प्रदानको अवस्थाशिक्षामा विद्यमान उदारीकरण र निजीकरणको प्रभाव अहिले विश्वभर परेको छ । जसअन्तर्गत एक देशबाट अर्को देशमा पढ्न जानेक्रम हरेक वर्ष बढ्दो छ । सन् २००५ मा आफ्नै खर्चमा अमेरिकामा पढ्न जाने नेपाली १ हजार ५ सय ६३ थिए भने यो सङ्ख्या अस्ट्रेलियामा ५ सय ११ र चीनमा ५ सय ५६ थियो । त्यसैगरी, बेलायतमा २ सय ११ जना गएका थिए भने पाकिस्तानमा १ सय २७, जर्मनीमा १ सय १ र अन्य मुलुकमा १ हजार ७ सय ५७ जना पुगेका थिए ।

त्यसैगरी, नेपालमा आर्थिक वर्ष ०६३/६४ मा शैक्षिक प्रयोजनका लागि त्रिभुवन विश्वविद्यालयअन्तर्गत विश्वभाषा क्याम्पसमा २ सय ९ जना आए । त्यसैगरी, शिक्षाध्यक्षको कार्यालयमार्फत १ सय ४६ जना आए भने त्रिविकै अन्तर्राष्ट्रिय सम्बन्ध केन्द्रअन्तर्गत १ सय ८ जना आए । काठमाडौं विश्वविद्यालयमा २ सय ७३ जना आएका थिए भने अन्य विश्वविद्यालयमा

२७ जना आए । यी सबैमा पाँच प्रतिशत शिक्षक थिए भने बाँकी विद्यार्थी । सीटीईभीटीमा १८ जना स्वयंसेवक पनि शैक्षिक प्रयोजनकै लागि सो अवधिमा नेपाल आए ।

यसरी शैक्षिक प्रयोजनका लागि नेपाल आउनेलाई सम्बन्धित शिक्षणसंस्थाको अनुमतिमा शिक्षा मन्त्रालयले भिसाको सिफारिस दिने व्यवस्था छ ।

यो आँकडा हेर्दा नेपालबाट बाहिर पढ्न जाने मात्र चलन रहेको परिप्रेक्ष्यमा पछिल्लो समयमा पढ्नैका लागि नेपाल आउनेको सङ्ख्या पनि वृद्धि भएको र यस्तो क्रम बढ्दो पाइन्छ । अहिले त्रिभुवन विश्वविद्यालयअन्तर्गतको द्वन्द्वव्यवस्थापन कार्यक्रममा ३८ जना विद्यार्थी अध्ययन गर्छन् । जसमा सातजना श्रीलङ्काका विद्यार्थी छन् । उक्त कार्यक्रमका संयोजक सौभाग्य शाह भन्छन्- 'अहिले श्रीलङ्कन विद्यार्थी मात्र छन्, भविष्यमा हामी अन्य थुप्रै देशका विद्यार्थी ल्याउने योजनामा छौं ।'

विदेशमा आफ्नै खर्चमा सन् २००५ मा पढ्न गएका नेपाली विद्यार्थी		
अमेरिका	:	१५६३
अस्ट्रेलिया	:	५११
बेलायत	:	२९१
पाकिस्तान	:	१२७
जर्मनी	:	१०१
चीन	:	५५६
अन्य देशमा	:	१,७५७

नेपालको अध्यापन/अध्ययनमा संलग्न विदेशी विद्यार्थी		
त्रिभुवन विश्वविद्यालयअन्तर्गत	:	४६३
काठमाडौं विश्वविद्यालयअन्तर्गत	:	२७३
सीटीईभिटी	:	१८
अन्य विश्वविद्यालयअन्तर्गत	:	२७

त्रिभुवन विश्वविद्यालय, श्रीलङ्काको इस्टर्न युनिभर्सिटी र रूहना युनिभर्सिटी तथा नर्वेको नर्वेजियन युनिभर्सिटीको सहकार्यमा सञ्चालित यो कार्यक्रमको उद्देश्य नै विभिन्न मुलुकका विद्यार्थीलाई एकै ठाउँमा राखेर शिक्षा दिने रहेको शाहको भनाइ छ ।

नयाँ विषय भएकाले सोचेजति विद्यार्थी नपाएको बताउँदै कार्यक्रम संयोजक शाह भन्छन्- 'द्वन्द्व, शान्ति र विकासको बहुविधागतरूपले र एकीकृतरूपले अध्ययन, अनुसन्धान गर्ने भएकाले यो कार्यक्रममा विदेशी विद्यार्थी पक्कै आकर्षित हुनेछन् । नयाँ र विश्व परिस्थितिअनुरूपका शैक्षिक कार्यक्रम सञ्चालन गर्न सकिए जति पनि विदेशी आकर्षित गर्न सकिने भनाइ उनको छ । यस्तो गर्न सकिएमात्र युनिभर्स अर्थात् युनिभर्सिटीको नाम सार्थक हुने भनाइ उनको छ- 'नामअनुसारको काम । यस्तो कलेज दक्षिण एसियामै अन्त कतै छैन ।'

चुनौती र प्रतिरक्षा

सेवाव्यापार र त्यसमा पनि शैक्षिक क्षेत्रमा विदेशी लगानीबाट नेपालले फाइदा लिनसक्ने सम्भावना प्रशस्तै छन् । तर, यसका चुनौती पनि उत्तिकै छन् । विश्वव्यापार समुदायसँग कसरी आन्तरिक सुधारहरूलाई मिलाउँदै लैजाने भन्ने प्रश्न नेपालका लागि कम चुनौतीपूर्ण छैन । त्यसैगरी, उनीहरूको तुलनामा हाम्रो व्यापारलाई सरल बनाउने कार्य पनि कम जटिल पक्कै छैन ।

कुन सेवालाई, कसरी मित्र्याउनुपर्छ र कसबाट बढी लाभ लिन सकिन्छ भन्ने अनुभव नेपालसँग छैन । अर्कोतर्फ मित्र्याउन जरूरी सेवा, हामीले लिनसक्ने लाभ र त्यसलाई प्राप्त गर्ने तरिकाबारे विस्तृत अध्ययन गराउनेजस्ता रणनीति पनि नेपालले अँगालेको छैन । त्यसैले सेवाव्यापारअन्तर्गत पर्ने शिक्षामा लगानीजस्ता विषयबाट कसरी प्रत्यक्ष लाभ हासिल गर्न सकिन्छ भन्नेबारे स्पष्ट धारणा कसैसँग छैन ।

रणनीतिकै अभावमा सेवाव्यापारको खाका पनि नेपालसँग छैन । त्यसैले नेपालले खोजेको के हो र किन यसमा विदेशी लगानी जरूरी तथा यसबाट नेपालले के लाभ हासिल गर्नसक्छ भन्ने उत्तर पनि छैन ।

नेपालबाट विदेशमा व्यापार गर्न सकिने सेवाक्षेत्र पहिचान, सेवाव्यापारको उदारीकरणबाट नेपाललाई पर्न सक्ने दीर्घकालीन प्रभावको विश्लेषण, सेवाव्यापारबारे समन्वय निकाय गठन, आन्तरिक सेवाप्रदायकको सुरक्षा, त्यसका लागि ऐननियम निर्माण, सरकारी र निजीक्षेत्रबीचको समन्वयजस्ता चुनौती थप समस्याका रूपमा देखिएका छन् ।

एकतर्फ, यी उत्तरका अभावमा नेपालले सिङ्गै उदारीकरणबाट कति फाइदा लिनसक्छ भन्ने स्पष्ट छैन भने अर्कोतर्फ सेवाव्यापारको पनि एउटा अङ्ग शैक्षिक क्षेत्रमा गरिएको खुलापनले दिनसक्ने लाभ आँक्नसक्ने पनि कुरै भएन ।

सरकारले हरेक वर्ष मुलुकको चिकित्सा र इन्जिनियरिङ क्षेत्रअन्तर्गत एउटै जनशक्ति तयार पार्न लाखौं खर्चने गर्छ । तर, बिस्तारै यो जनशक्ति विदेशिने क्रम बढिरहेको छ । एकतर्फ, यस्तो जनशक्तिको मुलुकमै अभाव छ भने अर्कोतर्फ बढी कमाइ गर्ने महत्वाकाङ्क्षाले पढ्ने, तालिम लिनेजस्ता विभिन्न बहानामा उनीहरू बाहिरिने क्रम जारी छ । शैक्षिक उदारीकरणका नाममा यस्तो दक्ष जनशक्ति पलायन हुने अवस्थालाई रोक्नु अर्को चुनौती बनेको छ । तर, सावतीकी निलु थापा झैं माथि राष्ट्रको लगानी भए पनि उसले काम गरेर त्यो पैसा नेपाललाई नै पठाउने भएकाले मुलुकलाई घाटा नपर्ने बताउँछिन् । उता, शिक्षाप्रवक्ता लवप्रसाद त्रिपाठी कसैलाई अन्यत्र नजाऊ भन्न नमिल्ने तर्क राख्दै भन्छन्- 'यो उनीहरूको शैक्षिक अधिकार पनि हो ।'

निजीक्षेत्रका शैक्षिक संस्थाले बजारमागअनुसारको शिक्षा उपलब्ध गराउँछन् । आफ्नो लगानी उठाउने र फाइदा कमाउने धुनमा उनीहरू आफ्नै पाठ्यक्रम बनाउँछन् । यस्तो शिक्षाले नेपालको हित नगर्न पनि सक्छ । राष्ट्रियता, मानवीय भावना, समाजप्रतिको दायित्वबारे त्यस्तो शिक्षा उत्तरदायी नहुनसक्छ । यस्तो अवस्थामा के गर्ने भन्नेबारे नेपालले थुप्रै तयारी गर्नुपर्ने हुन्छ । तर, अहिलेसम्म यसबारे सोच्ने कामसम्म भएको छैन ।

सरकारले डब्लूटीओको शिक्षाक्षेत्रसम्बन्धी कुनै जानकारी दिन वा केही गर्नुपरे शिक्षा मन्त्रालयका प्रवक्ता लवप्रसाद त्रिपाठीलाई 'फोकल प्वाइन्ट

तोक्नुबाहेक अरू कार्य अघि बढाएको छैन । त्रिपाठी भन्छन्- 'मन्त्रालयतर्फबाट अहिलेसम्म डब्लूटीओअन्तर्गत आउने लगानीलगायतका सम्बन्धमा के गर्ने भन्नेबारे कुनै गृहकार्य भएको छैन । मन्त्रालयसँग यसबारे कुनै रणनीति तथा तयारी व्यवस्था पनि छैन ।' यसरी हेर्दा नेपालको सन्दर्भमा शिक्षामा वैदेशिक लगानी खुला गरिएपछि यसले के दिन्छ र हामीले के लिन सक्छौं भन्ने दुवै प्रश्नको उत्तर छैन । न सरकार, न गैरसरकारी संस्था र न निजीक्षेत्र नै यस्तो अवस्थामा स्पष्ट हुन चाहेका छन्, जब कि यो चुनौती सामना गर्न यी तीनै निकायको महत्त्वपूर्ण भूमिका रहन्छ ।

डब्लूटीओको मान्यता उदारीकरणमार्फत धेरै मानिसले उपयोग गर्ने भएपछि स्वतः त्यसको स्तरीयता र उपभोग बढ्छ । यस्तो अवस्थामा लागत कम हुनगई मूल्यमा कमी आउँछ भन्ने हो । तर, नेपालको सन्दर्भमा यो मेल खाने देखिन्न । किनकि, अहिले विदेशीले नेपालको शिक्षाक्षेत्रमा लगानी गर्न रूचि देखाएको क्षेत्र मेडिकल कलेज मात्र देखिन्छ । यो पढाइ निकै खर्चिलो भएकाले धेरै व्यक्तिले उपयोग गर्ने सिद्धान्तले यसमा मेल खाँदैन । त्यसैले धेरैले प्रयोग गरेपछि स्वतः मूल्यमा कमी आउने अवधारणाले यसमा मार खाने देखिन्छ ।

त्यसैगरी, धेरैमा सेवा पुऱ्याउने अर्को लक्ष्य डब्लूटीओले अँगालेको छ । जब कि यो निकै महँगो भएकाले धेरै नेपालीको पहुँचबाहिर पर्दै आएको छ । र, निकट भविष्यमा धेरैको यो क्षेत्रमा पहुँच पुग्नेखालको परिवर्तनको सङ्केत पनि देखिइहालेको छैन । यस्तो अवस्थामा धेरैभन्दा धेरै नेपालीको यो क्षेत्रमा सहभागिता सम्भव देखिन्न । जसले यस्तो क्षेत्रमा सहज प्रवेश पाइरहेको छ, उसैलाई छान्ने अवसर प्राप्त हुनेबाहेक यो क्षेत्रबाट नेपालले अहिले नै केही पाइहाल्ने अवस्था देखिन्न ।

मुलुकलाई कति डाक्टर चाहिन्छ, कतिवटा मेडिकल कलेज खुल्न जरूरी छ, कति इन्जिनियर चाहिन्छ, कति कलेजलाई स्वीकृति दिएपछि, कति विदेशी पढ्न आउलान् र तिनका कारण नेपाललाई कति फाइदा हुन्छ भन्ने मेसो पनि शिक्षा मन्त्रालयलाई छैन । 'अहिलेसम्म मेनपावर क्याल्कुलेसन गरिएको छैन- शिक्षा प्रवक्ता लवप्रसाद त्रिपाठीको भनाइले स्पष्ट गर्छ कि नेपाल डब्लूटीओको सदस्य बनेपछि यसले मुलुकको शिक्षाक्षेत्रमा पार्ने

प्रभावबारे ठ्याम्मै कुनै काम भएको छैन ।

डब्लूटीओसम्बन्धी नीतिगत कार्यमा सघाउन तथा अन्तर्राष्ट्रियस्तरमा समन्वय गर्न उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गत विश्व व्यापार सङ्गठन महाशाखा नै गठन गरिएको छ । त्यसैगरी, कृषि मन्त्रालयअन्तर्गत पनि छुट्टै सेल गठन भएको छ । तर, शिक्षा मन्त्रालयमा त्यस्तो व्यवस्था छैन । डब्लूटीओमा उल्लिखित प्रावधानअन्तर्गत भएका कुनै पनि काम, सम्झौतालगायत दीर्घकालीन असर पार्ने खालका छन् भने त्यस्तो जानकारी सम्बन्धित मन्त्रालयले यही महाशाखा हुँदै केन्द्रीय कार्यालयमा पठाउने गर्छ । महाशाखाका उपसचिव विष्णु पाण्डेका अनुसार अहिलेसम्म डब्लूटीओमा उल्लिखित प्रावधानअन्तर्गत शिक्षा मन्त्रालयले कुनै काम वा सम्झौता गरेको जानकारी यस महाशाखालाई पठाएको छैन । ■

(शिक्षा पत्रकार समूहका सदस्य लामिछाने 'कान्तिपुर' राष्ट्रिय दैनिकसँग आबद्ध छन् ।)

सन्दर्भस्रोत

१. *प्याब्सन रिभ्यु*, भोलम ५, २०६४, पेज ७३

२. *नेपाल इन एजुकेसनल फिगर्स, २००६*

३. *उच्च शिक्षा शाखा*, शिक्षा मन्त्रालय

निजी विद्यालयबाट उत्पादित जनशक्ति : अपेक्षा र अवस्था

■ प्रकाश सिलवाल

निजी विद्यालयको उत्पादनको अर्थतन्त्र र समाजको दीर्घकालीन तथा प्रगतिशील सुधारका दृष्टिले के प्रभाव रह्यो भनी आँकलन गर्ने भरपर्दो तथ्याङ्क छैनन् ।

शिक्षामा व्यक्ति, परिवार, समुदाय र राज्यको समय, श्रम र स्रोतको लगानी हुन्छ । एउटा सामान्य बालबालिकाले विद्यालयस्तरको पढाइ पूरा गर्न कम्तीमा १२ वर्ष विद्यालय जानुपर्छ । त्यसका लागि लाग्ने श्रम, समय र स्रोतको तुलनामा उसले शिक्षा प्राप्त गरेपछि समाज र परिवारलाई दिने प्रतिफल र व्यक्ति स्वयंको जीवनमा प्राप्त हुने अवसरका आधारमा शिक्षाका क्षेत्रमा गरिने लगानीको वा त्यसबाट हुने उत्पादनले दिने योगादानको मूल्याङ्कन गर्न सकिन्छ । अर्थशास्त्रमा Opportunity Cost का आधारमा प्रतिफल मापन गर्ने विधि हुन्छ । तर, शैक्षिक जनशक्तिको योगदान केवल उसले आर्थिक-सामाजिक जीवनमा दिने योगदान मात्र नभएर 'सफा हातले खान सिकेकाले रोगबाट बच्नसक्नेसम्मका चेतना र जीवनबाट लिने सन्तुष्टिमा आउने भिन्नता पनि पर्ने भएकाले यसलाई सामान्य गणितीय हिसाबले मापन गर्न कठिन छ ।

नेपालको शैक्षिक विकासको सन्दर्भमा उत्पादन योगदान तथा जनशक्ति सदुपयोगबारे कुनै 'तयारी' व्याख्या छैन । निश्चित उमेर र शिक्षाबाट पार लागेका शिक्षित जनशक्तिले आफ्ना लागि वा देशका लागि के गरे भन्ने प्रश्नभित्र जनशक्तिको सदुपयोगको स्थिति आँकलन गर्नुपर्ने अवस्था विद्यमान छ । उपलब्ध समय र स्रोतको सीमाभित्र यो लेखमा त्यसमाथि छलफल गरिनेछ ।

हरेक वर्षको प्रवेशिका परीक्षामा उत्तीर्णमध्ये झन्डै ८० प्रतिशत विद्यार्थी निजी विद्यालयकै हुने गर्छन् । 'शैक्षिक स्कोर' का दृष्टिमा यसले आफ्नो प्रभाव जमाएकै मान्नुपर्छ । तर, राष्ट्रिय आवश्यकताका सन्दर्भमा भने ती जनशक्तिको सदुपयोगको स्थिति आँकलन भइसकेको छैन । निजी विद्यालयको उत्पादनको अर्थतन्त्र र समाजको दीर्घकालीन तथा प्रगतिशील सुधारका दृष्टिले के प्रभाव रहयो भनी आँकलन गर्ने भरपर्दो तथ्याङ्क छैनन् । साथै, त्यस्तो जनशक्तिको प्रयोग सामुदायिक विद्यालयबाट उत्पादित जनशक्तिको तुलनामा के-कति किसिमले भिन्न छ भन्ने तथ्याङ्क पनि छैनन् ।

मानवीय पुंजी निर्माणमा शिक्षाको महत्वपूर्ण भूमिका रहन्छ । कम विकसित देशहरूमा शैक्षिक क्षेत्रमा गरिने लगानी 'दुर्लभ साधन' को परिचालन

हो जसले कम खर्चमा बढी प्रतिफलको आशा गरेको हुन्छ । शिक्षित र चेतनशील श्रमशक्तिले सामाजिक, आर्थिक, जनसाङ्ख्यिक, राजनैतिक एवं सांस्कृतिक विकासमा विशेष सहयोग पुऱ्याउँछ (वेदराज, ०५७) ।

नेपालको शिक्षा क्षेत्रमा राज्यको लगानी अन्य एसियाली मुलुकका तुलनामा मध्यम नै रहे पनि निजी शिक्षालयमा सर्वसाधारण जनताको ठूलो आम्दानी खर्च भइरहेको छ । सहरिया र हुनेखाने तथा मध्यमवर्गका छोराछोरी सरकारी विद्यालयमा पढ्नेक्रम क्रमशः घट्दो रहेको छ । यस अवस्थामा निजी (संस्थागत) विद्यालयको आकर्षण र 'व्यवसाय' बढेको छ । सरकारी संयन्त्रकै परीक्षा प्रणालीले हरेक वर्षको प्रवेशिका परीक्षामा निजी विद्यालयका विद्यार्थी उच्च प्राप्ताङ्कसहित कुल नतिजामा ८० प्रतिशतसम्म उत्तीर्ण हुने गरेको परिणाम प्रकाशन हुँदै आएको छ ।

शिक्षाले ज्ञानको प्रसारण, सामाजिक नियन्त्रण, सामाजिक सम्पदाको संरक्षण र सामाजिक प्रगतिलाई समावेश गरेको हुनुपर्छ भन्ने समाजशास्त्री मुनरोको भनाइलाई आधार मान्ने हो भने देश विकासका निम्ति आवश्यक, कृषि, उद्योग, व्यापार तथा अन्य सेवामूलक कार्य र राजनीतिक प्रणालीमा शिक्षित जनशक्तिको उपस्थिति त्यसको प्रगतिको आधार मान्न सकिन्छ ।

नेपालको निजामती प्रशासन, राजनीतिक नेतृत्व, कूटनीतिक क्षेत्र, सामाजिक दायित्वका क्षेत्रमा जस्तोसुकै स्तरका भए पनि सरकारी विद्यालयकै उत्पादनले ठाउँ लिएको छ । यद्यपि, निजी (बोर्डिङ) विद्यालयहरूको सञ्चालन ०३६ पछि फैलिएर र ०४६ पछि मात्रै बढ्दो भएकाले त्यसबीचको उत्पादनबाट 'राष्ट्रिय विकास' मा निजी विद्यालयको उपस्थिति खोजिहाल्ने स्थिति नभएको तर्क पनि गर्न सकिन्छ । त्यसो त बूढानीलकण्ठ बोर्डिङ स्कुल, सिद्धार्थ बनस्थली वा २००७ मा फादर मार्सलले खोलेको सेन्ट जेभियर्सजस्ता शिक्षालयका योगदान भने गणनायोग्य नै मान्ने गरिन्छ । जहाँबाट पछिल्लो समयका उत्पादन प्रायः देशबाट बाहिरिए पनि आजकै नेपालमा प्राविधिक जनशक्तिमा त्यसको उत्पादन उल्लेख्य पाइन्छ । संस्थागत विद्यालयहरूले देशको गुणस्तरीय शिक्षाप्रतिको जनचाहना परिपूर्ति एवं रोजगारका अवसर बढाउनसमेत सहयोग पुऱ्याइरहेका छन् । संस्थागत विद्यालयहरूले स्तरीय शिक्षा चाहने स्वदेशी अभिभावकहरूको धनराशी विदेशिनबाट रोक्ने तथा

स्वदेशी पुँजी स्वदेशमै रहने वातावरण तयार पारेको छ । साथै, आफ्नै सामाजिक परिवेशमा शिक्षादीक्षा दिने हुँदा सामाजिक एवम् सांस्कृतिक लाभसमेत महत्वपूर्ण हुने गरेको सञ्चालकहरूले नै बताउँदै आएका छन् ।

जानकारीअनुसार, बूढानीलकण्ठ स्कुलबाट उत्पादित विद्यार्थीको झन्डै ९० प्रतिशत विद्यार्थी दसजोड दुई वा 'ए' लेभलको अध्ययनपछि मुलुकबाट बाहिरिन्छन् । त्यसमध्येको एक समूहका केवल तीनजना मात्र नेपालमा विभिन्न काममा लागेका वा विश्वविद्यालयमा उच्चशिक्षा अध्ययनमा लागेका छन् । (पूर्व विद्यार्थीसँगको कुराकानी) यसले निजी विद्यालयको उत्पादन प्रायः आन्तरिक माग पूरा गर्न काम नलाग्ने खतरा देखाउँछ । किनभने, त्यसरी बाहिरिनेमध्ये निकै कम मात्र उच्चअध्ययनपछि नेपाल फर्कन्छन् । यद्यपि, यो प्रवृत्तिका लागि निजी विद्यालयलाई दोष भने दिन मिल्दैन । अवसर जता छ, त्यतै बग्ने पानीजस्तो मान्छेको सनातन स्वभाव तथा देशको उराठलाग्दो आर्थिक-राजनीतिक अवस्थाले युवा र योग्य जनशक्ति पलायन भएको स्वीकार्नैपर्छ ।

'हामीले प्राथमिक तहका बालबालिकाहरूलाई डाक्टर, इन्जिनियर, शिक्षक, अर्थशास्त्री वा प्रशासक होऊन् भन्ने ढङ्गले आफ्नो निर्णय लाद्नुहुन्न । यसरी लादियो भने उनीहरू केही पनि बन्नसक्ने छैनन् । बरू उनीहरूलाई त्यस्तो सीप तथा मूल्य र मान्यतामा आधारित शिक्षा दिनु आवश्यक छ जसले ग्रामीण भेगमा गएर त्यहाँको जीवन सुधारका लागि प्रोत्साहन गरोस् ।' (कसम १९९७) । यसलाई उत्पादन योगदानको आधार मान्ने हो भने नेपाली निजी विद्यालयको प्रतिफल ग्रामीण जनताले झन्डै नपाएको स्थिति देखिन्छ ।

अहिले निजी शिक्षालयहरू शतप्रतिशत विद्यार्थीलाई कक्षामा प्रथम श्रेणीमा उत्तीर्ण गराएर आफ्नो सफलता प्रचार गरिरहेका छन् । अभिभावक र विद्यार्थी पनि त्यस प्रचारबाट बेखुसी छैनन् । नेपालको शैक्षिक प्रणालीले पनि त्यसैलाई 'गुणस्तरीय' र 'सफल शिक्षा' ठान्ने समाजलाई अरू कुनै चित्तबुझ्दो जवाफ दिनसकेको छैन । यद्यपि, राष्ट्रिय योजना आयोग तथा शिक्षा मन्त्रालयका दस्तावेजहरूका शैक्षिक लक्ष्यसम्बन्धी व्याख्या व्यक्तिको

सर्वाङ्गीण विकास र राष्ट्रको समुचित नेतृत्व निर्माण गर्नु तथा आर्थिक समृद्धि प्राप्त गर्नुको अर्थमा देखिन्छन् ।

शिक्षाले हरेक व्यक्तिलाई उसको हैसियत, लक्ष्य र उद्देश्य के हो भन्ने बुझ्न सक्षम बनाई संसारलाई व्यापक ढङ्गबाट बुझाएर प्रसन्नतासाथ जिउनसक्ने बनाउनुपर्छ । शिक्षा पत्रकार समूहले देशका विभिन्न क्षेत्रका आठवटा जिल्लाका २४ वटा निजी विद्यालयमा गरेको सर्वेक्षणले त्यस्ता विद्यालयमा पढ्नेहरूमध्ये आफ्नो सपना साकार भएको ठान्नेको सङ्ख्या कम देखाएको छ । विद्यालय भर्नाका क्रममा विद्यार्थी तथा अभिभावकले लिने लक्ष्य र हाल उनीहरूले भोगिरहेको यथार्थबीच गहिरो खाडल भेटिन्छ । उक्त सर्वेक्षणले विद्यार्थीकालमा प्राविधिक क्षेत्रमा लाग्ने सोचका धेरै भेटिए पनि पछि त्यसमा सामेल हुनेको प्रतिशत १४ मात्रै छ । जब कि प्राविधिज्ञ बन्ने लक्ष्य राख्नेको प्रतिशत ७७ छ । त्यस्तै, विद्यार्थीकालमा ११ प्रतिशत विद्यार्थी मात्रै व्यापारमा लाग्न चाहेकोमा हाल त्यस क्षेत्रमा हुनेको सङ्ख्या ४४ प्रतिशत छ । यद्यपि, सरकारीको तुलनामा निजी विद्यालयमा पढेर सन्तुष्ट हुनेको सङ्ख्या ६३ प्रतिशत छ ।

पूर्वविद्यार्थीहरूका विचारमा निजी विद्यालयमा पढाउन आउने कारण :

काम गर्ने चाहना	निरन्तरता	प्रतिशत	हालको पेशा	निरन्तरता	प्रतिशत
प्राविधिक	२१	७७.८	प्राविधिक	४	१४.८
अधिकृत	२	७.४	अधिकृत	४	१४.८
व्यापारी	३	११.१	विद्यार्थी	१२	४४.४
सामाजिक क्रियाकलाप	१	३.७	व्यापारी	३	११.१
जम्मा	२७	१००	शिक्षक	४	१४.८
			जम्मा	२७	१००

स्रोतः नेपालमा निजी विद्यालयसम्बन्धी अध्ययन, २००७, शिक्षा पत्रकार समूह

०५५ सालमा न्यु होराइजन बोर्डिङस्कुल, तानसेन- ५, पाल्पाबाट प्रवेशिका परीक्षा उत्तीर्ण गरेका कुमुदिनी श्रेष्ठ आफूले पढ्दाको लक्ष्य हासिल गर्न नसकेकोमा खिन्न छन् । राष्ट्रिय प्राविधिज्ञ बन्ने सोच राखेका उनी हाल स्थानीय व्यापारमै खुम्चिएका छन् । सानो छँदा डाक्टर, इन्जिनियर बन्ने परिकल्पना बोक्ने माउन्टभ्यु बोर्डिङ स्कुल, दाङबाट ०५६ मा एसएलसी सकाउने यमन केसीको हालत पनि उस्तै छ । उनी हाल गाउँमै सामान्य शिक्षकका रूपमा कार्यरत छन् । केही वर्षयता सामाजिक अनुसन्धान, बैकिङ, पर्यटन, परम्परागत व्यापार-व्यवसाय, नयाँ र खोजमूलक व्यवसाय, उद्योग, शैक्षिक क्षेत्र, पत्रकारितालगायतका क्षेत्रमा भने निजी विद्यालयबाट उत्पादन भएका विद्यार्थीहरूको राम्रो उपस्थिति हुन थालेको छ । लोकप्रिय युवानेता गगन थापा पनि निजी विद्यालयकै उत्पादन हुन् ।

शिक्षाको आर्थिक विकाससँगको सम्बन्ध श्रमशक्तिले प्राप्त गर्ने ज्ञान र सीपमा आधारित हुन्छ । शैक्षिक प्रणालीले उपयुक्त सङ्ख्यामा सही ठाउँमा काम गर्नसक्ने योग्य व्यक्ति उत्पादन गर्छ । यो मान्यतालाई राष्ट्रिय योजना आयोगको नवौं योजना (०५४-०५९) ले शाब्दिक रूपमा स्वीकार त गऱ्यो तर त्यसको व्यावहारिक कार्यान्वयन भएन । योजनाले शिक्षालाई गरिबी उन्मूलन गर्ने र आर्थिक, सामाजिक उत्थानमार्फत जीवनस्तरमा प्रभावकारी सुधार ल्याउने, मानव स्रोत-साधनको उचित प्रयोगद्वारा राष्ट्रिय विकास हासिल गर्ने मूल माध्यमका रूपमा उल्लेख गर्दै प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सुविधाहरूको व्यापक विस्तार गरी गरिबी उन्मूलनको सशक्त माध्यमको रूपमा लिएको छ । उच्चस्तरीय राष्ट्रिय शिक्षा आयोग-२०५५ ले राष्ट्रको सर्वाङ्गीण विकासका लागि आवश्यक ज्ञान, विज्ञान र प्रविधिमा सक्षम तथा जीवनोपयोगी सीपको विकास, प्रवर्द्धन र विस्तार गरी योग्य तथा दक्ष जनशक्ति उत्पादन गर्न एवं विद्यार्थीहरूमा श्रमप्रति आस्था, निष्ठा र स्वावलम्बनको भावना जगाउन जोड दिएको छ । सामुदायिक विद्यालय कमजोर बन्दै गएका बेला निजी विद्यालयले राज्यको अपेक्षा पूरा गर्न निकै सहयोग पुऱ्याएको मान्न सकिन्छ ।

निजामती सेवामा निजी विद्यालयको उत्पादन १० प्रतिशत पनि खपत नभएको स्थिति छ । यो हिसाबले खस्कँदो भनिएको सरकारी विद्यालयले नै यी क्षेत्रलाई धानेको मान्नुपर्ने हुन्छ । प्राविधिक, योजनाविद्, राजनीतिज्ञ,

सामाजिक कार्यकर्ताजस्ता क्षेत्रमा पनि युवापुस्ता र निजी शिक्षालयको अनाकर्षण छ । प्राप्ताङ्ककै गणनामा निजी विद्यालयका विद्यार्थी 'मेधावी' छन् तर तिनलाई राष्ट्रिय सेवामा उपयोग गर्ने स्थिति छैन । त्यस क्षेत्रमा प्रवेशका लागि राजनीतिक प्रभाव, पहुँच र भनसुनको परम्परा र तलब मात्रैले जीवन धान्न नसकिने भएकाले यस्तो अनाकर्षण जन्माएको हुनसक्छ । अहिलेका उपल्लो तहका कर्मचारी धेरैजसो दुर्गम भेगका विद्यालयका उत्पादन नै रहेका छन् । उनीहरूमा देशको वस्तुस्थितिबोध छ । कतिपयमा अन्तर्राष्ट्रिय परिवेशअनुकूलको नेतृत्व क्षमता पनि छ ।

नेपालको बजार विश्वसँग प्रतिस्पर्धा गर्नेगरी विश्वव्यापीकरणको प्रभावक्षेत्रभित्र गएको वर्तमान अवस्थामा राष्ट्रलाई नीतिगत नेतृत्व दिनसक्ने, व्यावसायिक दक्षता भएको, प्रतिस्पर्धात्मक क्षमताको जनशक्ति अझ बढी चाहिन्छ । निजी विद्यालयबाट भएको उत्पादनले त्यसलाई निश्चित रूपमा योगदान पुऱ्याएको छ । तर, 'अमेरिका' होइन, नेपालमै अवसर मिल्छ भन्ने वातावरण बनाएर सरकारी सेवालाई आकर्षक र सहज बनाई तिनको क्षमताको प्रयोग गर्ने वातावरण भने राज्यले पनि बनाउन सक्नुपर्छ । ■

(शिक्षा पत्रकार समूहका महासचिव सिलवाल 'गोर्खा एफएम' सँग आबद्ध हुनुहुन्छ ।)

सन्दर्भसामग्री

१) आचार्य, वेदराज, *नेपालको आर्थिक विकासको माध्यमको रूपमा शिक्षाः सम्भावना, समस्याहरू*, विकासका लागि शिक्षा, ०५७ (सेरिड)

२) *राष्ट्रिय योजना आयोग, ०५८*

३) Tilak Jandhyala B.C. (1994), *Education for development in Asia*, sage publications, New Delhi, India.

३) *शिक्षा र शिक्षाप्रणाली*, मानवतावादी, दार्शनिक जयपृथ्वीबहादुर सिंहको Humanism Vol.1 Part II को भाषानुवाद अंश

४) नेपाल, प्रदीप, *एन. प्याब्सन : एक दशक*, स्मारिका ०६४, एन. प्याब्सन, काठमाडौं जिल्ला कार्यसमिति

५) न्यौपाने, दीपक, '*गुणस्तरीय सर्वसुलभ तथा बजारोन्मुख रोजगारमूलक शिक्षा : आजको आवश्यकता*, कार्यपत्र

६) कोइराला, विद्यानाथ '*हामीले खोजेको व्यावसायिक शिक्षा*, शिक्षामा वैकल्पिक चिन्तन, ०६४

७) *निजीस्तरमा सञ्चालित विद्यालयहरूको सुव्यवस्थित सञ्चालन, व्यवस्थापन तथा शुल्क निर्धारणका आधार तथा मापदण्डहरू निर्माणका लागि सुझाव प्रतिवेदन, ०५८*, प्याब्सन, केन्द्रीय समिति ।

७) *Private Study in private school, Baseline survey*, Education Journalists' Group - 2008

८) *कुराकानी : डा. हृदयरत्न बज्राचार्य, हरि रोका, प्रदीप नेपाल, कर्णबहादुर शाही, डा. तीर्थ खनियाँ, उमेश श्रेष्ठ, योगेन्द्रमान श्रेष्ठ, ऋतुप्रसाद सापकोटा* ।

९) *Teeka Bhattarai/www.unesco.org/nepal/education*

१०) शाह भोजबहादुर, प्याब्सन रिभ्यु, '*लोकतान्त्रिक परिवेशमा शिक्षा नीति, निजी क्षेत्रको स्थान, भूमिका र दायित्व* ।

११) पोखरेल बाबुराम, '*विद्यालय शिक्षाको सन्दर्भमा सर्वपक्षीय निजी साझेदारी कार्यक्रम*, प्याब्सन रिभ्यु- २०६४ ।

निजी विद्यालय र राजनीतिक दल

■ श्रीधर पौडेल/अनिल क्षेत्री

निर्वाचनमार्फत् जनअनुमोदन प्राप्त गरी सत्तासीन हुने दलले देशलाई जस्तो दिशा दिन चाहन्छ, त्यसैअनुरूप सरकारका नीति बन्छन् । शिक्षामा क्षेत्रमा पनि त्यही कुरा लागू हुन्छ ।

भूमिका

देशको समग्र नीतिलाई राजनीतिक दल र त्यसका नीति र संयन्त्रहरूले नै प्रभाव पार्ने हो । निर्वाचनमार्फत जनअनुमोदन प्राप्त गरी सत्तासीन हुने दलले देशलाई जस्तो दिशा दिन चाहन्छ, त्यसैअनुरूप सरकारका नीति बन्छन् । शिक्षाक्षेत्रमा कस्तो नीति तर्जुमा गर्ने, कसरी कार्यान्वयन गर्ने भन्ने विषय राजनीतिक दलले लिएका शिक्षासम्बन्धी एजेन्डाले नै निर्धारण गर्ने हुन् । नेपालमा पनि २००७ सालमा आएको प्रजातन्त्रसँगै शिक्षाक्षेत्रमा बन्न थालेका नयाँ नीतिगत संरचनाले ०४६ सालमा प्रजातन्त्रको उदयपछि बृहद् रूप लिएको देखिन्छ ।

०४६ पछि अहिले मूलधारमा रहेका राजनीतिक दलहरूले नै सत्ताको बागडोर सम्हालेका बेला माध्यमिक स्तरसम्म शिक्षा निःशुल्क गर्ने नीतिगत निर्णय गरेका हुन् । ०४६ सालपछि नै निजी विद्यालय र कलेजहरूको स्थापनामा बढोत्तरी भएको पाइन्छ । यी सबै पृष्ठभूमिमा शिक्षाक्षेत्रमा राजनीतिक दल र तिनीहरूको नीतिगत संरचनाबारे यहाँ केही विश्लेषण गर्न खोजिएको छ । समय र स्रोतको सीमितताका कारण यो लेखमा नेकपा माओवादी, नेकपा एमाले र नेपाली कांग्रेसका दृष्टिकोणलाई मात्र समेटिएको छ ।

जबसम्म राजनीतिक दलहरूको शिक्षासम्बन्धी स्पष्ट नीति तर्जुमा हुँदैन, तबसम्म राज्यको शिक्षा संयन्त्र बलियो, नतिजामूलक र सीपमूलक हुनैसक्दैन । मुख्य दलहरूले राज्य पुनर्संरचनापछि कस्तो शिक्षानीति हुने भनेर ठोस योजना तय गरिसकेका छैनन् । सामान्य अवधारणा बनाएर बसे पनि त्यसलाई मूल एजेन्डा बनाएर समग्र शिक्षानीति बनाएका छैनन् । बहुदलीय व्यवस्थाका १२ वर्षमा मूलधारमा रहेका मुख्य दलले शिक्षानीति कस्तो बनाउने र कसरी शिक्षास्तर उकास्ने भनेर उल्लेख्य अवधारणा बनाएका थिएनन् । राज्यको मूल नीतिले अङ्गीकार गरेको शिक्षानीतिबाटै दल र नेताले शिक्षाको वकालत गरेका थिए ।

नेपालको अन्तरिम संविधान, २०६३

नेपालको अन्तरिम संविधान- २०६३ को भाग ३, धारा १७ मा शिक्षालाई मौलिक हकको रूपमा स्वीकार गरिएको छ । संविधानले शिक्षालाई मौलिक

हकको रूपमा स्वीकार गरेपछि राज्य पुनर्संरचनाको सवालसँगै नेपालको शिक्षाक्षेत्रमा पनि नयाँ बहस सुरु भएको छ- अबको शिक्षा नीति कस्तो हुने ? शैक्षिक संस्थाहरूको सञ्चालन कसरी हुने ? शिक्षा मौलिक हकको रूपमा हुने संवैधानिक व्यवस्थासँगै राज्य पुनर्संरचनापछि शिक्षाको प्रारूप र शैक्षिक संस्थाहरूको सञ्चालन प्रक्रियाका बारेमा पनि फरक-फरक तर्क गरिएका छन् । ०६२-०६३ को जनआन्दोलन- २ को जनादेशअनुसार आपसमा समझदारी र सहमति गर्दै अघि बढेका सात दलले हस्ताक्षर गरेपछि आएको अन्तरिम संविधानले शिक्षालाई मौलिक हक स्वीकारेपछि राज्य पुनर्संरचनापछि शिक्षामा व्यापारीकरण अन्त्य हुने दलहरूको ठम्याइ छ । संविधानविद् काशीराज दाहाल भन्नुहुन्छ- 'संविधानले कानुनमा व्यवस्था भएबमोजिम हुने भनेकोले कानुन नबनाईकन गरिएको व्यवस्था घोषणात्मक प्रवृत्तिको मात्रै भएको छ । मौलिक हकमा व्यवस्था गरिएको कुरा लागू गर्न सबैभन्दा पहिला कानुन चाहिन्छ, राज्यको क्षमता पनि त्यहीअनुसारको हुनुपर्छ । शिक्षा निजीक्षेत्रको हुने कि सरकारीकरण गर्ने भन्ने कुरा अब बन्ने कानुनले निर्धारण गर्छ । कानुन बनाउने मुख्य आधार दलहरूको घोषणापत्रमा भएको व्यवस्थाले निर्क्योल गर्छ । दलहरूले कसरी यो मौलिक हकलाई कार्यान्वयन गर्ने कानुन ल्याउँछन्, त्यहीअनुसार हुन्छ ।'[१]

खुला राजनीतिक वातावरणमा देशका राजनीतिक दलहरूले लिएका दृष्टिकोणको मापन गर्ने आधार उनीहरूका घोषणापत्र, संसद्मार्फत पेस गरेका वार्षिक कार्यक्रम, योजना आयोगमार्फत बनाइएका आवधिक योजना र शिक्षा मन्त्रालयमार्फत गरिएका नीतिगत निर्णय नै हुन् ।

शिक्षानीतिलाई सरकार, संसद् वा पार्टीका अलावा शिक्षक सङ्गठनहरू, विद्यार्थी सङ्गठनहरू, विद्यालय सङ्गठनहरू र अभिभावक सङ्घहरूको दबाबले पनि प्रभावित पारिरहेका हुन्छ ।

तर यहाँ समय र सन्दर्भका कमीले मुख्य तीन दलका चनावी घोषणापत्र र पार्टीभित्रैका विभिन्न दबाब समूहले गर्दा बनेका शिक्षानीतिबारे मात्रै अध्ययन गरिएको छ ।

---

१ संविधानविद् दाहालले लेखकसँग गरेको कुराकानीमा आधारित ।

आगामी शिक्षा नीति

नेपाल कम्युनिस्ट पार्टी (माओवादी)

नेकपा (माओवादी) ले राजनीतिक र शैक्षिक क्रान्तिबीच अन्तरसम्बन्ध भएकाले यसलाई नयाँ जनवादी क्रान्तिको रूपमा व्याख्या गर्छ । नयाँ जनवादी क्रान्ति एकातिर वैदेशिक हस्तक्षेपविरूद्ध हुनेहुँदा त्यो राष्ट्रिय चरित्रको हुने र अर्को सामन्तवादविरूद्ध हुनेहुँदा जनवादी हुने तथा समग्रमा त्यो राष्ट्रिय जनवादी क्रान्ति हुने माओवादीको तर्क छ । शिक्षानीति पनि राष्ट्रिय जनवादी नै हुने भन्ने सैद्धान्तिक रूपले नै आवश्यक देख्छ, माओवादी ।

नेकपा माओवादीले यसअघि छुट्टाएको ९ स्वायत्त राज्यमा दुई थपेर राज्य पुनर्संरचना गर्दा ११ वटा स्वायत्त राज्य हुने अवधारणा चुनावी प्रतिबद्धतामार्फत प्रचारमा ल्याएको छ । माओवादीको अवधारणाअनुसार यी ११ राज्यको बीचमा एउटा सङ्घ अथवा केन्द्र हुनेछ । अर्थ, रक्षा र परराष्ट्रसम्बन्धी नीति केन्द्रले तय गर्छ भने अन्य नीति केन्द्रमा बने पनि हरेक राज्यमा स्वायत्तता हुन्छ । शिक्षाको पनि सिङ्गो नीति केन्द्रमा बन्छ तर हरेक राज्यले स्वायत्तरूपमा यसको नीति बनाउँछन् । शिक्षा नैसर्गिक अधिकारभित्र पर्ने भएकाले व्यापारीकरणको पूरै अन्त्य हुन्छ । विद्यालय तहसम्म अथवा अहिलेको राष्ट्रिय नीतिअनुसारको कक्षा १२ सम्मको शिक्षा निःशुल्क हुने माओवादीको भनाइ छ । यसोहुँदा विद्यालय तहसम्मको शिक्षामा निजीक्षेत्रको सहभागिता रहनेछैन ।

अहिले सञ्चालनमा भएका निजी विद्यालयहरूलाई मुआब्जा दिएर वा क्षतिपूर्ति दिएर बिस्तारै सरकारले लिने र शिक्षालाई राज्यको दायित्वभित्र पार्ने नीति नयाँ संरचनामा हुनेछ । माओवादी नेता अनन्त भन्नुहुन्छ- ' हरेक राज्यमा एकएकवटा विश्वविद्यालय हुनेछन् । र, त्रिभाषी विद्यालयको अवधारणाबारे बहस भइरहेको छ ।' विश्वव्यापीकरणलाई स्वीकार्दै अङ्ग्रेजी अनिर्वाय भाषा हुने, नेपाली माध्यम भाषा अथवा सम्पर्क भाषाको रूपमा अनिवार्य हुने र राज्यअनुसार एउटा राज्यभाषा अनिवार्य हुने त्रिभाषी विद्यालयको नीति माओवादीले बनाउँदैछ । यस्तै, आफ्नो मातृभाषामा शिक्षा लिन पाउने अधिकार सबैलाई हुने भएकाले हरेक विद्यालयमा सम्बन्धित

क्षेत्रमा बोलिने भाषामा पढाइ हुनेछ । यसरी हेर्दा कक्षा १२ सम्म निजीक्षेत्रको स्थान हुनेछैन । विश्वविद्यालयस्तरमा मात्र निजी क्षेत्रले सहभागिता जनाउन सक्नेछन् ।

नेकपा (एमाले)

एमालेका अनुसार सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन किसिमको राज्यसंरचना संविधानसभा चुनावपछि हुनेछ । सङ्घले शिक्षाको राष्ट्रिय नीति तर्जुमा गर्न भूमिका खेल्छ । यसअन्तर्गत मुख्य विश्वविद्यलय, शिक्षामा संयोजनकारी भूमिका खेल्ने संयन्त्र, अनुसन्धान केन्द्रहरूजस्ता प्रकृतिका महत्वपूर्ण शैक्षिक संस्थाहरू संघीय शासनअन्तर्गत रहन्छन् । अर्कोतिर, शिक्षाका आधारभूत साधनस्रोत उपलब्ध गराउने , त्यसको व्यवस्थापन गर्ने काम प्रादेशिक सरकारअन्तर्गत हुने र स्थानीय तहले त्यसलाई व्यवस्थापन गर्ने खालको कामको जिम्मा लिनेछ ।

यस्तै, भाषाका हिसाबले अन्तर्राष्ट्रिय भाषाका रूपमा अङ्ग्रेजी, सबैलाई सम्पर्क भाषाका रूपमा स्वीकार्य हुने नेपाली र प्रादेशिक भाषा गरी तीन किसिमका भाषा व्यावहारिक हुने एमालेको पनि तर्क छ । मातृभाषाको प्रयोग शैक्षिक क्षेत्रमा बढेर जाने एमालेले जनाएको छ । सार्वजनिक र निजी सहकारिताको मान्यताअनुसार शिक्षा प्रणाली अघिबढ्नेछ । शिक्षा निःशुल्क र अनिवार्य हुने हुँदा स्वाभाविक रूपले अहिलेको स्वरूप र संरचना फेरिन्छ तर निजीक्षेत्रको भूमिमा शिक्षामा जुन प्रभावकारी देखिएको छ, यसलाई व्यवस्थित गर्न साझेदारीमा अघि बढ्न सकिनेछ । जुन क्षेत्रमा राज्य सहभागी हुन सक्दैन, त्यो निजीक्षेत्रलाई छोड्नसक्ने एमालेको तर्क छ । उच्चशिक्षामा निजीक्षेत्रको भूमिका बढी विस्तारित हुने र आधारभूत तहमा राज्यको भूमिका बढी हुनेछ ।

आधारभूत तहमा पनि निजीक्षेत्रको साझेदारीको खोजी हुनसक्छ । अनिवार्यको आधारमा हेर्दा आठ कक्षासम्म र निःशुल्क शिक्षाको रूपमा १२ सम्म आधारभूत शिक्षा हुन्छ । अहिले देखिएको उदाहरणअनुसार सरकारको भन्दा निजीक्षेत्रको व्यवस्थापनमा बढी कौशल देखिएकाले मौलिक हकको रूपमा पनि निजीक्षेत्रलाई मान्यता दिन सकिन्छ । राज्य आफैंले सञ्चालन गर्न सामर्थ्य राखे अहिले भइरहेका विद्यालयहरूलाई क्षतिपूर्ति दिएर त्यसलाई

राष्ट्रियकरण वा सार्वजनिकीकरण गर्ने वा निजीक्षेत्रको संरचनालाई राज्यले सबैका लागि शिक्षाको नीतिअन्तर्गत अघि बढाउनका लागि उनीहरूलाई साझेदारका रूपमा विकसित गर्न सकिने एमलेको ठहर छ । अथवा, राज्यले लगानी गर्छ त्यसको व्यवस्थापकका रूपमा निजीक्षेत्रको सहभागिता सक्छ भन्ने अवधारणा एमालेमा पाइन्छ ।

नेपाली काङ्ग्रेस

नेपाली काङ्ग्रेसको ध्येय शिक्षालाई अन्तर्राष्ट्रिय स्तरको बनाउने रहेको छ । जातीय, क्षेत्रीय कुरा जनताको सेन्टिमेन्ट समाउने सूत्र भएको काङ्ग्रेसको टिप्पणी छ । तर, जनताको भावनाअनुसार क्षेत्रीय भाषाको उठान गर्दै राष्ट्रिय भाषा नेपाली राखी जहाँ, जुन भाषाको बाहुल्य छ, त्यसैअनुसारको पढाइ गर्न सकिने नेपाली काङ्ग्रेसको योजना छ ।

काङ्ग्रेसको विचारमा नेपालमा सयवटा भाषा छन् ती सबै भाषामा पढाउन सकिँदैन । लोप भइरहेको भाषा पढाएर के गर्ने ? देशको वैज्ञानिक ढङ्गले विकास गर्न अन्तर्राष्ट्रिय स्तरको पढाइ हुनुपर्छ ।' स्तरीय शिक्षाका लागि निजीक्षेत्रको सहभागिता हुनुपर्ने काङ्ग्रेसको राय छ । खुलाबजार अर्थतन्त्र भएकाले निजीक्षेत्रलाई विद्यालय सञ्चालन गर्न दिनुपर्ने उसको तर्क छ । शिक्षामा मौलिक हकबारे डा. रामवरण यादव भन्नुहुन्छ, 'देश गरिब छ, लेखेको लागू हुनसक्दैन ।'

त्यसो त काङ्ग्रेसको तुलनामा एमालेले अलि पहिला शिक्षामा निजीकरणको खुलेरै विरोध गरेको हो । तर एमालेको यो विरोधले कुनै निष्कर्ष निकाल्न सकेन । एमालेका अहिलेसम्मका घोषाणापत्र र उसको व्यवहार फरक देखिएको छ । एक दशक सशस्त्र द्वन्द्वमा रहेको माओवादीले भूमिगत अवस्थामै 'जनवादी शिक्षा' भनेर आफ्नो अवधारणा सार्वजनिक गरेको हो ।

निजी विद्यालय नाफामुखी भए भन्दै माओवादीले निजी विद्यालयविरोधी काम गरेकै हो । अहिले माओवादीले उसको यो धारणालाई कसरी सम्बोधन गर्छ र कार्यान्वयन गर्छ भन्नेचाहिँ हेर्न बाँकी नै छ ।

०४६ पछि नेपालमा लागू बहुदलीय व्यवस्थाले शिक्षाक्षेत्रमा पनि थुप्रै सम्भावना ल्याएको हो । त्यसमाथि ०६२-०६३ को जनआन्दोलनपछि बनेको अन्तरिम

संविधानले त शिक्षालाई मौलिक हकको रूपमा स्वीकार गरिसकेको छ ।

प्रत्येक समुदायलाई कानुनमा व्यवस्था भएबमोजिम आफ्नो मातृभाषामा आधारभूत शिक्षा पाउने हक हुनेछ, प्रत्येक नागरिकलाई राज्यबाट कानुनमा व्यवस्था भएबमोजिम माध्यमिक तहसम्म निःशुल्क शिक्षा पाउने हक हुनेछ, ।

नेपाल कम्युनिस्ट पार्टी (माओवादी)

माओवादी भूमिगत राजनीतिबाट खुला राजनीतिमा आएको छ । यसले आफू भूमिगत हुँदा 'जनवादी शिक्षा' सञ्चालन गर्नुपर्ने भन्दै आफ्नो प्रभुत्व रहेका क्षेत्रमा यसको आंशिक प्रयोग गरेको पनि थियो । पहिलो पटक चुनावमा भाग लिएको यो पार्टीले संविधानसभाको चुनावको प्रतिबद्धतापत्रमा 'हाल शिक्षामा व्याप्त व्यापारीकरणको अन्त्य गरिनेछ' भनेर निजी तथा संस्थागत विद्यालयलाई सम्बोधन गरेको छ । साथै, सबैलाई कक्षा १२ सम्म निःशुल्क शिक्षाको व्यवस्था र शिक्षामा सबैको मौलिक अधिकार स्थापित गरिने नेकपा माओवादीको प्रतिबद्धता पत्रमा उल्लेख छ ।

नेकपा (एमाले)

विसं. ०४६ सालको जनआन्दोलनपछि सरकार सञ्चालनमा एमालेको पनि सहभागिता रहेको थियो । यसबीचमा भएका मुख्य तीनवटा आमनिर्वाचनमा एमालेले निजी र सरकारी शिक्षानीतिलाई कसरी सम्बोधन गरेको थियो त ?

आमनिर्वाचन २०४८ को घोषणापत्रमा एमालेले यसरी आफ्नो धारणा व्यक्त गरेको थियो: वर्तमान शिक्षाप्रणालीले युवा पिँढीको सिर्जनशिल चिन्तनलाई कुण्ठित पार्दै सामन्ती एवं साम्राज्यवादी शक्तिको सेवक बनाउने काम गरिरहेको छ । यसको अन्त्य गरी वैज्ञानिक, जनवादी र सुलभ शिक्षाको पक्षपोषण गर्ने हाम्रो पार्टीको नीति छ । यसको आधारमा पार्टीले निर्णय लिने र कार्यान्वयन गर्नेछ ।

'शिक्षाका सम्बन्धमा हाम्रो नीति' शीर्षकमा एमालेले आफ्नो चुनावी घोषणापत्र बनाएको छ । यसमा शिक्षासम्बन्धी पार्टीका योजनाहरू राखिएका छन् ।

यसमा शिक्षाक्षेत्रमा बढ्दै गएको व्यावसायिक प्रवृत्तिलाई हतोत्साही गर्ने, समान सुविधा उपलब्ध गराउने र शिक्षाको गुणस्तर बढाउने कार्यक्रम ल्याइने एमालेले भनेको थियो ।

'सबै साक्षर : शिक्षा नागरिकको जन्मसिद्ध अधिकार' मूल नारासहित एमालेले ०५१ को चुनाव घोषणापत्र बनाएको थियो । यसमा 'निजी प्रयासमा स्थापित आवासीय तथा अन्य विद्यालय र उच्चअध्ययनका लागि स्थापना भएका शिक्षण संस्थामा उपयुक्त मापदण्ड तयार गरिनेछ । साधारण विद्यालय र निजी विद्यालयस्तरका विद्यालयका बीचको अन्तर हटाउँदै लैजाने नीति अँगालिनेछ' भनेर लेखिएको थियो ।

यसैगरी, ०५६ सालको आमचुनावमा एमालेले शिक्षा सबैको जन्मसिद्ध अधिकार : मानवविकासको मूल आधार भनेर शिक्षामा पार्टीको अवधारणा सार्वजनिक गरेको थियो । उक्त घोषणापत्रमा निजी तथा आवासीय विद्यालयको हकमा एमालेले 'निजी आवासीय तथा उच्च अध्ययनका लागि स्थापना भएका शिक्षणसंस्थालाई शिक्षाको राष्ट्रिय उद्देश्यअनुरूप सञ्चालन गर्न उपयुक्त मापदण्ड तयार गरिनेछ । सार्वजनिक तथा निजीस्तरका विद्यालयबीच शिक्षाको गुणस्तरमा सामाञ्जस्य ल्याइनेछ' भनी उल्लेख छ ।

नेपाली काङ्ग्रेस

पञ्चायती शासनको अन्त्यसँगै सुरु भएको बहुदलकालमा सबैभन्दा धेरै समय नेपाली काङ्ग्रेसले सत्ता सम्हालेको छ । यस अवधिमा काङ्ग्रेसले निजी र सरकारी शिक्षणसंस्थाका बारेमा खुलाएर व्याख्या नगरेको भए पनि आफ्नो नीतिलाई निम्नबमोजिम सार्वजनिक गरेको थियो :

'शिक्षा– शिक्षक र विद्यार्थी शीर्षकमा काङ्ग्रेसले निकालेको चुनावी घोषणापत्रमा उसको शिक्षानीति शिक्षासेवामा विस्तारका साथै शिक्षाको गुणस्तरमा वृद्धिपट्टि विशेषरूपले केन्द्रित रहने उल्लेख छ । गाउँका साधारण विद्यालय र बोर्डिङ स्कुलका बीचको शैक्षिक भिन्नताले देशका नागरिकहरूमा ल्याएको भिन्नताको अवस्था पनि चिन्ताको विषय मानिएको छ । यी समस्या समाधान गर्नका लागि साधारण विद्यालयहरूको शैक्षिक स्तरमा सुधार ल्याउन जरूरी छ । यी सबै कारणले नेपाली काङ्ग्रेसले

देशको शिक्षा पद्धतिमा गुणात्मक परिवर्तन गरी शिक्षाको प्रजातान्त्रिकीकरण गर्ने लक्ष्य राखेको छ । यस्तो सुधार गर्न नेपाली काङ्ग्रेसको सरकारले शिक्षक, विद्यार्थी, अभिभावक तथा विशेषज्ञहरूसमेतको प्रतिनिधित्व गराई सुहाउँदो शिक्षा नीति र योजनाको तर्जुमा गर्ने कुरा काङ्ग्रेसको २०४८ मा जारी घोषणापत्रमा उल्लेख छ ।

नेपाली काङ्ग्रेसले २०५१ को आमनिर्वाचनको घोषाणापत्रमा पनि निजी र सरकारी विद्यालयहरूका बारेमा स्पष्ट नीति अख्तियार गरेको थिएन । तैपनि, काङ्ग्रेसले जनताले खोलेका विद्यालयहरूलाई क्रमशः स्थायी स्वीकृति दिने नीति लिएको थियो । निरक्षरता उन्मूलनका लागि कार्ययोजना, मातृभाषामा पनि पढ्न पाउने र शैक्षिक उन्नतिका लागि भन्दै विभिन्न कार्यक्रम अघि सारेको थियो ।

नेपाली काङ्ग्रेसले २०५६ सालको चुनावी घोषणापत्रमा भने निजी र सरकारी विद्यालयका बारेमा खुलेरै लेखेको छ । २०५६ सालको घोषणापत्रमा काङ्ग्रेसले- 'एकातिर सरकारी अनुदानमा निर्भर विद्यालयदेखि विश्वविद्यालयसम्मको शैक्षिक वातावरण र स्तर दिनप्रतिदिन खस्किँदै छ भने अर्कोतर्फ सम्पन्न वर्गका लागि निजीक्षेत्रमा स्तरीय शिक्षा प्राप्त गर्ने अवसर पनि बढिराखेको छ । निजीक्षेत्रमा यसप्रकार बढ्दो उत्साह र सहभागितालाई सकारात्मक मान्दामान्दै पनि यसबाट समग्र शैक्षिक वातावरणमा उत्पन्न अन्तर र हाम्रो सामाजिक, आर्थिक संरचनामा पर्नसक्ने प्रतिकूल प्रभावप्रति नेपाली काङ्ग्रेस अत्यन्त संवेदनशील छ,' उल्लेख गरेको थियो ।

शिक्षा नीतिमा दबाब समूहको प्रभाव

दलहरूले शिक्षामा निजीकरण र व्यापारीकरणको अन्त्य गर्ने कि त्यसलाई समर्थन वा व्यवस्थित गर्ने भन्नेबारेमै लामो समय स्पष्ट नभएरै गुजारेको पाइन्छ । लामो समय निजीकरणका बारेमा नबोलेको नेपाली काङ्ग्रेस अहिले शिक्षामा बढ्दो व्यापारीकरणले गुणस्तर घटाएको टुङ्गोमा पुगेको छ । यसका लागि उसको विद्यार्थी सङ्गठनको दबाबले पनि असर गरेको देखिन्छ । सबै दलका आ-आफ्ना शिक्षाको नीतिगत अवधारणा भए पनि त्यसलाई कार्यान्वयनको चरणमा लैजान विभिन्न क्षेत्रको दबाब आवश्यक

छ । विशेषगरी, राजनीतिक दलका भ्रातृ (विद्यार्थी) सङ्गठनको दबाबले शिक्षानीति निर्माण र कार्यान्वयन प्रभावकारी बन्नेगरेका छन् ।

अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (क्रान्तिकारी)

माओवादीनिकट अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियनले राज्य सङ्घीय भएपछि निजीकरणको अन्त्य गर्ने बताएको छ । सरकारी विद्यालयको स्तर उकास्ने र निजी विद्यालयको उचित मुआब्जा दिएर शिक्षामा व्यापारीकरणको अन्त्य गर्ने अनेरास्ववियु क्रान्तिकारीको विकल्प छ । आफूहरू भूमिगत हुँदाखेरि सुरु गरेको जनवादी शिक्षालाई अहिले नै प्रयोग गर्न नसकिने क्रान्तिकारीले आँकलन गरिसकेको छ । सत्तामा आफूहरूको मात्र प्रतिनिधित्व नभएकाले यसलाई आफ्नो एकल सरकार बनेपछि मात्रै कार्यान्वयन गर्न सकिने क्रान्तिकारीको ठम्याइ छ । अखिल क्रान्तिकारीका महासचिव हिमाल शर्मा भन्नुहुन्छ- 'शिक्षामा भएको व्यापारको हामी विरोध गर्छौं, राज्य पुनर्संरचनापछि कस्तो शिक्षा पद्धति, कसरी लागू गर्ने भन्नेबारेचाहिँ हामीहरू छलफलमै छौं । राज्यको जिम्मामा पर्नेगरी कसरी वैज्ञानिक र व्यावहारिक शिक्षा बनाउने भन्नेबारे माओवादीको विद्यार्थी सङ्गठन छलफलमै रहेको छ । संविधानसभा चुनवको घोषणापत्र बन्नेबेलासम्म यी सबै कुरा स्पष्ट हुने क्रान्तिकारीले बताएको छ ।

अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियन

एमालेनिकट अखिल नेपाल स्वतन्त्र विद्यार्थी युनियनले सङ्घीय नेपालको शिक्षानीतिको अवधारणा बनाएर सरकारलाई बुझाइसकेको छ । अवधारणामा अहिले सञ्चालनमा रहेका निजी र सरकारी विद्यालयको फरक शिक्षाका कारण शैक्षिक जनशक्ति पनि दुईखाले उत्पादन भएको ठहर गर्दै निजीकरण र व्यापारीकरणको अन्त्य हुनुपर्ने उल्लेख छ । सङ्घीय ढाँचाको राज्य हुने भएपछि शिक्षामा राज्यका तर्फबाट कुल बजेटको ३० प्रतिशत छुट्याउनुपर्ने र विद्यार्थीबाट लिनुपर्ने शुल्कको बदला शैक्षिक कर लिनुपर्ने उल्लेख छ । करबाट प्राप्त रकमलाई शैक्षिक कोष बनाएर त्यसमार्फत नै शैक्षिक क्षेत्र सञ्चालन गर्नुपर्ने उल्लेख छ । अनेरास्ववियुका अध्यक्ष ठाकुर गैह्रे अहिले गरिब र धनीको पहुँचमा रहेको दुईखाले शिक्षणसंस्था कायम रहेकाले आफूहरूले समान शिक्षाका लागि निजीकरण अन्त्यको वकालत गरेको

बताउनुहुन्छ । निजी र सरकारी दुईखाले शिक्षणसंस्था रहेसम्म श्रमको सम्मान गर्ने ज्ञान र सीपयुक्त शिक्षाको अभाव हुने अनेरास्वियुको ठम्याइ छ । यसले गर्दा सरकारको लगानी बालुवामा पानी हालेजस्तो हुने र निजीक्षेत्र नाफा कमाउने ध्येयमा लाग्ने एमालेको विद्यार्थी सङ्गठनले ठहर गरेको छ ।

नेपाल विद्यार्थी सङ्घ

काङ्ग्रेसको भ्रातृसङ्गठन नेपाल विद्यार्थी सङ्घले भने निजीकरणको खुलेर विरोध गर्दैन । उसले राज्यलाई पूरै विमुख गराउने अवधारणा पनि लिँदैन । नेविसङ्घका महमन्त्री मनोजमणि आचार्य- 'राज्य शिक्षाबाट टाढा हुन पाउँदैन, शिक्षाबाट हात झिकेर निजीक्षेत्रलाई दिने कुराको हामी विरोध गर्छौं' भन्नुहुन्छ । तर, कस्तो विद्यालय निजी हुने, कस्तो विद्यालय सामुदायिक हुने र कस्तो विद्यालय सरकारी हुने भन्ने स्पष्ट व्याख्या भने हुनुपर्ने उहाँ बताउनुहुन्छ । आफूहरूले देशव्यापी बहस सुरु गरेको र यसको निर्ष्कोललाई नै पार्टीको नीतिनिर्माण तहसम्म लैजाने योजना रहेको नेविसङ्घले बताएको छ । नेविसङ्घले राज्य पुनर्संरचनाभन्दा पहिले शिक्षाकै पुनर्संरचना हुनुपर्ने भन्दै देशव्यापी बहस सुरु गरेको जनाएको छ ।

अहिलेसम्म दलहरूले निजी शैक्षिक संस्थाहरूबारे राज्यले र आफूहरूले कसरी सम्बोधन गर्ने भन्ने स्पष्ट आधार नबनाएका कारण शिक्षाजस्तो जिम्मेवार क्षेत्र व्यवस्थित हुन नसकेको चाहिँ पक्कै हो । त्यसैले राज्यको पुनर्संरचना हुँदा निजी शैक्षिक संस्थाहरूलाई राज्यले कसरी सम्बोधन गर्नुपर्छ भन्ने बहस अहिले खुबै चलेको छ ।

सरकारी र निजी विद्यालयको शिक्षाको फरक र निजी क्षेत्रका विद्यालयप्रति राजनीतिक दलका जिल्लास्तरका नेताहरूको धारणा बुझ्न विभिन्न आठ जिल्लाका २० जना नेताका बीच शिक्षा पत्रकार समूहले सर्वेक्षण गरेको थियो ।

निजी र सरकारी विद्यालयबीच व्यापक असमानता

शिक्षा पत्रकार समूहको निजी विद्यालयसम्बन्धी अध्ययन, २०६४ का क्रममा दुईवटा बन्दसूचीका (Close Ended) र पाँचवटा खुला सूचीका (Open

Ended) लिखित प्रश्न सोधिएका थिए । निजी र सरकारी विद्यालयबीच फरक छ कि छैन भनेर सोधिएको प्रश्नमा शतप्रतिशत नेताहरूले फरक रहेको बताए ।

सरकारी अव्यवस्थित, निजी मुनाफा केन्द्रित

सर्वेक्षणका क्रममा निजी र सरकारी विद्यालयबीच के के फरक छन् भनी सोधिएको प्रश्नमा धेरै नेताले सरकारी विद्यालयहरूको व्यवस्थापन फितलो भएको उल्लेख गरे । यस्तै, निजी विद्यालयहरू सेवामुखी नभई मुनाफाकेन्द्रित भएको उनीहरूको ठहर थियो । कसैले त निजी विद्यालयमा सामन्त, दलाल र नोकरशाहवर्गको लगानी भएको आरोपसमेत लगाउँदै व्यापारमुखी र सहरकेन्द्रित भएको टिप्पणी गरेका थिए । सरकारी विद्यालयमा गुणात्मकताको कमी भएको राजनीतिक दलका जिल्लास्तरका नेताहरूको ठम्याइ छ । यसैगरी, सरकारी विद्यालय व्यावहारिक र निजी विद्यालय सैद्धान्तिक भएको, सरकारी र निजी विद्यालयलाई हेर्ने समाजको दृष्टिकोण फरक भएको र विद्यार्थीको मनोविज्ञान नै फरक हुनेगरेको उनीहरूको विश्लेषण छ । यस्तै, निजी विद्यालय सीमित वर्गका लागि र सरकारी विद्यालय आमजनताका लागि भएको मूल्याङ्कन गर्दै अधिकांशले सरकारी विद्यालयहरूको व्यवस्थापनमा जोड दिनुपर्ने बताएका छन् ।

शिक्षाबाट वर्ग सङ्घर्षमा प्रेरणा

समाजका दुई वर्ग 'हुने खाने' र 'हुँदा खाने' बीचको द्वन्द्वलाई शिक्षाले ऊर्जा दिएको दलका नेताहरूको विश्लेषण छ । निजी र सरकारी विद्यालयको स्तरगत भिन्नताका कारण समाजमा वर्गविभाजनलाई प्रोत्साहन गरेको उनीहरूको विश्लेषण छ । दुई किसिमका विद्यालयबीचको फरकले शिक्षाक्षेत्रमा के असर पर्ला भनी सोधिएको प्रश्नमा अधिकांशले वर्गविभाजन ल्याउने बताएबाट यो पुष्टि हुन्छ । यस्तो फरकले नवप्रतिभा भएकामा पनि मनोबलमा ह्रास आउने, असमान जनशक्ति उत्पादन हुने, हीनताबोध, भेदभावको स्थिति, धनी-गरिबबीचको खाडल झन् बढ्नेलगायतका तर्क दिँदै नेताहरूले शिक्षामा भएको असमानताले वर्गसङ्घर्षलाई प्रेरणा मिल्ने बताएका छन् ।

समानताका लागि राज्यले दायित्व बढाउनुपर्ने

शिक्षाको स्तर एउटै हुनुपर्नेमा सबै दलका जिल्लास्तरका नेताहरू सहमत भएका छन् । शिक्षामा देखिएको असमानता हटाउन र समानस्तरको शिक्षा पद्धति निर्माण गर्न के गर्नुपर्ला भनी सोधिएको खुला प्रश्नमा दलका नेताहरूले यसका लागि राज्यको दायित्व बढी हुनुपर्ने बताएका छन् । कसैले शिक्षा एकद्वार प्रणालीको हुनुपर्ने बताए भने कसैले निजी विद्यालयलाई कम्पनी र गुठीमा दर्ता गर्न रोक लगाउनुपर्ने उल्लेख गरे । यस्तै, कसैले निजीलाई सेवामुखी बनाउनुपर्नेमा जोड दिएका छन् भने कसैले समान शिक्षाका लागि सबै दायित्व राज्यले लिनुपर्ने बताएका छन् । यस्तै, सरकारी विद्यालयलाई सामुदायिक व्यवस्थापनमा चलाउनुपर्ने तर्क पनि केहीले दिएका छन् । शिक्षानीतिमा आमूल परिवर्तन गरी राज्यले नयाँ नीति बनाउनुपर्ने आमनेताका धारणा पाइन्छ ।

निजी विद्यालयको व्यवस्थापन राम्रो

निजी विद्यालयको व्यवस्थापन राम्रो रहेको दलका नेताहरूले स्वीकार गरेका छन् । निजी विद्यालयका पाँचवटा राम्रा पक्षबारे सोधिएको प्रश्नमा उनीहरूले भौतिक व्यवस्थापनका साथै संस्थापकको भूमिका राम्रो भएको बताएका हुन् । यस्तै अनुशासन कायम हुने, प्रभावशाली जनशक्ति उत्पादन हुने, दलगत राजनीतीकरण नहुने, अङ्ग्रेजी भाषा राम्रो हुने, नियमितता हुने उल्लेख गरेका छन् । यस्तै, राज्य गैरजिम्मेवार भएका बेला निजीले दायित्व थामेको दलका जिल्लास्तरका नेताको भनाइ छ ।

सामाजिक दायित्वबोध गर्नुपर्ने

निजी विद्यालयको सुधार्नुपर्ने पक्षबारे सोधिएको प्रश्नका सम्बन्धमा दलका नेताहरूले निजी विद्यालयले सामाजिक दायित्वबोध गर्नुपर्ने सल्लाह दिएका छन् । यस्तै, शुल्क कम गर्नुपर्ने, मुनाफाको ध्येय बन्द गर्नुपर्ने, व्यापारीकरणको अन्त्य गर्नुपर्ने उनीहरूले जनाएका छन् । घोकन्ते प्रणाली अन्त्य गरी सिर्जनात्मक र रचनात्मक कुरामा निजी विद्यालयहरूले जोड दिनुपर्ने र लगानीमा पारदर्शी हुनुपर्ने दलका नेताहरूको भनाइ छ । निजी विद्यालयमा

समाजसँग घुलमिल हुने कुराको अभाव रहेको दलका जिल्लास्तरका नेताहरूको भनाइ छ ।

सरकारी विद्यालयको स्तर उकास्नुपर्ने



तपाईंको विचारमा बालबालिकालाई समानस्तरको शिक्षा दिन के गर्नुपर्ला भनी सोधिएको बन्दसूचीको प्रश्नमा ६० प्रतिशतले निजी विद्यालय बन्द नगरी सरकारी विद्यालयको स्तर उकास्नुपर्ने बताए । यस्तै, ३५ प्रतिशतले निजी विद्यालयलाई सरकारीकरण गर्नुपर्ने बताए भने ५ प्रतिशतले दुवै खालका विद्यालयलाई सामुदायीकरण गर्नुपर्ने जवाफ दिए ।

स्थानीयस्तरमा गरिएको सर्वेक्षणमा अधिकांशले निजी क्षेत्रबाट सञ्चालित विद्यालयहरू यथावत राखी सरकारी विद्यालयको स्तर उकास्ने सुझाव दिएका छन् (हेर्नुहोस् तालिका) । दलहरूका भिन्नभिन्न तर्क र अवधारणाका बीच अहिलेसम्म तयार गरेका चुनावी घोषणापत्रले शिक्षालाई कसरी लैजाने भन्ने नीतिगतरूपमा मात्रै सम्बोधन गरेको छ । कतिपय सम्बोधन

र व्यवहार आफैंमा बाझिएका पनि छन् । दलहरूका विद्यार्थी सङ्गठनको अवधारणा र दलहरूको घोषणापत्रका बीच राज्यको पुनर्संरचनापछि दलहरूले शिक्षाक्षेत्रलाई कसरी सम्बोधन गर्ने हुन् भन्ने अझै पनि अस्पष्ट नै देखिन्छ । ■

(पौडेल र क्षेत्री कम्युनिकेशन कर्नरको उज्यालो नेशनल नेटवर्कसँग आबद्ध छन्)

सन्दर्भसामग्री

- माओवादी, एमाले र काङ्ग्रेसका चुनावी घोषणापत्रहरू ।
- माओवादीका केन्द्रीय नेता वर्षमान पुन 'अनन्त', एमालेका नेता शङ्कर पोखरेल, काङ्ग्रेसका नेता डा. रामवरण यादवसँगको कुराकानी ।
- अखिल क्रान्तिकारीका महासचिव हिमाल शर्मा, अनेरास्वियुका अध्यक्ष ठाकुर गैह्रे, नेविसङ्घका महामन्त्री मनोजमणि आचार्यसँगको कुराकानी ।

नेपालका निजी विद्यालयमा 'इनोभेसन'

■ कञ्चन अधिकारी

कुनै विषयमा आधारित रहेर नयाँ कुरा बनाउनु,परिवर्तन गर्नु, मर्मत गर्नु, फेरफार गर्नु र नयाँ कुराको प्रयोग गर्नु इनोभेसन हो । कुनै नयाँ विचारको प्रयोग गरेर गरिने काम पनि इनोभेसन हो ।

१. परिभाषा

कुनै विषयमा आधारित रहेर नयाँ कुरा बनाउनु, परिवर्तन गर्नु, मर्मत गर्नु, फेरफार गर्नु र नयाँ कुराको प्रयोग गर्नु इनोभेसन हो । कुनै नयाँ विचारको प्रयोग गरेर गरिने काम पनि इनोभेसन हो जसले नयाँ कुरा पत्ता लगाएर सार्वजनिकसमेत गर्छ । साथै, नयाँ विचार, विधि र तत्व पनि इनोभेसन हो जसले मानिसको जीवनशैली तथा कार्यप्रणालीमा परिवर्तन ल्याउँछ ।

इनोभेसनले विशेषतः कुनै उत्पादन, प्रक्रिया वा सेवालाई नयाँ र फरक तरिकाले प्रभाव पार्छ । इनोभेसन अर्थशास्त्र, व्यापार, विज्ञान तथा प्रविधि, समाजशास्त्र, शिक्षा र इन्जिनियरिङमा पनि महत्वपूर्ण हुन्छ । संस्थागत रूपमा भन्ने हो भने इनोभेसनले संस्थाको प्रस्तुतीकरण (Performance) र उत्पादनशीलतामा वृद्धि (growth) गर्छ, गुणस्तरीय बनाउँछ, समय र पैसाको सदुपयोग गर्न र एकअर्काको प्रतिस्पर्धी बनाउनसमेत सहयोग गर्छ ।

इनोभेसनलाई अक्सफोर्ड डिक्सनरीले The introduction of new things, ideas or ways of doing something. (Oxford, Dictionary) र नेपाली-अङ्ग्रेजी अजन्ता डिक्सनरीले चाहिँ कुनै पनि कुरा नयाँ बनाउनु, परिवर्तन गर्नु, मर्मत वा फेरफार गर्नु, नयाँ कुरा प्रयोग गर्नुलाई मौलिकता भनी परिभाषित गरेको छ ।

अक्सफोर्ड डिक्सनरीको परिभाषा हेर्ने हो भने नेपालमा सञ्चालित निजी विद्यालयमा इनोभेसनका कुनै काम नभएको एनप्याब्सनकी अध्यक्ष गीता राणा बताउनुहुन्छ[१]। इनोभेसनमा विद्यालय व्यवस्थापन, शिक्षक, विद्यार्थीले केही त्यस्तो काम नगरेको र प्रायः बाहिरी मुलुकको सिको गरेको उहाँको अनुभव छ ।

शिक्षाविद् प्राध्यापक डा. विद्यानाथ कोइराला भने नेपालका निजी विद्यालयले आफ्नै मौलिक र नयाँपन देखाउन नसकेको भए पनि बिस्तारै इनोभेसनका काम हुन थालको दाबी गर्नुहुन्छ । जुन नेपालको सन्दर्भमा फलदायी हुने

---

१. २०६४, फागुन २ को कुराकानीमा आधारित

उहाँको विश्वास छ । हुन त इनोभेसन भनेको नौलो र नयाँपन हो । कसैका लागि नयाँ भएको वस्तु कसैका लागि पुरानो हुनसक्छ । अझ, शिक्षाविद् तीर्थ खनियाँ त नेपालमा भित्रिएको निजी विद्यालय नै नेपालको सन्दर्भमा इनोभेसन हो भन्नुहुन्छ । उहाँ भन्नुहुन्छ, 'नेपालमा निजी विद्यालयको सुरुवात भएको धेरै भएको छैन । यो पनि त नयाँ थालनी नै हो, इनोभेसन हो, नेपालको सन्दर्भमा ।'[२]

२. इनोभेसनमा विश्वव्यापीकरणको प्रभाव

विश्वव्यापीकरणले ज्ञानमा आधारित समाजको सिर्जना गर्छ । विश्वव्यापीकरणले शिक्षाका नीति तथा पाठ्यक्रमका पक्षहरूमा प्रत्यक्ष असर गर्छ । पाठ्यक्रमका विभिन्न स्वरूप र विषयवस्तुहरू विद्युतीय सञ्जालको मद्दतबाट अन्तर्राष्ट्रिय मुलुकहरूबीचमा साझेदारी गरी व्यवस्थित गर्न विश्वव्यापीकरणले मद्दत पुऱ्याएको देखिन्छ । अझ अहिले भइरहेको परिवर्तन र प्रविधिको विकासले शिक्षा क्षेत्रमा पहुँच, गुणस्तर, विकासमा महत्वपूर्ण फड्को मारेको छ । त्यसैगरी, लैङ्गिक समानता, स्रोत वितरणको प्रभावकारिता, सशक्तीकरण, सहभागिता, सहकार्यजस्ता पक्षहरूमा समेत विश्वव्यापीकरणको वैचारिक प्रभाव परेको छ । नेपालमा अहिले बग्रेल्ती खुलेका मन्टेश्वरी विद्यालयहरू पनि इनोभेसन गरिएको सिकाइ विधिको राम्रो नमुना हो ।

३. निजी विद्यालयको शिक्षामा इनोभसन

Education shall be directed to the full development of the human personality and to the strengthening of respect for human rights and fundamental freedom (Article 26; Universal declaration of human rights- 1948)

शिक्षाको उपर्युक्तबमोजिमको लक्ष्यप्राप्तिमा विद्यालय शिक्षाको महत्वपूर्ण स्थान हुन्छ । आजका विद्यार्थी नै भोलिका देश निर्माता हुन् । त्यसैले विद्यालय शिक्षाको विकासमा कुनै पनि राष्ट्रले आफ्नो महत्वपूर्ण साधन, स्रोतको लगान गर्छ तथा आवश्यक व्यवस्थापकीय प्रबन्धहरू मिलाएको हुन्छ ।

---

२. २०६४, माघ, ६ गतेको कुराकानीमा आधारित

यसै क्रममा हाम्रो देशमा पनि सरकारी र निजी खर्चको महत्त्वपूर्ण हिस्सा विद्यालय शिक्षामा लगानी हुँदै आएको छ ।

विद्यालय क्षेत्रमा चुनौतीहरू पनि थुप्रै रहेका छन् । कुल जनसङ्ख्याको ४० प्रतिशत बढी जनता निरक्षर हुनु, शिक्षा विभागको तथ्याङ्कअनुसार १० प्रतिशत बालबालिका विद्यालय जानबाट वञ्चित रहनु, सरकारी विद्यालयको शिक्षालाई भन्दा मानिसले निजी विद्यालयको शिक्षालाई विश्वास गर्दागर्दै पनि गुणस्तरीयता अपेक्षा गरिएअनुरूप नहुनु, अध्ययन-अध्यापनको प्रक्रिया शिक्षकमुखी हुनु, विद्यालयको व्यवस्थापन प्रभावकारी रूपबाट सञ्चालन हुन नसक्नु, निजी विद्यालयहरूको सेवा सहरी सुविधासम्पन्न क्षेत्रमा मात्र सीमित हुनुजस्ता समस्या यस क्षेत्रमा विद्यमान छन् ।

दिनप्रतिदिन विश्व प्रतिस्पर्धी र एकाकार बन्दै गइरहेको छ । त्यसैअनुरूप प्रतिस्पर्धा गर्नसक्ने योग्य जनशक्ति उत्पादन गर्न नसक्ने हो भने हाम्रो अवस्था सधैं कडा श्रम गर्ने जनशक्ति निर्यातमा निर्भर रहनेछ । वर्षेनी हजारौंको सङ्ख्यामा राम्रो र गुणस्तरीय शिक्षाको खोजीमा युवा जनशक्ति विदेशिरहनेछन् । जसका लागि हाम्रो समग्र सिकाइमा इनोभेसनको जरूरी छ । ०१७ सालबाट शिक्षण पेसामा लाग्दै आउनुभएका ७७ वर्षीय गम्भीरमान मास्के पनि नेपालको सिकाइकलाप्रति त्यति सन्तुष्ट देखिनुहुन्न । भन्नुहुन्छ, 'विश्व कहाँबाट कहाँ पुगिसकेको छ । तर, हाम्रो देशमा पढाइको शैलीमा पुरानै ढर्रा छ । नयाँ र मौलिकपन छैन ।'[३]

मानव विकासको खुड्किलो हेर्दै आउने हो भने अहिलेको शिक्षामा निकै इनोभेसन भइसकेको प्रस्ट हुन्छ । हाम्रो बाबुबाजेको पालामा सिलौटमा लेख्ने चलन थियो । अहिले त्यसको क्रमिक विकाससँगै ब्ल्याकबोर्ड हुँदै ह्वाइटबोर्डसम्म पुगेको छ । यसलाई पनि नेपालको शिक्षामा इनोभेसन नै मान्न सकिन्छ । लामो समयदेखि शिक्षाक्षेत्रमा लाग्नुभएका ७० वर्षे डण्डपाणि अधिकारी भन्नुहुन्छ, 'हाम्रा पालामा गुरूको घरमा गएर बाँसको कलमले नेपाली कागजमा लेख्ने चलन थियो तर अहिले जमाना निकै परिवर्तन भएको छ ।' -कुराकानीमा आधारित, २०६४, पुस २५)

---

३. २०६४ फागुन १५ गतेको कुराकानीमा आधारित

त्यति मात्रै होइन, पढाउने तौरतरिकादेखि पाठ्यपुस्तकमा नै फरक आएको उहाँको अनुभव छ । 'हामी गुरूको घरमा बसेर पढ्न मात्रै होइन, गुरूको घरायसी कामसमेत गरिदिन्थ्यौं । किताबकापी हुँदैनथे । रामायण र महाभारत पढ्थ्यौं । अहिले आएको शिक्षा इनोभेसन नै त हो,' भन्नुहुन्छ अधिकारी ।

नेपालमा निजी विद्यालयको सुरुवात भएको धेरै भएको छैन । २००७ सालको क्रान्तिपछि मात्रै नेपालमा निजी विद्यालयहरू खुल्न थालेका हुन् । छोटो अवधिमा नै यो निकै लोकप्रिय बनेको छ । यसो हुनुमा इनोभेसन प्रमुख कारक रहेको छ । किन त नेपालमा निजी विद्यालयमा मानिसको चासो बढ्दै गएको ? शिक्षाविद् विद्यानाथ कोइराला भन्नुहुन्छ, 'सरकारी विद्यालयमा भन्दा पठनपाठन गराउने शैलीदखि हरविषयवस्तुमा फरक छन् निजी विद्यालय । यिनीहरूले केही मौलिक रणनीति अपनाएका छन् जुन सरकारी विद्यालयले अपनाएका छैनन् ।'[४] शिक्षा पत्रकार समूहले गरेको अनुसन्धान र सरोकारवालाहरूसँग गरिएको कुराकानीका आधारमा नेपालमा रहेका निजी विद्यालयले अपनाएका केही नयाँ शिक्षण विधि वा इनोभेसनलाई यसरी सूत्रबद्ध गर्न सकिन्छ :

१. शैक्षिक सामग्रीमा इनोभेसन

२. अतिरिक्त क्रियाकलापमा इनोभेसन

३. शिक्षण विधिमा इनोभेसन

४. वातावरणमा इनोभेसन

५. विद्यालय व्यवस्थापनमा इनोभेसन

६. मन्टेश्वरी शिक्षाप्रणाली ।

१. शैक्षिक सामग्रीमा इनोभेसन

विशेषतः नेपालका निजी विद्यालयमा विद्यार्थीहरूलाई पाठ्यपुस्तकबाट सिधै घोकाउने तथा लेक्चर प्रणालीका ठाउँमा विभिन्न शैक्षिक सामग्रीको

४. २०६४ फागुन ६ गतेको कुराकानीमा आधारित

प्रयोग गरिएको पाइएको छ । अधिकांश विद्यालयले शैक्षिक सामग्री प्रयोग गर्ने गरेको बताएका छन् । विज्ञान, सामाजिक, शिक्षा, वातावरण तथा जनसङ्ख्या, गणित, मेरो सेरोफेरो, शारीरिक शिक्षालगायत विषयमा शैक्षिक सामग्री बढी प्रयोग भइरहेका छन् ।

शैक्षिक सामग्री प्रयोग विद्यार्थीहरूले आँखाबाटै देख्नसक्ने भएकाले यसले सैद्धान्तिकभन्दा व्यावहारिक ज्ञान दिन्छ जुन सिकाइमा निकै प्रभावकारी हुन्छ । जस्तै, कक्षा ४ का विद्यार्थीलाई विश्व गोलो छ भन्ने जानकारी गराउन पऱ्यो भने ग्लोबको प्रयोग गर्न सकिन्छ । विद्यार्थीलाई गोलोको अर्थ थाहा नहुन पनि सक्छ । ग्लोब देखाउँदा सो कुराको पनि स्पष्ट हुन्छ । यसरी विद्यार्थीलाई शैक्षिक सामग्री प्रयोग गरेर अध्यापन गराउँदा विद्यार्थीले लामो समयसम्म सम्झिरहने बालमनोचिकित्सक डा. गङ्गा पाठक बताउनुहुन्छ ।[५] उहाँ भन्नुहुन्छ, 'जति हामीले शैक्षिक सामग्री प्रयोग गरेर सिकाउँछौं, त्यो बच्चाले सम्झिरहन्छन् ।' स-साना नानीलाई अङ्क सिकाउन र गिन्ती गर्न मालागेडी प्रयोग गर्ने गरिन्छ ।

नेपालमा शैक्षिक सामग्री त्यति धेरै प्रयोग गर्न नसक्नुमा आर्थिक कारण नै प्रमुख रहेको छ । थोरै मात्रामा शैक्षिक सामग्री नेपालमा बन्ने गर्छन् । अधिकांश भारत वा अन्य मुलुकबाट ल्याउनुपर्ने हुन्छ । त्यसैले ती सामग्री महँगा पनि हुन्छन् । नेपालका आर्थिक दृष्टिले मजबुत विद्यालयले मात्रै प्रायः शैक्षिक सामग्री राख्नसक्ने बनस्थलीमा रहेको क्रियटिभ इङ्ग्लिस बोर्डिङका सञ्चालक नवराज अर्यालको भनाइ छ ।

धेरैजसो विद्यालयले सामाजिक विषयमा समावेश गरिएका अनुसन्धान तथा लेखनको विधि अपनाउने गरेका छन् जसले विद्यार्थीलाई कुनै पनि समस्याको विस्तृत अध्ययन गरी त्यसबारे एउटा प्रतिवेदन तयार गर्न सिकाउँछ नै, सँगसँगै समाजलाई नजिकबाट चिन्न मद्दत गर्छ । अहिले विज्ञान विषयमा पनि नौला-नौला शैक्षिक सामग्री प्रयोग हुन थालेको गीता राणा बताउनुहुन्छ । उहाँको विचारमा विज्ञान विषयमा धेरै प्रयोग हुने भएकाले शैक्षिक सामग्री प्रयोग धेरै जरूरी छ ।

---

५. २०६४ माघ २२ गतेको कुराकानीमा आधारित

२. अक्तिरिक्त क्रियाकलापमा इनोभेसन

रातोबङ्गला स्कुल, ललितपुरले प्रत्येक वर्ष असार पन्ध्रलाई धान रोप्ने दिवसको रूपमा मनाउँदै आएको छ । धान कहाँ फल्छ भन्ने प्रश्नमा धेरै विद्यार्थीले 'रुखमा फल्छ' भनेकाले प्रत्यक्ष धान रोपेर देखाउन यसो गरिएको हो । यसैगरी, विद्यार्थीलाई भक्तपुरलगायत अन्य ठाउँमा गाईको दूध देखाउन लगिन्छ । रातोबङ्गला स्कुलमा नै नेपालमा भएका प्रमुख जातजातिको भेषभुषा छ । यी सबै गर्नुको कारण विद्यार्थीलाई सैद्धान्तिक ज्ञान मात्रै दिएर हुँदैन, व्यावहारिक र प्रत्यक्ष ज्ञान पनि दिनुपर्छ भन्ने उद्देश्यले यसो गरिएको भन्नुहुन्छ, स्कुलका प्रशासनप्रमुख सरिता राणा ।[६]

अतिरिक्त क्रियाकलाप सामान्य शिक्षाको पुरक विषय हो । यसको उद्देश्य विद्यार्थीको मनोभावनाअनुकूल परिवर्तन ल्याई अनुशासन, स्वावलम्बन, सहयोगजस्ता प्रवृत्तिको विकास गर्नु हो । जुनसुकै शिक्षा पनि निम्नलिखित चार कुराहरूसँग सम्बन्धित हुन्छन् :

क. व्यक्ति

ख. वातावरण

ग. प्रतिक्रिया

घ. परिवर्तन तथा परिवर्द्धन

अतिरिक्त क्रियाकलाप सामान्य शिक्षाको पुरक पक्ष हो जुन पाठ्यक्रमको बाहिर भएर पनि पाठ्यक्रमजत्तिकै महत्वपूर्ण छ । यसले विविध किसिमका प्रयोगात्मक कार्यकलाप र प्रतिक्रियासँग सम्बन्धित भई व्यक्तिमा परिवर्तन ल्याउने उद्देश्य राख्छ । वास्तवमा अतिरिक्त क्रियाकलाप सामान्य शिक्षाको प्रयोगात्मक वा व्यावहारिक पक्ष मान्न सकिन्छ । यसअर्थमा, कुनै पनि क्रियाकलापबिना सामान्य शिक्षालाई पूर्ण मान्न सकिन्न ।

आफ्ना विद्यालयले हरेक शुक्रबार अक्तिरिक्त क्रियाकलाप गराउने गरेको दाबी विद्यालयहरूले गरेका छन् । भक्तपुर जिल्ला दधिकोट गाविसस्थित

---

६. २०६४, फागुन १७ गतेको कुराकानीमा आधारित

कुलमाया भगवती निम्नमाध्यमिक विद्यालयका प्रधानाध्यापक भन्नुहुन्छ, 'सधैं शुक्रबार अतिरिक्त क्रियाकलाप गराउँछौं जसले विद्यार्थीको चौतर्फी विकासमा सहयोग गरेको छ ।'

ग्यालेक्सी पब्लिक स्कुलकी प्रिन्सिपल गीता राणा भन्नुहुन्छ, 'यस्ता क्रियाकलापबाट विद्यार्थीमा नयाँनयाँ काम गर्ने जोश र जाँगर बढ्छ जुन काम निजी विद्यालयले गरेको छ ।' अतिरिक्त क्रियाकलापले मानिसमा भएको मौलिकपनलाई उजागर गर्छ । त्यति मात्रै होइन, विद्यालयमा खेलिने खेलले शरीरमा स्फूर्ति बढाउने, अल्छीपन घटाउने, मांशपेसी बलियो बनाउने काम पनि गर्छ । कुनै मानिस नाच्न माहिर छ भने उसले अतिरिक्त क्रियाकलापमार्फत नृत्य प्रतियोगितामा आफ्नो मौलिकता प्रदर्शन गर्ने मौका पाउँछ ।

३. शिक्षण विधि/पाठ्यक्रममा इनोभेसन

पाठ्यक्रमको प्रभावकारिता यसको कार्यान्वयन पक्षमा भर पर्छ । पाठ्यक्रमले सङ्गठित गरेका सिकाइका उपलब्धिलाई व्यवहारमा रूपान्तरण गर्न शिक्षण विधि व्यावहारिक र प्रभावकारी हुनुपर्छ । आधुनिक विद्यालयीय औपचारिक र सङ्गठित पाठ्क्रमलाई सक्षम र प्रभावकारी रूपमा कार्यान्वयन गर्न विद्यालय र कक्षाकोठाको वातावरण एवं कक्षाकोठामा सञ्चालन हुने गतिविधि प्रमुख कारक मानिन्छन् । विद्यालय समुदाय सम्बन्ध, व्यवस्थापन, शैक्षिक सामग्री, मूल्यांकन पद्धतिजस्ता पक्षहरूले शिक्षण विधिमा ठूलो प्रभाव पारेको हुन्छ । यसरी नै शिक्षकको भूमिका सूचनाकर्ताको रूपमा, विद्यार्थीको सहयोगी (Colerner) का रूपमा, सहजकर्ता, उत्प्रेरक र विद्यार्थीलाई सिकाइप्रति जिज्ञासु बनाउने व्यक्तिको रूपमा हुनुपर्ने हुँदा शैक्षिक पद्धति सिकाइका पक्षबाट महत्वपूर्ण हुनेगर्छ ।

नेपालमा विद्यालय तहको शैक्षिक पद्धति परम्परागत कक्षाकोठाको शिक्षणमा आधारित छ भन्ने अध्ययन र अनुभवले सावित गरेका छन् । पाठ्यक्रम विकास केन्द्रले केन्द्रीयरूपमा विकास गरेको पाठ्क्रमका आधारमा तयार गरिएको पाठ्यपुस्तकलाई मूल आधार मानेर कक्षाकोठामा विषय पढाइन्छ । कक्षा-शिक्षण, बहुकक्षा, विषय-शिक्षण, सामुदायिक कार्य, परियोजना कार्यजस्ता पक्षले अहिलेसम्म पनि उल्लेख्य स्थान पाउन सकेका छैनन् । तर, यी पक्षलाई

केही हदसम्म भए पनि अवलम्बन गर्दैछन्, निजी विद्यालय । पठनपाठनको वातावरण पनि सिकाइकेन्द्रितभन्दा बढी शिक्षणकेन्द्रित भएको छ ।

प्रोजेक्ट वर्क, दैनिक गृहकार्य, अनुसन्धान गर्न लगाउने, किताबमा भनेअनुसारका कुराहरू खोज्न लगाउनेलगाउतका शिक्षण विधिमा पर्छन् । मिलन विद्यामन्दिर, अनामनगरमा कक्षा ४ मा अध्ययनरत शिशिर ढकाललाई दिनहुँ शिक्षक-शिक्षिकाले दैनिक गृहकार्य दिने गर्छन् जसले उनमा अहिले चित्र कोर्ने कला विकास भएको छ । त्यति मात्रै होइन, कक्षा ५ मा अध्ययनरत भूमिका अर्याललाई पनि सर, मिसले प्रोजेक्ट वर्क गर्न लगाइरहनुहुन्छ जसले उनलाई व्यवस्थित काम भनेको के हो भन्ने छर्लङ्ग भएको छ । शिक्षाविद् कोइराला 'विद्यार्थीलाई सिकाउँदा के सिकाउन लागेको, त्यही गर्न र देखाउन लगाउनुपर्ने बताउनुहुन्छ । जस्तै, रातो गुलाब चिनाउन शिक्षकले कक्षाकोठामा रातो गुलाब नै देखाउन सक्छन् ।'

यसैगरी पाठ्यक्रममा पनि इनोभेसन भएको विद्यानाथ कोइराला बताउनुहुन्छ । रातोबङ्गला स्कुलले अमेरिकाको बैङ्कस्ट्रिट स्कुलको पाठ्यक्रम लागू गरेको छ जुन व्यावहारिक हुनुका साथै उत्पादनशील भएको एनप्याब्सनकी अध्यक्ष गीता राणा बताउनुहुन्छ । यस्तै, निजी विद्यालयमा धेरै गृहकार्य दिनु पनि इनोभेसनको एउटा रूप मान्नुहुन्छ- शिक्षाविद् कोइराला । भन्नुहुन्छ, 'यसरी दिँदा उनीहरू सधैं व्यस्त हुन्छन् जसले नचाहिँदा कामकुरातिर ध्यान जान दिँदैन । विभिन्न विषयलाई समेटेर छुट्टै पाठ्यक्रम बनाउँदै आएको छ रातोबङ्गला स्कुलले । अरू विद्यालयले पनि सरकारी पाठ्यक्रमबाहेक अरू पाठ्यक्रम पढाउने गरेका छन् ।

यस पाठ्यक्रमअनुसार एक-एकजना विद्यार्थीलाई (Individual) शिक्षा दिइन्छ । इनोभेसनले विद्यार्थीमा विचार प्रस्फुटन गर्छ । नयाँ विचार प्रस्फुटन गर्ने काम भइरहेको छ । शिक्षाविद् विद्यानाथ कोइराला पनि निजी विद्यालयले तह-तह (Step by step) गरेर पढाउने गरेकाले विद्यार्थीले चाँडै बुझ्ने बताउनुहुन्छ । 'एउटा अक्षर चिनाउन एक महिना लगाउँछन्,' उहाँ भन्नुहुन्छ, 'नयाँनयाँ तरिका अपनाएर ।'

यसका साथै, सम्पन्न निजी विद्यालयले अहिले अडियो-भिजुअल माध्यम पनि प्रयोग गर्न थालेका छन् । यो नेपालको सन्दर्भमा पछिल्लो इनोभेसन

हो । यसरी प्रयोग गर्दा अङ्ग्रेजी, विज्ञान विषयका अडियो र भिडियो सिडी क्यासेट प्रयोगमा ल्याइन्छ ।

४. कक्षाकोठा र विद्यालयको वातावरणमा इनोभेसन

नेपालका निजी विद्यालयले पढाइमा कक्षाकोठा र बाहिरी विद्यालयको वातावरणमा प्रमुख ध्यान दिएको पाइएको छ । सरकारी विद्यालयमा एउटै कक्षाकोठामा एक सयभन्दा बढी विद्यार्थी राखेर पढाउने गरेको पाइएको छ ।[७] यसले पनि के प्रस्ट पारेको छ भने अधिकांश सरकारी विद्यालयमा विद्यार्थीका लागि अनुकूल वातावरण छैन । तर, निजी विद्यालयमा यस्तो समस्या हुनेगरेको छैन । निजी विद्यालयमा बढीमा ४० विद्यार्थी पढाउने प्रचलन रहेको त्यसभन्दा माथि भए सेक्सन छुट्याएर पढाउने चलन छ ।[८]

रातोबङ्गला स्कुलमा कक्षाअनुसार डेस्क, बेन्च बनाइएको छ भने नानीहरूलाई झोलाभरि किताब बोकाउने चलन पनि छैन । प्रशासनप्रमुख सरिता राणाका अनुसार गृहकार्य दिएका विषयका किताब झोलामा बोकेर हिँड्नुपर्दैन जसले विद्यार्थीलाई बोझ कम हुन्छ । यस्तै, निजी विद्यालयमा तीसभन्दा बढी विद्यार्थी एकै कोठामा राखेर अध्यापन गराइँदैन ।

५. विद्यालय व्यवस्थापनमा इनोभेसन

रातोबङ्गला स्कुलमा पिटिए अर्थात् प्यारेन्ट्स-टिचर एसोसिएसन खोलिएको छ जसले विद्यालय खुले-नखुलेको बारे जानकारी दिने गर्छ । यस एसोसिएसनमा अभिभावक र शिक्षक हुन्छन् । प्रत्येक कक्षाबाट दुई अभिभावक चुनिन्छन् । चुनिएका अभिभावकलाई विद्यालय व्यवस्थापनले विद्यालय खुल्ने र बन्दलगायतका अन्य जानकारी दिन्छ र चुनिएका अभिभावकले सबै विद्यार्थीलाई सो जानकारी दिने चलन बसालिएको छ ।

कुनै पनि संस्था सबल र सक्षम हुन व्यवस्थापनको सबैभन्दा ठूलो जिम्मेवारी हुन्छ । त्यसैले नेपालमा निजी विद्यालयले यसलाई विशेष ध्यान दिएर नयाँनयाँ सोच ल्याउन थालेको बताउनुहुन्छ, शिक्षाविद् डा. विद्यानाथ

---

७ हेमराज पुजार, शिक्षा विभाग बालविकास शाखा संगको कुराकानी २०६४ साल माघ २२ गते
८. प्रिन्सिपल नवराज अर्याल क्रियटिभ इङ्गिलिस स्कुल संगको, कुराकानी २०६४ माघ २

कोइराला । भन्नुहुन्छ, 'निजी विद्यालयले आफ्नो अभिभावकलाई आफ्ना विद्यालयसम्म तान्नका लागि नयाँ सोच ल्याएका छन् । यसको पछिल्लो उदाहरण विद्यालयमा छोराछोरी पढाउनेलाई विद्यालयमा व्यवस्थापनमा प्रत्यक्ष सरोकार राखून् भनेर सेयर बाँड्ने गरी आएको अवधारणालाई लिन सकिन्छ ।

यसैगरी, एउटै विद्यालयमा एकै परिवारका तीनजना विद्यार्थी अध्ययन गर्छन् भने एकजना विद्यार्थीको मासिक शुल्क (Fee) मिनाहा गरिदिने । सानो व्यवस्थापन समिति बनाउने जसले सबै विद्यार्थीमा समान आँखा पुग्नसक्छ । कोइराला भन्नुहुन्छ, 'यसरी सानो व्यवस्थापन समिति बनाउँदा सबै कुरा पुऱ्याउन सकिन्छ । जति टाढाबाट हेरियो, त्यति नै मोनिटरिङ कम हुन्छ । जति नजिकबाट हेरियो, त्यति नै मोनिटरिङको विकास हुन्छ ।' त्यसैले निजी विद्यालयमा भद्दा र ठूलो व्यवस्थापन नभएको उहाँ जानकारी दिनुहुन्छ ।

६. मन्टेश्वरी शिक्षाप्रणाली अर्को इनोभेसन

नेपालमा पनि निजी विद्यालयले नयाँनयाँ शिक्षाप्रणाली अपनाएका छन् । यसको पछिल्लो नमुना मान्न सकिन्छ- मन्टेश्वरी किन्डर गार्डेन । प्राथमिक तहसम्म पढाइ हुने यो प्रणाली नेपालको सन्दर्भमा नयाँ हो । बीसौँ शताब्दीको सुरुतिर इटलीको शिक्षा प्रणालीमा एउटा नयाँ आयाम थपियो । चलिरहेको शिक्षाप्रणालीभन्दा निकै पृथक् थियो यो पद्धति । सुरुमा भन्नेले त भने पनि, यस्तो किसिमको प्रणाली व्यावहारिक हुँदैन । तर, अहिले ती अड्कलबाजीहरू असत्यमा परिणत भए । यसरी इटलीमा चर्चामा ल्याउने शिक्षाप्रणाली थियो मन्टेश्वरी । इटलीकी प्रख्यात डाक्टर मारिया मन्टेश्वरीको नाममा रहेको यो प्रणाली विश्वभर अहिले निकै मन पराइएको छ । नेपालमा पनि यो प्रणाली बिस्तारै फस्टाउँदो छ । नेपालमा यसको सुरु कहिले भएको हो भन्ने यकिन तथ्य छैन । तर, सरोकारवालाहरू भन्छन् कि यसको सुरुवात भएको एक दशक भयो । मन्टेश्वरी शिक्षाप्रणाली साना बालबालिकालाई सिकाउने प्रणाली हो । दुई वर्षभन्दा माथि र ६ वर्षभन्दा कम उमेरका बालबालिकालई पढाइन्छ, मन्टेश्वरी शिक्षाप्रणालीमा ।

भर्खर बोली फुटेका साना नानीहरू । न उनीहरूसँग झोलामा किताब छ, न त कापीकलम नै । उनीहरूको झोलामा छ त केवल खानेकुरा र खेल्ने सामग्री । तर पनि उनीहरू विद्यालय जाँदै छन् । किताब, कापी र कलम नै नचाहिने कस्तो विद्यालय होला ? यो मन्टेश्वरी विद्यालय हो । जहाँ किताब, कापी र कलम नभईकन पनि सजिलै पढाइन्छ । बीसौं शताब्दीको सुरुमा इटलीबाट सुरु भएको यो शिक्षा पद्धतिमा बालबालिकालाई किताब, कापीबाट होइन, खेलौनाबाट पढाउने गरिन्छ । डाक्टर मारिया मन्टेश्वरीले सुरु गर्नुभएको यस शिक्षण पद्धति नेपालमा पनि फस्टाउँदो छ । नेपालका निजी विद्यालयमा यो नयाँ प्रयोगको रूपमा लिइएको छ । किताबमा उल्लेख कुराहरूभन्दा बालबालिकाको मनोभावनाअनुसार पढाइ हुन्छ मन्टेश्वरी शिक्षामा । यस शिक्षा पद्धतिअनुसार मानिसको पाँच ज्ञानेन्द्रियको प्रयोग गराएर शिक्षा दिइन्छ भन्नुहुन्छ मन्टेश्वरी शिक्षा दिँदै आउनुभएका चेल्सी इन्टरनेसनल स्कुलका प्रिन्सिपल सुधीर झा (शिक्षाको नालीबेली अङ्क २०५)

मन्टेश्वरी शिक्षाप्रणालीमा कुनै पाठ्यपुस्तकको प्रयोग हुँदैन । प्रयोग हुन्छ त बालबालिकाका खोलौना र शैक्षिक सामाग्रीहरू । यिनै खेलौनाबाट सबै कुरा सिकाउने हुँदा मन्टेश्वरी व्यावहारिक र प्रतिष्ठित भएको दाबी गर्नुहुन्छ, नेपाल मन्टेश्वरी ट्रेनिङ सेन्टरकी निर्देशक पवित्रा लिम्बू । भन्नुहुन्छ, 'अहिले नेपालमा चलिरहेको शिक्षा पद्धतिभन्दा यो निकै फरक छ । यसमा व्यावहारिक शिक्षा दिइन्छ, न कि सैद्धान्तिक । (कुराकानीमा आधारित, २०६४, माघ ८ गते) । दुई वर्षमाथि र छ वर्षमुनि उमेरका बालबालिकालाई शिक्षा दिइन्छ यस प्रणालीमा ।

मन्टेश्वरी शिक्षामा किताब हुँदैन, काम हुन्छ । बालबालिकाले पाठ्यपुस्तकका सामग्रीभन्दा आफूलाई मन लागेको विषयमा ध्यान केन्द्रित गर्दा चाँडै जान्ने र सिक्ने गर्छन् । यसैले पनि मन्टेश्वरी शिक्षाप्रणालीमा किताब नराखिएको बताउनुहुन्छ, पवित्रा लिम्बू ।

यो शिक्षणप्रणाली विश्वमा जति लोकप्रिय हुँदैछ, नेपालमा पनि त्यत्तिकै हुँदै गइरहेको छ । तर एउटा कुरा के हो भने यो शिक्षा सर्वसाधारणका लागि भने त्यति सहज छैन । यसमा प्रयोग हुने सामग्री र जनशक्ति धेरै हुनाले

शिक्षण महँगो भएको भन्नुहुन्छ पवित्रा लिम्बू । यसका लागि सरकारले शैक्षिक सामग्रीका साथै सबै कुरामा सहयोग गर्नुपर्ने उहाँ बताउनुहुन्छ ।

अन्त्यमा,

जे भए पनि इनोभसन भनेको मौलिक र नयाँ सिर्जना हो । नेपालका निजी विद्यालयले नयाँनयाँ प्रविधि, शिक्षण क्रियाकलाप, विधि, भित्र्याएका छन् । अरू देशमा प्रयोगमा आइसकेको कुरा नेपालमा प्रयोग गरिँदा पनि त्यसले यहाँको परम्परागत सिकाइभन्दा राम्रो प्रभाव पार्नसक्छ । विद्यार्थीको ज्ञान हासिल गर्ने रूचि, उसको अतिरिक्त कार्यकलापप्रतिको क्षेत्रगत झुकावलाई उजागर गर्ने र शिक्षालाई एकोहोरो घोकन्ते, रटन्ते वा शिक्षक, अभिभावकका लागि पढिदिने विषय हुनबाट बचाउन इनोभेसनले राम्रो भूमिका खेल्नसक्छ जसलाई सबै तह र सरकारी वा निजी विद्यालयमा प्रयोगमा ल्याउनु आवश्यक छ । ■

(अधिकारी शिक्षा पत्रकार समूहद्वारा उत्पादित रेडियो कार्यक्रम 'हाम्रो शिक्षा र 'शिक्षाको नालीबेली'सँग आबद्ध छन् ।)

सन्दर्भसामग्री (References)

१. खनाल, चिरञ्जीवी, *शिक्षा ऐन नियम*, पैरवी प्रकाशन, २०५९

२. शर्मा गोपीनाथ र श्रीमती हेमकुमारी शर्मा, *नेपालमा शिक्षाको इतिहास*, २०४३

३. *अतिरिक्त कार्यकलाप निर्देशिका*, पाठ्यक्रम विकास केन्द्र, २०५९

४. *अतिरिक्त कार्यकलाप दिग्दर्शन*, पाठ्यक्रम विकास केन्द्र, २०६३

५. नेपाल, जनार्दन, *नेपालको शिक्षा प्रणाली चुनौती र सम्भावना*, मकालु प्रकाशन गृह, २०६४ पुस

६. कोइराला विद्यानाथ, *शिक्षामा वैकल्पिक चिन्तन*, सामाजिक अनुसन्धान र सामग्री विकासका लागि प्राज्ञिक मञ्च, २०६४ असोज

७. *Education ad Development Research Centre for Educational Innovation And develpoment*, TU

८. रेडियो पत्रिका '*हाम्रो शिक्षा*, १७ फागुन २०६४, अङ्क ५, शिक्षा पत्रकार समूह

९. रेडियो पत्रिका '*शिक्षाको नालीबेली*, ५ माघ २०६४, अङ्क २०५, शिक्षा पत्रकार समूह

१०. *www. weekpedia.com/innovation*

शिक्षा पत्रकार समूह

actionaid nepal

एक्सन एड नेपाल